USAID
FROM THE AMERICAN PEOPLE

International Foundation for Electoral Systems (IFES) – 25 Years

Global Expertise. Local Solutions.
Sustainable Democracy.

# लैङ्गिक समानता र निर्वाचन व्यवस्थापन निकाय: असल अभ्याससम्बन्धी निर्देशिका



# लैङ्गिक समानता र निर्वाचन व्यवस्थापन निकाय:
## असल अभ्याससम्बन्धी निर्देशिका

INTERNATIONAL FOUNDATION FOR ELECTORAL SYSTEMS
IFES
· 25 YEARS ·

# लैङ्गिक समानता र निर्वाचन व्यवस्थापन निकायः

## असल अभ्याससम्बन्धी निर्देशिका


लेखक

सारा‍ह बिब्लर

वासु मोहन

केटी रायन



यो प्रकाशन USAID द्वारा उपलब्ध गराइएको आर्थिक सहयोगबाट सम्भव भएको हो । यस प्रकाशनमा व्यक्त धारणा, गरिएका अनुसन्धान, निष्कर्ष र सुझाव लेखकहरूका हुन् र तिनले IFES का धारणालाई दर्साउँदैनन् ।

लैङ्गिक समानता र निर्वाचन व्यवस्थापन निकाय : असल अभ्याससम्बन्धी निर्देशिका ।

सर्वाधिकार © : २०१४ इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स (IFES) मा सुरक्षित ।

स्वीकृति लिनुपर्ने : IFES को लिखित स्वीकृतिबिना यस पुस्तकको कुनै पनि अंश कुनै पनि किसिमले वा फोटोकपि, रेकर्ड वा कुनै पनि प्रकारको सूचना सङ्ग्रह एवं पुनर्प्राप्ति प्रणालीसमेतको उपयोग गरी विद्युतीय वा यान्त्रिक कुनै पनि माध्यमबाट प्रतिलिपि तयार गर्न पाइने छैन ।

स्वीकृति लिनका लागि निम्न जानकारी खुलाउनुपर्छ :

- कुन सामग्रीका लागि प्रतिलिपि तयार गर्न स्वीकृति चाहेको हो, त्यसको विवरण ।
- प्रतिलिपि गरेको सामग्री कुन प्रयोजनका लागि उपयोग हुनेछ र कुन किसिमबाट उपयोग हुनेछ ? र
- आफ्नो नाम, थर, कम्पनी वा संस्थाको नाम, टेलिफोन नम्बर, फ्याक्स नम्बर, इमेल ठेगाना र पत्राचार ठेगाना ।

कृपया स्वीकृति लिन निम्न ठेगानामा पत्र पठाउनुहोला :
International Foundation for Electoral Systems
1850 K Street, NW, Fifth Floor
Washington, D.C. 20006
E-mail: editor@ifes.org
Fax: 202.350.6701

*यस पुस्तकमा प्रयुक्त सबै तस्बिर IFES का सम्पत्ति हुन् ।*

# विषय सूची


| | | | |
|---|---|---|---|
| मन्तव्य | : | श्री विलियम आर. स्वीनी, जुनियर | १ |
| मन्तव्य | : | श्री नीलकण्ठ उप्रेती | ३ |
| परिच्छेद १ | : | परिचय | ५ |
| परिच्छेद २ | : | लैङ्गिकतासम्बन्धी शब्दावली | ६ |
| परिच्छेद ३ | : | राजनीतिक प्रक्रिया र निर्णायक भूमिकामा महिला सहभागिताको औचित्य | ८ |
| परिच्छेद ४ | : | महिलाको राजनीतिक सहभागितामा लैङ्गिक अवरोध | १० |
| परिच्छेद ५ | : | निर्वाचनमा महिला सहभागिता बढाउन सघाउने प्रमुख अन्तर्राष्ट्रिय कानूनी लिखित, मापदण्ड तथा बहुपक्षीय पहल | १२ |
| परिच्छेद ६ | : | निर्वाचन व्यवस्थापन निकाय र संस्थागत उपायहरू/असल अभ्यासको अनुसरण | १५ |
| परिच्छेद ७ | : | निर्वाचन-चक्र | २१ |
| परिच्छेद ७.१ | : | कानूनी संरचना | २३ |
| परिच्छेद ७.२ | : | योजना र कार्यान्वयन | ३४ |
| परिच्छेद ७.३ | : | शिक्षा तथा तालिम | ३८ |
| परिच्छेद ७.४ | : | मतदाता दर्ता | ४६ |
| परिच्छेद ७.५ | : | चुनावी प्रचार प्रसार | ५२ |
| परिच्छेद ७.६ | : | मतदान प्रक्रिया सञ्चालन तथा निर्वाचनको दिन | ५६ |
| परिच्छेद ७.७ | : | नतिजा प्रमाणिकरण | ६१ |
| परिच्छेद ७.८ | : | निर्वाचनपछिको चरण | ६३ |
| परिच्छेद ८ | : | लैङ्गिकता र अपाङ्गता | ६७ |
| लैङ्गिकता र निर्वाचनसम्बन्धी सन्दर्भ सूची | | | ७५ |



## मन्तव्य

## श्री विलियम आर. स्वीनी, जुनियर

मतदानको अधिकारलाई मानव अधिकारकै रूपमा परिभाषित गरिन्छ । कुनै पनि निर्वाचन व्यवस्थापन निकायको आधारभूत काम भनेको मतदान गर्ने उमेर पुगेका सबै (बालिग) नागरिकलाई मतदान गर्ने प्रक्रियामा सहभागी तुल्याउनु हो । अधिकांश राष्ट्रिय जनगणनाले मतदान गर्ने जनसङ्ख्यामध्ये बहुमत महिला रहेको देखाउँछन् । समाज परिपक्व हुँदै जाँदा महिलाको यो प्रतिशत पनि बढ्दै जान्छ । विश्वव्यापी तथा राष्ट्रिय शान्ति र न्यायको पूर्वशर्तका रूपमा राजनीतिक, आर्थिक र सामाजिक जीवनलगायतका सबै वृत्तमा महिलाको पूर्ण र समान सहभागितालाई लिइने भए पनि त्यस्तो लक्ष्य प्राप्ति हुन सकिरहेको छैन । यो कुरा कुनै पनि देशको निर्वाचन प्रक्रियामा सबैभन्दा बढी महत्त्वपूर्ण हुन्छ किनभने महिला र पुरुष दुवैका तर्फबाट हुने राजनीतिक सहभागिताले देशको लोकतान्त्रिक विकासलाई सुदृढ तुल्याउँछ । निर्वाचन प्रक्रियाका सबै चरणमा पुरुष र महिलालाई अग्रसरतापूर्वक सामेल गराउनु महत्त्वपूर्ण हुँदाहुँदै पनि निर्वाचनसम्बन्धी क्रियाकलापहरूको विश्लेषण, योजना र कार्यान्वयनका क्रममा प्रायः फरक खालका लैङ्गिक आवश्यकताहरूलाई बेवास्ता गरिन्छ । यसले मतदाता, उम्मेदवार र निर्वाचन प्रशासकका रूपमा महिलाको सहभागितालाई नकारात्मक प्रभाव पार्छ ।

संसारभरिका निर्वाचन व्यवस्थापन निकायहरूसँग सहकार्य गर्दै इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स (IFES) ले राजनीतिक प्रक्रियाहरूमा महिला र पुरुषको समान सहभागिता प्रवर्द्धन गर्छ । IFES का कार्यहरूमा निर्वाचनमा महिला सहभागितालाई सुधार गर्न म्यानमारको युनियन इलेक्सन कमिसनसँग सहकार्य गर्नु; हाइटीमा महिला निर्वाचनकर्मीको सङ्ख्या बढाउन लैङ्गिक तालिम तथा प्राविधिक सहयोग प्रदान गर्नु र निर्वाचन प्रशासनमा महिलाको सहभागिता विस्तार गर्न इन्डोनेसियाका छ वटै प्रान्तमा महिलाको नेतृत्वसम्बन्धी तालिम कार्यक्रम कार्यान्वयन गर्नु लगायत पर्छन् । यी तथा अन्य पहलमार्फत IFES ले महिलालाई लोकतान्त्रिक प्रक्रियामा आफ्नो आवाज बढाउन प्रोत्साहन गर्ने गर्छ । समावेशी निर्वाचन सञ्चालनका लागि निर्वाचन व्यवस्थापन निकायहरूको क्षमता सुदृढ तुल्याउने चिरस्थायी संयन्त्रहरु उपलब्ध गराउनु IFES का कामको एउटा महत्त्वपूर्ण हिस्सा हो ।

निर्वाचन व्यवस्थापन निकायहरूले आफ्ना सबै क्रियाकलापको विश्लेषण, योजना-निर्माण तथा कार्यान्वयन गर्ने क्रममा मनसायपूर्वक तथा अग्रसरतापूर्ण किसिमले लैङ्गिकतालाई एकाकार गरेर

निर्वाचनमा महिलाको सहभागितालाई धेरैभन्दा धेरै बढाउन निर्णायक भूमिका निर्वाह गर्न सक्छन् । IFES को लैङ्गिक समानता र निर्वाचन व्यवस्थापन निकाय : असल अभ्याससम्बन्धी निर्देशिका यिनै कुरालाई ध्यानमा राखेर निर्वाचन व्यवस्थापन निकायहरूलाई लैङ्गिकरूपमा सकारात्मक योजना तथा कार्यान्वयनका लागि मार्गदर्शन प्रदान गर्न तयार पारिएको सामग्री हो । लैङ्गिकता र निर्वाचनका क्षेत्रमा भएका असल अन्तर्राष्ट्रिय अभ्यासहरूका साथै संसारभरिका निर्वाचन व्यवस्थापन निकायका सकारात्मक उदाहरणहरूमा आधारित यस लैङ्गिक निर्देशिकाले लैङ्गिक अवरोधहरूलाई कसरी सम्बोधन गर्ने र निर्वाचन प्रक्रियाभरि महिला तथा पुरूषको समान सहभागितालाई कसरी प्रवर्द्धन गर्ने भन्ने सन्दर्भमा व्यावहारिक सूचना तथा सुझावहरु प्रदान गर्छ ।

महिलाको पूर्ण राजनीतिक सहभागिता सुदृढ गर्नु महिलाका लागि त महत्त्वपूर्ण हुन्छ नै यसले समाजलाई पनि आफ्नो पूर्ण क्षमता उजागर गर्ने अवसर प्रदान गर्छ । अधिकांश देशका प्राथमिक निर्वाचन प्रशासकका रूपमा निर्वाचन व्यवस्थापन निकायहरु महिला तथा पुरूषको राजनीतिक सहभागिताको समान अधिकार सुनिश्चित गर्न सार्थकतापूर्वक लाग्नुपर्छ । यही कुरालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय सहयोगलाई दीर्घकालीन तुल्याउँदै समावेशी निर्वाचनसम्बन्धी संस्थाहरूलाई सबल गर्न तयार पारिएका स्रोत सामग्रीहरूको सङ्ग्रहमा यो लैङ्गिक निर्देशिकासमेत थप गर्न पाएकोमा IFES प्रसन्नता व्यक्त गर्छ ।



विलियम आर. स्वीनी, जुनियर
IFES अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत

## मन्तव्य

## श्री नीलकण्ठ उप्रेती



महिला र पुरूष आफ्नो देशको राजनीतिक, आर्थिक र सामाजिक विकासमा पूर्णरूपमा सहभागी हुनसकेमा मात्र कुनै पनि समाजले आफ्नो लक्ष्य पूर्णरूपमा हासिल गर्न सक्छ । जनताका राजनीतिक अधिकारहरूको प्राप्तिबाट मात्रै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु सुरक्षित गर्न सकिन्छ । राजनीतिक अधिकारहरु विश्वसनीय, वैधानिक र आवधिक निर्वाचनबाट सुरक्षित गर्न सकिन्छ । त्यसका लागि निर्वाचन प्रक्रियाका सबै चरणमा महिला र पुरूष दुवैको सक्रियरूपमा सहभागी हुनसक्ने क्षमताले ठूलो महत्त्व राख्छ ।

नेपालमा मतदाता, नागरिक प्रशिक्षक, उम्मेदवार, राजनीतिक प्रतिनिधि र निर्वाचन प्रशासकका रूपमा महिला र पुरूषको समान सहभागिता प्रवर्द्धन गर्ने जिम्मेवारी र अवसर दुवै निर्वाचन आयोगसँग रहेको छ । यसले अझ बढी लोकतान्त्रिक नेपाल निर्माण गर्न र पुरूष तथा महिलाको राजनीतिक सहभागिताको मानव अधिकार प्राप्त गर्न मद्दतसमेत गर्छ ।

लैङ्गिक तथा समावेशी नीति एवं रणनीति भएका तथा लैङ्गिक र समावेशीकरणप्रति समर्पित एकाइसमेत भएका थोरै निर्वाचन व्यवस्थापन निकायमध्ये एक भएकोमा नेपालको निर्वाचन आयोग गौरवान्वित छ । लैङ्गिक समानताप्रति निर्वाचन आयोग नेपालको प्रतिबद्धताले नेपालमा पछिल्लो दशकमा महिलाका अधिकार र राजनीतिक सहभागिता प्रवर्द्धन गर्न प्रमुख अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संयन्त्रहरूलाई समेत आत्मसात गर्ने व्यापक प्रवृत्तिलाई प्रतिविम्बित गर्छ । यद्यपि, केही प्रगति हुँदाहुँदै पनि निर्वाचन प्रक्रियामा महिलाको तुलनात्मक न्यून प्रतिनिधित्वलाई सम्बोधन गर्न अझै धेरै काम गर्नुपर्ने छ । अन्य निर्वाचन व्यवस्थापन निकायहरु जस्तै नेपालको निर्वाचन आयोगले पनि आफ्नो कार्यमा लैङ्गिक समानतालाई थप प्रवर्द्धन गर्न यो गतिलाई अझ प्रभावकारीरूपमा अगाडि बढाउन सक्छ ।

लैङ्गिकता र निर्वाचनका क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरूका साथै संसारभरिका निर्वाचन व्यवस्थापन निकायका सकारात्मक अभ्यासहरूको निचोडकारूपमा लैङ्गिक समानता र निर्वाचन व्यवस्थापन निकाय : असल अभ्याससम्बन्धी निर्देशिकाले निर्वाचन प्रक्रियाभरि लैङ्गिक अवरोधलाई कसरी सम्बोधन गर्ने र महिला तथा पुरूषको सहभागितालाई प्रवर्द्धन गर्ने भन्ने सम्बन्धमा व्यावहारिक जानकारी र सुझावहरु प्रदान गर्छ । यस निर्देशिकाले नेपालको निर्वाचन आयोग जस्ता निर्वाचन व्यवस्थापन निकायहरूका लागि कानूनी संरचना, योजना र कार्यान्वयन, मतदाता शिक्षा, मतदाता दर्ता, निर्वाचन प्रचार-प्रसार, निर्वाचनको दिनको व्यवस्थापन, निर्वाचन परिणाम प्रमाणीकरण र निर्वाचनपछिका प्रक्रियाहरूसमेत निर्वाचन चक्रका सबै चरणमा लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्ने अवसरहरु पहिचान गर्छ ।

नेपालमा राजनीति र निर्वाचनका क्षेत्रमा परिवर्तन भइरहेको छ । द्वन्द्व व्यवस्थापन र शान्ति निर्माण प्रक्रिया तार्किक निष्कर्षमा पुग्न अझै पनि बाँकी नै छ । मस्यौदा प्रक्रियामा रहेको नयाँ संविधानले लैङ्गिक समानता र समावेशितासम्बन्धी सवालहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । नेपालको विकासमा नेपाली महिलाको निकै महत्त्वपूर्ण भूमिका रहेको छ । यो व्यावहारिक निर्देशिकाले महिलालाई निर्वाचन प्रक्रियाभरि नै सक्रियतापूर्वक सहभागी हुने अधिकारलाई समानरूपमा अभ्यास गर्न सक्षम बनाउनका लागि निर्वाचन आयोगले गरिरहेका प्रयासहरूमा सहयोगी भई तिनलाई अझ बढी सुदृढ तुल्याउने छ ।

नीलकण्ठ उप्रेती

तत्कालीन प्रमुख निर्वाचन आयुक्त
निर्वाचन आयोग, नेपाल

## परिच्छेद १ : परिचय

कुनै पनि देशको राजनीतिक र निर्णायक प्रक्रियामा मतदाता, उम्मेदवार, निर्वाचित पदाधिकारी र निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका रूपमा महिला र पुरूषको पूर्ण सहभागिता हुनु अति नै आवश्यक छ । यस कुरालाई व्यवहारमा उतार्ने श्रेय अन्तर्राष्ट्रिय दस्ताबेजहरूलाई जान्छ, जसका प्रयासले आवश्यक कानूनी आधारशीला खडा भए; सरकार, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज र व्यावसायिक समूहरुद्वारा महिला सशक्तीकरणलाई दिइएको बढ्दो प्राथमिकता र सशक्त हुँदै आएको महिला आन्दोलनका सन्दर्भमा थुप्रै सकारात्मक विकास भएका छन् र आफ्नो देश कसरी सञ्चालन हुनुपर्छ भन्ने विषयमा महिलाको आवाज पहिलेभन्दा निकै प्रखर भएको छ । यद्यपि, विश्वभरिका सांसदमध्ये महिलाले २१.७ प्रतिशतको मात्र प्रतिनिधित्व गर्छन् र थुप्रै देशमा महिला सीमान्तकृत हुनुका साथै राजनीतिक तथा निर्वाचन प्रक्रियामा उनीहरूको प्रतिनिधित्व न्यून रहेको छ । यस्तो स्थितिमा वास्तविक लैङ्गिक समानता हासिल गर्न निकै महत्त्वपूर्ण कदमहरु चाल्नुपर्ने देखिन्छ ।

निर्वाचनमा महिला कुन स्तरसम्म सहभागी हुन सक्छन् भन्ने कुरालाई निर्वाचन व्यवस्थापन निकायका नीति तथा कार्यक्रमहरूले व्यापकरूपमा प्रभाव पार्न सक्छन् । त्यसैले निर्वाचन व्यवस्थापन निकायहरूले आफ्ना सबै कार्यहरूको विश्लेषण, योजना तर्जुमा र कार्यान्वयनका साथै निर्वाचन प्रक्रियाहरूमा संलग्न अन्य सरोकारवालाहरूसँगको अन्तरक्रियामा समेत लैङ्गिकताको विषयलाई मनसायपूर्वक तथा अग्रसरतापूर्वक ध्यानमा राख्नु जरूरी छ । लैङ्गिकरूपमा संवेदनशील नीति तथा अभ्यासहरूसहित निर्वाचन व्यवस्थापन निकायहरूका उदाहरण सकारात्मक भए पनि आफ्नै सङ्गठनभित्र र निर्वाचन प्रक्रिया एवं गतिविधिहरूमा लैङ्गिकतालाई समग्ररूपमा तथा सार्थक किसिमबाट मूलधारमा समेट्न ती निकायले अझ धेरै काम गर्न सक्छन् ।

यस पुस्तिकाले नेपालको निर्वाचन आयोग र निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने अन्य निर्वाचन व्यवस्थापन निकायहरूलाई निर्वाचनसम्बन्धी प्रशासनमा लैङ्गिकताप्रति एकीकृत अवधारणा विकास गर्ने सामग्री उपलब्ध गराउने उद्देश्य राखेको छ । यस्तो अवधारणा अवलम्बन गरेर निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचनमा महिला सहभागिता बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न छन् । यसको फलस्वरूप अझ बढी प्रतिनिधिमूलक र लोकतान्त्रिक समाज निर्माण हुनेछ । निर्वाचन चक्रमा आधारित हुँदै र विश्वव्यापी असल अभ्यासहरूको निचोडलाई आत्मसात गर्दै यस पुस्तिकाले निर्वाचन व्यवस्थापन गर्ने निकायसमक्ष महिलाका आवश्यकतालाई ध्यानमा राख्दै नीति तथा कार्यक्रमहरु तर्जुमा एवं कार्यान्वयन भएको सुनिश्चित गर्न निर्वाचन चक्रका विभिन्न चरणमा गर्न सकिने प्रमुख कार्यक्रमहरु पहिचान गरेको छ ।

## परिच्छेद २ : लैङ्गिकतासम्बन्धी शब्दावली

| शब्द | परिभाषा |
|---|---|
| निर्वाचन चक्र | निर्वाचनलाई कुनै एकल घटनाभन्दा पनि निरन्तर चलिरहने प्रक्रियाका रूपमा हेर्ने निर्वाचनसम्बन्धी सबै कुरा समेटिएको एउटा विश्लेषणात्मक विधि । |
| निर्वाचन व्यवस्थापन निकाय | निर्वाचन सञ्चालनका लागि आवश्यक एक वा एकभन्दा बढी पक्षको व्यवस्थापन गर्ने उद्देश्य र कानूनी जिम्मेवारीसहित स्थापित संस्था वा निकाय । विद्यमान संस्थागत संरचना जे-जस्ता भए पनि निर्वाचन व्यवस्थापनका लागि जिम्मेवार निकाय वा निकायहरूलाई जनाउन "निर्वाचन व्यवस्थापन निकाय" भन्ने शब्द प्रयोग गरिएको छ । |
| निर्वाचनसम्बन्धी सरोकारवाला | निर्वाचन व्यवस्थापन निकाय, त्यसका रणनीतिक कार्यक्रम र तदनुरूपका कार्यहरूमा कुनै पनि प्रकारको स्वार्थ भएका वा निर्वाचन व्यवस्थापन निकायबाट निश्चित स्तरको कार्यसम्पादन वा परिपालनाको अपेक्षा भएका कुनै व्यक्ति वा समूह । निर्वाचनसम्बन्धी सरोकारवालामा निर्वाचन व्यवस्थापन निकायका कर्मचारी, राजनीतिक दल तथा उम्मेदवार, सरकार का कार्यकारी निकाय, विधायिका, निर्वाचनसम्बन्धी बिबाद समाधान गर्ने निकाय, नागरिक समाजका सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक तथा स्थानीय समुदाय र अल्पसङ्ख्यक समूहहरूसमेत पर्छन् । |
| लैङ्गिकता | संस्कृतिमा आधारित र सामाजिकरूपमा निर्मित एउटा वर्ग, जसले पुरूष र महिलाका अपेक्षित भूमिका तथा व्यवहारका साथै ती दुईबीचको सम्बन्धलाई पनि दर्साउँछ । |
| लैङ्गिक समानता | व्यक्तिको लिङ्गका आधारमा स्रोत साधन र लाभहरूको वितरणका साथै सबै कानूनी तथा मानव अधिकारहरूको पहुँचमा विभेद नहुने अवस्था । |

| शब्द | परिभाषा |
|---|---|
| लैङ्गिक मुलप्रवाहीकरण/ समायोजन | पुरूष र महिला दुवै लाभान्वित भएका छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि सबै योजनाबद्ध क्रियाकलाप तर्जुमा, कार्यान्वयन र मुल्याङ्कनमा महिला र पुरूषका चासोहरूलाई समायोजन गर्ने प्रक्रिया । प्रभावकारी लैङ्गिक मुलप्रवाहीकरणले पुरूष र महिलाबीचका विभेदकारी अवरोधहरूलाई राजनीतिक, आर्थिक, सामाजिक र सामुदायिक विकासमा पूर्ण सहभागितामार्फत सम्बोधन गर्ने प्रयत्न गर्छ । |
| लैङ्गिकरूपमा सकारात्मक | पुरूष र महिलाको समान सहभागिताका अवरोधहरूलाई सक्रियरूपमा सम्बोधन तथा परास्त गरेर लैङ्गिक समानता प्रवर्द्धन गर्ने लक्षित कार्यक्रम तथा क्रियाकलापहरूलाई जनाउँछ । |
| लैङ्गिक दृष्टिकोण | लैङ्गिकतासँग गाँसिएका अपेक्षाहरूले कसरी सत्तासँगको सम्बन्धका साथै आर्थिक, सामाजिक र राजनीतिक वृत्तमा सहभागिता एवं पुरूष र महिलाका विभिन्न अवसरलाई प्रभाव पार्छन् भन्ने धारणालाई दर्शाउँछ । |
| लैङ्गिकरूपमा संवेदनशील | योजना तर्जुमा र कार्यान्वयनको एउटा पद्धति, जसले महिला र पुरूषका प्राथमिकता, रूचि र चुनौतीहरूबीचको लैङ्गिक भिन्नता र तिनले लैङ्गिक समानतामा पार्ने असरलाई पहिचान गर्छ । |
| लैङ्गिक-विशेष | कुनै कार्य, योजना वा रणनीतिले लैङ्गिक सवालहरूलाई कसरी सम्बोधन गर्नेछन् भन्ने स्पष्ट पहिचान । |
| लिङ्ग | मानिसलाई महिला र पुरूषका रूपमा परिभाषित गर्ने जैविक विशेषताहरू । |
| महिला सशक्तीकरण | महिलाको आत्मसम्मानको अनुभूति; उनीहरूको छनौट गर्ने र विकल्पहरू पत्ता लगाउने अधिकार; अवसर र स्रोतहरूमा पहुँच; घरभित्र र बाहिर दुवै ठाउँमा आफ्नो जीवनलाई स्वयं नियन्त्रण गर्ने शक्ति र सामाजिक परिवर्तनको दिशालाई प्रभाव पार्ने उनीहरूको क्षमता । |

## परिच्छेद ३ : राजनीतिक प्रक्रिया र निर्णायक भूमिकामा महिला सहभागिताको औचित्य

कुनै पनि देशको राजनीतिक र निर्णय गर्ने प्रक्रियामा महिला र पुरूष दुवै पूर्ण तथा सक्रियरूपमा सहभागी हुनु अत्यन्त आवश्यक छ । राजनीतिक, आर्थिक र सामाजिक जीवनका सबै पक्षमा पुरूष र महिलाको समान अधिकार र अविभेद मानव अधिकारका आधारभुत सिद्धान्त हुन् । यी अधिकारलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानूनको अङ्गका रूपमा संरक्षण गरिएको छ र यो सन् १९४८ को मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रबाट निःसृत भएको हो । त्यस विश्वव्यापी घोषणापत्रले धारा १ मा "सबै व्यक्ति जन्मैदेखि स्वतन्त्र हुनुका साथै प्रतिष्ठा र अधिकारमा समान हुन्छन्" भन्ने उद्घोष गरेको छ ।

मानव अधिकारका सिद्धान्त परिपालना गर्नका लागि मात्र महिलालाई राजनीतिकरूपमा पूर्ण सहभागिताको अवसर दिनुपर्छ भन्ने होइन; यसका धेरै महत्त्वपूर्ण व्यावहारिक कारण पनि रहेका छन् । पहिलो कुरा महिलाले कम्तीमा पनि देशको जनसङ्ख्याको आधा हिस्सा ओगट्छन् । यदि उनीहरु राजनीतिक र निर्णायक प्रक्रियाहरूमा पूर्ण तथा समान सहभागिताबाट सीमान्तकृत गरिन्छन् भने त्यस्तो देशलाई पूर्ण लोकतान्त्रिक मान्न सकिँदैन । लोकतन्त्र, अन्तर संसदीय सङ्गठनसम्बन्धी विश्वव्यापी घोषणापत्रको सिद्धान्त ४ का अनुसार "लोकतन्त्रको उपलब्धिले समाजका आचरण र व्यवहारहरूमा पुरूष र महिलाका बीचमा वास्तविक साझेदारीको पूर्वानुमान गर्छ, जहाँ उनीहरु आफ्ना भिन्नताहरूबाट परस्पर समृद्धि हासिल गर्दै समानता र पारस्परिकताका आधारमा कार्य गर्छन् ।"

दोस्रो कुरा, कुनै पनि समाजलाई जीवन्त राख्न त्यस देशको निर्णायक र शासन प्रक्रियामा महिलाको सहभागिता हुनु अत्यन्त आवश्यक छ । आफ्नो दृष्टिकोणको क्षेत्र फराकिलो पार्दै उनीहरूले प्रायः आफ्ना परिवारका आवश्यकतालाई पनि ध्यानमा राख्ने गर्छन् । पुरूषका तुलनामा महिलाका बेग्लै अनुभव, बेग्लै आवश्यकता र बेग्लै किसिमका दृष्टिकोण हुन्छन् । महिला सहभागिता र ती भिन्नताको उपयोगले अझ बढी प्रतिनिधिमूलक समाज सुनिश्चित गर्छ, त्यस्तो समाज जहाँ नीति र कार्यक्रम निर्माण गर्दा महिला र बालिकाका आवश्यकतालाई पनि ध्यान दिइन्छ । यसका साथै विशेष गरी अपाङ्गता भएका र सीमान्तकृत समूहका समेत महिलाको समावेशीकरण भएका समाज प्रायः कम हिंसात्मक र बढी सहनशील हुन्छन् । यसले महिला, पुरूष, बालिका र बालकहरूमा पनि सकारात्मक प्रभाव पार्छ ।

अन्त्यमा, महिलाको सहभागिता आर्थिक हिसाबले पनि उचित छ । विश्व आर्थिक मञ्च, विश्व सामाजिक मञ्च, एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक र सामाजिक आयोग एवं एउटा प्रमुख विश्वव्यापी व्यवस्थापन परामर्श संस्थाका रूपमा रहेको म्याक्किन्से एन्ड कम्पनीलगायतका सबै प्रमुख संस्थाले लैङ्गिक समानताले अझ बढी समुन्नत समाजहरु निर्माण हुन्छन् र व्यवसायहरु झन् राम्ररी

> *ædlxnfsf]k0f{;xeflutf / ;dfj]zLs/0f lagf nf]stflGqs zf;g k0f{k¿df xfl;n ug{;lsGb}g eGg]s'f :jo+;4 5 .Æ*
>
> *हेलेन क्लार्क, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमकी प्रशासक तथा न्युजिल्यान्डकी पूर्व–प्रधानमन्त्री ।*

सञ्चालन हुन्छन् भन्ने निष्कर्ष निकालेका छन् ।[1] निर्वाचन व्यवस्थापन निकायहरूले व्यवसाय नगरे पनि तिनले प्राय लाखौँ डलर बजेटका काम गर्छन् । तिनमा आफ्नो देशका नागरिकप्रति त्यस्तो र कमको सकेसम्म दक्षतापूर्वक र प्रभावकारी ढङ्गले व्यवस्थापन एवं खर्च गर्ने दायित्व रहेको हुन्छ । सङ्गठनका सबै तहमा महिलालाई सहभागी बनाइएमा त्यस्ता दायित्व हासिल गर्न मद्दत पुग्नेछ ।

> *æcfh xfdf];+f/df /x]sf ;a}rg'f}tL / cj;/sf dfem Pp6f tYo csf6\o 5– pRr n}lus ;dfgtf ePsf b]z / sDkgLx¿n] pRr:t/sf] j[4 / sfo{;Dkfbg xfl;n u5g\=, ;fy}To:tf] j[4 a9L ;dfj]zL xG5 / To;af6 xfdL ;a}nfeflGjt xG5f}+.Æ*
>
> मिसेल बेश्लेट, चिलीका राष्ट्रपति तथा युएन वुमनका पूर्व कार्यकारी निर्देशक

सङ्क्षेपमा, राजनीतिक तथा निर्वाचन प्रक्रियाहरूमा महिलाको पूर्ण सहभागिता एउटा आधारभूत मानव अधिकार भएकाले मात्र निर्वाचन व्यवस्थापन निकायहरूले त्यसलाई हासिल गर्ने प्रयास गर्नुपर्छ भन्ने होइन; महिलालाई सहभागी गराउनुको व्यावहारिक औचित्य पनि छ । त्यसो गर्न नसकिएमा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्ने र अझ बढी समावेशी, लोकतान्त्रिक एवं समृद्ध समाज निर्माण गर्ने ठूलो अवसर हामीबाट गुम्नेछ ।

1 लुइस, के. (सन् २०११) । द जेन्डर डिभिडेन्ड : अ बिजनेस केस फर जेन्डर इक्वालिटी । न्युयोर्क : संयुक्त राष्ट्रसङ्घ . http://www.unwomen.org/~/media/Headquarters/Media/Publications/en/UNWomenTheGenderDividend.pdf.

## परिच्छेद ४ : महिलाको राजनीतिक सहभागितामा लैङ्गिक अवरोध

निर्वाचनमा महिलाको सहभागितालाई प्रायः राजनीतिक, कानूनी, सामाजिक, आर्थिक तथा सांस्कृतिकलगायत विभिन्न किसिमका अवरोधले सीमित तुल्याउने गर्छन् र निर्वाचन व्यवस्थापन निकायले आ–आफ्ना देशका आन्तरिक सन्दर्भमा ती कुरा पहिचान गरेर सम्बोधन गर्नुपर्छ । लैङ्गिक–मैत्री निर्वाचन प्रक्रिया र विधि निर्माणलाई सुदृढ गर्न सक्ने यस्तो सावधानीपूर्ण विश्लेषण महिला समूहहरु र सम्बद्ध सरोकारवालाहरूसँगको परामर्शबाट राम्ररी गर्न सकिन्छ ।




महिलाको राजनीतिक सहभागिताको एउटा अवरोध भनेको पुरूषका तुलनामा उनीहरूसँग मतदाता नामदर्ताका लागि आवश्यक पर्ने नागरिकता, जन्म वा विवाह दर्ता प्रमाणपत्रसँगै अन्य कानूनी कागजपत्रहरु नहुने सम्भावना पनि हो । राष्ट्रिय कानून र अन्य कानूनी संयन्त्रहरूमा लैङ्गिक–मैत्री प्रावधानहरु नहुनाले पनि यस्तो अवरोध सिर्जना भइरहेको हुन्छ । कानून र आचारसंहिताहरूले

स्पष्टरूपमा महिलाको राजनीतिक सहभागिताको अधिकारलाई पहिचान गर्नुका साथै निर्वाचन प्रक्रियाभरि लैङ्गिक विभेदलाई निषेध गर्नुपर्छ ।

दोस्रो अवरोध भनेको समय र आर्थिक स्रोतहरूसमेत महिलासँग तुलनात्मकरूपमा कम हुनु हो । छोराछोरी र घरायसी कामको ठूलो जिम्मेवारी बहन गर्न तत्पर भइरहनुपर्ने जस्ता निर्धारित लैङ्गिक भूमिकाले गर्दा प्रायः महिलासँग राजनीतिक क्रियाकलापहरूमा सहभागी हुन थोरैमात्र समय बाँकी रहेको हुन्छ । मतदानका लागि नामदर्ता गर्ने र मतदान गर्ने कार्यका लागि प्रायः धेरै समयसम्म पर्खनुपर्ने वा निकै लामो दुरीसम्म यात्रा गर्नुपर्ने हुन्छ । यी कुरा महिलाको निर्धारित सामाजिक भूमिकासँग मेल खाँदैनन् । विशेष गरी मतदाता नामदर्ता गर्ने केन्द्रीय इलाकाहरूभन्दा टाढा बस्ने, अपाङ्गता भएका, गर्भवती, वृद्धा र अल्पसङ्ख्यक समूहका महिलाका लागि यस्ता व्यवधानले समस्या खडा गर्छन् ।[2] यसबाहेक, महिलाको गरिबीको उच्च दर र स्रोतहरूमाथि नियन्त्रणको अभावले पनि उनीहरूलाई उम्मेदवार, मतदाता, दलका प्रचारक, मतदान कर्मचारी वा निर्वाचन पर्यवेक्षकका रूपमा कार्य गर्ने क्षमतालाई सीमित तुल्याउँछन् । आर्थिक स्रोतहरूमाथिको सीमित नियन्त्रणले पनि महिलाले कुनै पदका लागि प्रतिस्पर्धा गर्ने क्षमतालाई प्रभाव पार्छ किनभने पुरूषका तुलनामा उनीहरूसँग निर्वाचन अभियानमा खर्च गर्ने स्रोत प्रायः थोरै हुन्छ ।

महिला र पुरूषका लैङ्गिक भूमिका सांस्कृतिक तथा धार्मिक परम्पराहरूबाट थप प्रभावित हुन्छन्, जसले कतिपय अवस्थामा महिलाको स्वतन्त्रतालाई कुण्ठित गर्छन् वा महिलालाई मतदान गर्ने अधिकारको अभ्यास गर्नबाट वञ्चित तुल्याउँछन् । केही सांस्कृतिक परम्पराहरूले गर्दा शिक्षा र साक्षरताको स्तर न्यून हुनुका साथै ज्ञान प्राप्त गर्नबाट रोक्ने अन्य कुराले पनि नागरिक र राजनीतिक चेतना झन् कम हुन्छ । तिनले लैङ्गिकतामा आधारित अपेक्षाहरूलाई पनि मलजल गर्छन्, जसले महिलालाई नेतृत्वको दर्जाभन्दा बाहिरको भूमिकामा सीमित गर्नुका साथै महिलाको आत्मविश्वास, राजनीतिक संलग्नता र दृढतालाई निस्तेज गर्छन् । अन्त्यमा, आफैँमा प्रतिस्पर्धात्मक हुने र प्रायः 'हात लाग्यो शुन्य' को खेलका रूपमा लिइने राजनीतिक प्रक्रियाहरूको प्रकृतिले गर्दा महिलालाई चुनावमा उम्मेदवार हुन वा सार्वजनिक जीवनमा सहभागी हुनका लागि आवश्यक जनसमर्थन सीमित हुन सक्छ ।

यस्ता अवरोधलाई लैङ्गिक हिंसासँग सम्बन्धित सुरक्षाको चासोले थप जटिल तुल्याउँछ । मतदान केन्द्रहरूमा महिला सुरक्षाकर्मीको अभाव, हिँड्ने बाटाहरूमा हुन सक्ने असुरक्षा, कमजोर पूर्वाधार जस्ता कुराले महिला उम्मेदवारलाई मतदातासम्म पुग्ने, निर्वाचन अभियानहरूमा भाग लिने तथा आफैँ मतदान गर्ने क्षमतालाई कम गराई दिन्छन् । महिलाको राजनीतिक सहभागितामा रहेका यी विविध तथा अन्तर-सम्बन्धित लैङ्गिक अवरोधहरूलाई सम्बोधन गर्न निर्वाचन चक्रभरि नै एउटा लक्षित अवधारणा ल्याउनु आवश्यक हुन्छ ।

2 IFES / NDI (सन् २०१४०। "समान पहुँच : अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन र राजनीतिक प्रक्रियाहरूमा कसरी समावेश गर्ने । ("Equal Access : How to Include Persons with Disabilities in Elections and Political Processes.") http://www.ifes.org/~/media/Files/Publications/Books/2014/Equal%20Access_H ow%20to%20include%20persons%20with%20disabilities%20in%20elections% 20and%20political%20processes.pdf.

## परिच्छेद ५ : निर्वाचनमा महिला सहभागिता बढाउन सघाउने प्रमुख अन्तर्राष्ट्रिय कानूनी लिखत, मापदण्ड तथा बहुपक्षीय पहल

मुलुकको राजनीतिक तथा निर्वाचन प्रक्रियामा पुरूषसरह समान आधारमा पूर्णरूपमा सहभागी हुन पाउनु महिलाको आधारभूत मानव अधिकार हो । यो अधिकारलाई अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानूनी लिखतहरूले प्रत्याभूत गरेका छन् । यी दस्तावेज हुन्- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (युडीएचआर); नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आइसीसीपीआर); महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सीडा); महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (यूएनएससी १३२५); र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) । यी अन्तर्राष्ट्रिय दस्ताबेजका साथै मानव अधिकार तथा मौलिक स्वतन्त्रता संरक्षणका लागि युरोपेली महासन्धि र मानव अधिकार तथा जन अधिकारसम्बन्धी अफ्रिकी बडापत्र जस्ता विभिन्न क्षेत्रीय पूरक दस्ताबेज पनि छन् । त्यसैगरी क्षेत्रीय सङ्गठनका सदस्य मुलुकलाई लागू हुने अन्य विशेष सन्धि पनि छन्, जस्तै- युरोप सुरक्षा तथा सहयोग सङ्गठन, दक्षिण अफ्रिकी विकास समुदाय, दक्षिण अफ्रिकी राज्यहरूको आर्थिक समुदाय वा अमेरिकी राज्य सङ्गठन । यी क्षेत्रीय सन्धिमा पनि लैङ्गिक समानता र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महत्त्वपूर्ण प्रावधान समेटिएका छन् ।

**लैङ्गिक समानता तथा महिला सहभागितासम्बन्धी नेपालद्वारा अनुमोदित प्रमुख अन्तर्राष्ट्रिय दस्तावेज/सम्झौता**

- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र
- महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सन् १९९१ मा अनुमोदित)
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (सन् १९९१ मा अनुमोदित)
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सन् २०१० मा अनुमोदित)

लैङ्गिक समानता तथा सार्वजनिक जीवनमा सहभागी हुन पाउने महिलाका अधिकारका लागि अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मानव अधिकार दस्तावेजहरूले विभिन्न प्रतिबद्धता र मान्यताको व्यवस्था गरेका छन् । कुनै मुलुक अन्तर्राष्ट्रियरूपमा बाध्यात्मक कानूनी लिखतको हस्ताक्षरकर्ता हो भने त्यस मुलुकले ती लिखतका प्रावधान कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको हुन्छ । तसर्थ, ती प्रावधान आफ्नो मुलुकका कानून तथा नीतिमा प्रतिविम्बित हुनुपर्छ ।

लैङ्गिकतासम्बन्धी अन्य महत्त्वपूर्ण विश्वव्यापी प्रारूप पनि छन् । यस्ता प्रारूपमा सन् १९९५ मा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय चौथो विश्व महिला सम्मेलनद्वारा पारित बेइजिङ कार्ययोजना र सन् १९९० को दशकमा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय महत्त्वपूर्ण विश्व सम्मेलनहरूबाट पारित सहस्राब्दी विकास लक्ष्य पर्छन् । महिला तथा बालिकाका लागि बढी समानता तथा अवसर दिलाउन र सार्वजनिक तथा निजी जीवनका सबै क्षेत्रमा उनीहरूको सक्रिय सहभागितामा आउने सबै अवरोध हटाउन बेइजिङ कार्ययोजनाले मुख्य प्राथमिकताहरु पहिचान गरेको छ र प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन पनि दिएको छ । सहस्राब्दी विकास लक्ष्यमा सन् २०१५ सम्ममा हासिल गरिनुपर्ने आठ वटा अन्तरसम्बन्धित अन्तर्राष्ट्रिय विकास लक्ष्य छन्, जसको अनुगमन निरन्तर भइरहेको छ ।

'लैङ्गिक समानता प्रवर्द्धन गर्ने र महिलालाई सशक्त बनाउने' सहस्राब्दी विकास लक्ष्यको तेस्रो लक्ष्यले लैङ्गिक समानतालाई विश्वव्यापी प्राथमिकताका रूपमा राखेको छ । यो लक्ष्य हासिल गर्न प्रगतिका विभिन्न सूचकमध्ये एउटा हो– 'राष्ट्रिय संसद्मा महिलाले ओगटेका स्थानको अनुपात' । यी थप प्रारूप कानूनीरूपमा बाध्यात्मक नभए पनि यी दस्तावेजले राज्यहरूले अवलम्बन गर्न सक्ने उच्चतम मापदण्ड तथा असल अभ्यासहरूलाई झनै प्रष्ट पार्छन् ।



*यो चित्र लोकतान्त्रिक गणतन्त्र कङ्गोमा प्रयोग गरिएको मतदान शिक्षणसम्बन्धी शृङ्खलाको अंश हो ।*

हरेक राष्ट्रलाई राजनीतिक र निर्वाचन प्रक्रियामा महिलाको पूर्ण सहभागिता हासिल गर्न सहयोग गर्ने कानून, नीति र अभ्यासहरु अवलम्बन गर्न यी दस्तावेज तथा प्रारूपले दह्रो आधार प्रदान गरेका छन् । परिणामस्वरूप राजनीतिक तथा निर्वाचन प्रक्रियामा महिलाको पूर्ण सहभागिता हासिल गर्न मुलुकहरूले कानून, नीति तथा अभ्यास तर्जुमा गर्न सक्छन् । तसर्थ, निर्वाचन व्यवस्थापन निकायले कुनै पनि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानूनी दस्तावेजहरूको अभिप्राय र लैङ्गिक संवेदनशील नीति तथा कार्यक्रम तर्जुमा गर्ने अन्य पहलहरूको सान्दर्भिकता र महत्त्वबारे जानकारी राख्नु र बुझ्नु अति आवश्यक छ । यसले निर्वाचन कानून तथा प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप छन् भन्ने कुरा सुनिश्चित गर्न सहयोग गर्नेछ ।

## अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूका मुख्य प्रावधान

### मानव अधिकारको विश्वव्यापी घोषणापत्र (सन् १९४८)

**धारा २१**

- प्रत्येक व्यक्तिलाई प्रत्यक्षरूपमा वा स्वतन्त्ररूपले छानिएका प्रतिनिधिमार्फत् आफ्नो मुलुकको सरकारमा भाग लिन पाउने अधिकार छ ।
- प्रत्येक व्यक्तिलाई आफ्नो मुलुकको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ ।
- जनताको इच्छा नै सरकारको अधिकारको आधार हुनेछ । यो इच्छा आवधिकरूपमा स्वच्छ निर्वाचनका माध्यमबाट अभिव्यक्त गरिने छ र यस्तो निर्वाचन सर्वव्यापी र समान मताधिकारद्वारा गोप्य मतदान वा स्वतन्त्र मतदान प्रक्रियाबाट सम्पन्न हुनेछ ।

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (सन् १९६६)

**धारा २५**

प्रत्येक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै पनि भेदभावबिना तथा अनुचित प्रतिबन्धबिना देहायका अधिकार तथा अवसर प्राप्त हुनेछन् :

(क) प्रत्यक्षरूपमा वा स्वतन्त्ररूपमा छानिएका प्रतिनिधिमार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने,
(ख) सर्वव्यापी तथा समान मताधिकारद्वारा गोप्य मतदानबाट मतदाताहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने,
(ग) आफ्नो देशमा समानताका सामान्य शर्तमा सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सन् १९७९)

**धारा ७**

पक्ष राष्ट्रहरूले मुलुकको राजनीतिक तथा सामाजिक जीवनमा महिलाविरूद्धका भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् र विशेष गरी पुरूषसरह महिलाका लागि देहायका अधिकार सुनिश्चित गर्नेछन् :

- सबै निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहमा मतदान गर्ने अधिकार र सार्वजनिकरूपमा निर्वाचित हुने निकायहरूमा निर्वाचनका लागि योग्य हुने अधिकार,
- सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागी हुने तथा सार्वजनिक पद धारण गर्ने र सरकार का सबै तहमा हुने सार्वजनिक कार्यहरु सम्पादन गर्ने अधिकार,
- मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी सङ्घ-संस्थाहरूमा भाग लिने अधिकार ।

### महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (सन् २०००)

**धारा १**

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूलाई द्वन्द्व समाधान, व्यवस्थापन र रोकथामका लागि राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था तथा संयन्त्रहरूका सबै निर्णायक तहहरूमा महिलाहरूको बढी प्रतिनिधित्व सुनिश्चित गर्न आह्वान गर्दछ ।

## परिच्छेद ६ : निर्वाचन व्यवस्थापन निकाय र संस्थागत उपाय/असल अभ्यासहरूको अनुसरण

संस्थागत रूपरेखाको प्रकृति जस्तोसुकै व्यापक भए पनि निर्वाचन व्यवस्थापनका लागि जिम्मेवार विद्यमान निकाय वा निकायहरूलाई जनाउन 'निर्वाचन व्यवस्थापन निकाय' भन्ने शब्दावली प्रयोग गरिएको छ । निर्वाचन सञ्चालन गर्न एक वा एकभन्दा बढी अत्यावश्यक तत्त्वको व्यवस्थापन गर्ने उद्देश्यले वैधानिक जिम्मेवारीसहित स्थापित संस्था वा निकायका रूपमा निर्वाचन व्यवस्थापन निकायका नाम (जस्तै : निर्वाचन आयोग, निर्वाचन विभाग, निर्वाचन परिषद्, निर्वाचन एकाइ वा निर्वाचन बोर्ड), संस्थागत संरचना र आकार विभिन्न प्रकारका रहेका छन् ।

यसप्रकार, निर्वाचन सञ्चालनसँग सम्बन्धित प्रमुख क्रियाकलाप र प्रक्रियाहरूको व्यवस्थापन निर्वाचन व्यवस्थापन निकायहरूले कसरी गर्छन् भन्ने सन्दर्भमा मात्र होइन, तिनको आफ्नै आन्तरिक व्यवस्थापनका नीति र अभ्यासका सन्दर्भमा पनि ती निकायले लैङ्गिक समानता अभिवृद्धि गर्नमा सशक्त योगदान गर्न सक्छन् । लोकतान्त्रिक प्रक्रियाको अग्रपङ्क्तिमा रहेको निर्वाचन व्यवस्थापन निकाय आफैँभित्र लैङ्गिक समानताप्रतिको बुझाइ र त्यसप्रतिको प्रतिबद्धता निर्माण गरेर उदाहरणीय नेतृत्व गर्ने विशिष्ट स्थितिमा रहेको हुन्छ ।

### निर्वाचन व्यवस्थापन निकायभित्र लैङ्गिक समानता अभिवृद्धिसम्बन्धी असल अभ्यास

#### क) लैङ्गिक विश्लेषण/लैङ्गिक लेखापरीक्षण

निर्वाचन व्यवस्थापन निकायमा प्रभावकारी लैङ्गिक नीति तथा अभ्यासहरूलाई लागु गर्न सबैभन्दा पहिले एउटा आधार-रेखा तयार गर्नु र लैङ्गिक समानताको वर्तमान अवस्थालाई बुझ्नु आवश्यक छ । यसरी गरिने विश्लेषणले अपाङ्गता भएका महिला, जातीय समुदायका वयस्क महिला तथा युवतीहरूको स्थितिको लेखाजोखालाई पनि समेट्नुपर्छ । यसले आन्तरिक तथा बाह्यरूपमा के कुरा राम्ररी भइरहेको छ र सुधार गरिनु पर्ने क्षेत्रहरु के के छन् भनेर पहिचान गर्न मद्दत गर्नेछ । यो कार्य समर्पित व्यक्ति/समूहद्वारा गरिनुपर्छ र थप जाँचका लागि मुख्य क्षेत्रहरूको पहिचानसहित यस्तो प्रक्रियाको योजना स्पष्टरूपमा तयार गरिनुपर्छ । यस्तो विश्लेषणात्मक कार्यप्रणालीले निर्वाचनको कानूनी संरचनाभित्र लैङ्गिक विषयसँग सम्बन्धित सान्दर्भिक कानून पहिचान गर्ने र निर्वाचनसम्बन्धी सबै गतिविधिका प्रणाली तथा प्रक्रियाहरु कुन स्तरसम्म लैङ्गिक-मैत्री छन् भनेर पत्ता लगाउनका लागि तिनको पुनरावलोकन गर्ने विषयलाई समेट्नुपर्छ । यसले प्रमुख आन्तरिक तथा बाह्य सरोकारवालाहरूसँग बैठक गर्ने, लक्षित समूहमा छलफल गर्ने वा मतदाता, उम्मेदवार, पर्यवेक्षक, मतदान कर्मचारी र निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका रूपमा महिलाले सामना गर्ने बाधा-व्यवधानसम्बन्धी औपचारिक सर्वेक्षणलाई समेट्नुपर्छ ।

### ख) लैङ्गिक रणनीति र कार्ययोजना

लैङ्गिक विश्लेषणका आधारमा निर्वाचन व्यवस्थापन निकायले एउटा संस्थागत लैङ्गिक रणनीति र आन्तरिक व्यवस्थापन तथा संस्थागत विकासका साथै बाह्य गतिविधि र निर्वाचनसम्बन्धी निश्चित कार्यक्रमहरूका लागि प्रमुख उद्देश्य र लक्ष्यहरूसहितको कार्ययोजना निर्माण गर्न सक्छ । यसका साथै, निर्वाचन व्यवस्थापन निकायले समान अवसरको नीति लागु गर्नु पनि जरूरी छ, जसले समान अवसर प्रवर्द्धन गर्ने र लिङ्ग, उमेर, अपाङ्गता, जाति/जनजाति, धर्म, गर्भवती अवस्था/मातृत्व आदिका आधारमा हुने विभेदलाई रोक्ने अवधारणालाई निर्दिष्ट गर्छ ।

### ग) लैङ्गिक एकाइ/मुख्य केन्द्र

निर्वाचन व्यवस्थापन निकायको कार्यप्रणालीका सबै आन्तरिक तथा बाह्य पक्षमा महिला सहभागितालाई अभिवृद्धि गर्न एउटा लैङ्गिक एकाइ वा मुख्य केन्द्र स्थापना गर्नु अत्यन्त सहयोगी हुन्छ । यसले लैङ्गिक पहलहरूको नेतृत्व तथा अनुगमनका साथै तिनले महिला तथा पुरूषलाई कसरी प्रभाव पार्छन् भन्ने कुराको समीक्षा गर्न निर्वाचन व्यवस्थापन निकायभित्र अलग्गै स्रोतसाधनको व्यवस्था भएको सुनिश्चितता गर्नेछ ।

### घ) कर्मचारीमा लैङ्गिक सन्तुलन

राष्ट्रिय कानूनमा उल्लेख भए वा नभए पनि निर्वाचन व्यवस्थापन निकायले आफ्ना कर्मचारीमा लैङ्गिक समानता कायम गर्ने पहल गर्नुपर्छ । महिलाले केवल अधिकांश तल्लो तहका पदमा मात्र होइन, निर्वाचन व्यवस्थापन निकायका सबैजसो पदमा काम गर्ने अवसर पाउनुपर्छ । अल्पसङ्ख्यक, जनजाति र अपाङ्गता भएका जस्ता सीमान्तकृत समूहका महिलाको समावेशीकरणमा विशेष ध्यान दिनुपर्छ । निर्णायक तथा व्यवस्थापनका उच्च पदहरूमा भएका महिलाले निर्वाचनसम्बन्धी



नियम र प्रक्रियाहरु निर्माण गर्दा महिलावादी दृष्टिकोणलाई ध्यान दिइएको छ भन्ने कुरा सुनिश्चित गर्न सक्छन् । यो कुरा हासिल गर्न सहयोग पुऱ्याउन निर्वाचन व्यवस्थापन निकायले आफ्ना महिला कर्मचारीको वर्तमान अवस्था र दरबन्दीको स्तर विश्लेषण गर्नुका साथै लैङ्गिक सन्तुलनको अभाव भएको वा महिला कर्मचारी तीव्ररूपमा फेरिइरहन्छन् भने महिला कर्मचारीको यस्तो अभाव र उनीहरूप्रतिको विभेदपूर्ण व्यवहारका कारणहरु पत्ता लगाउनु आवश्यक हुन्छ ।

निर्वाचन व्यवस्थापन निकायलाई लैङ्गिक समानता हासिल गर्न मद्दत गर्न सक्ने धेरै उपाय रहेका छन्, जस्तै :

**महिलालाई पनि सँग सँगै लिएर जाने**

निर्वाचन व्यवस्थापन निकायहरूले विशेष आरक्षणका सम्बन्धमा राजनीतिक दलहरूको प्रतिबद्धता लागू गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् र ती निकाय स्वयंले पनि आफ्नै सङ्गठनमा आरक्षण लागु गर्न सक्छन् । यसले निर्वाचन व्यवस्थापनमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्छ । सातमध्ये दुई आयुक्त महिला हुनुपर्ने अर्मेनियामा सन् २०१४ मा ४२ प्रतिशतसम्म उच्चस्तरीय निर्वाचन प्रशासक महिला थिए । त्यसैगरी निर्वाचन व्यवस्थापन निकायमा ३० प्रतिशत महिला आरक्षण रहेको अल्बानियामा सन् २०१४ मा प्रशासनको उच्च तहमा महिलाले २९ प्रतिशत हिस्साको प्रतिनिधित्व गरेका थिए । लैङ्गिक आरक्षणको कार्यान्वयन र प्रतिबद्धताले निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचनसम्बन्धी अन्य सरोकारवालाहरूका लागि सर्वोत्तम लैङ्गिक अभ्यासको नमूना प्रस्तुत गर्न सक्छन् ।

स्रोत : आईएफईएस (सन् २०१४, अप्रिल) । निर्वाचन प्रशासनमा महिलाहरु : मध्य-पूर्वी युरोप, बाल्कन क्षेत्र, रसिया र पूर्वी साझेदार देशहरूका निर्वाचन व्यवस्थापन निकायमा महिलाको सदस्यता र पदको विश्लेषण ।

- **लक्ष्य र आरक्षण** : निर्वाचन व्यवस्थापन निकायका विभिन्न तहमा, विशेष गरी निर्णायक तहमा सैद्धान्तिकरूपमा ५० प्रतिशत महिला सहभागिता हासिल गर्ने लक्ष्यसहित कम्तीमा ३० प्रतिशत महिला रहने लक्ष्य निर्धारण गर्न सकिन्छ ।

- **पदपूर्ति नीति** : निर्वाचन प्रशासक नियुक्त गर्न आवश्यक शैक्षिक योग्यताको मापदण्ड ज्यादै उच्च हुनुहुँदैन किनभने यसले गर्दा पुरूषभन्दा महिला कम शिक्षित हुने सम्भावना भएका मुलुकमा महिला आवेदकहरूलाई बेफाइदा हुन सक्छ । महिला कर्मचारीको प्रतिनिधित्व कम भएका र आफ्नै कर्मचारी नियुक्त गर्ने स्वायत्तता भएका निर्वाचन व्यवस्थापन निकायहरूका सन्दर्भमा ती निकायले सकारात्मक विभेदको नीतिलाई अवलम्बन गर्न सक्छन्, जसले गर्दा पुरूष र महिला आवेदक समानस्तरका मानिएको अवस्थामा महिला आवेदकलाई ग्राह्यता दिइने छ ।

- **महिला आवेदकको समूह तयार गर्ने** : निर्वाचन व्यवस्थापन निकायले महिला उम्मेदवारको सूची विस्तार गर्न सकारात्मक कदम चाल्न सक्छन् । उदाहरणका लागि महिला समूह र विश्वविद्यालयका महिला विद्यार्थीबीच पहुँच बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सक्छन् ।

- **रोजगारीसम्बन्धी विज्ञापन** : यस्ता विज्ञापन महिलाले देख्न सक्ने ठाउँहरूमा राखिनुपर्छ र त्यसमा लेखिएका कुराले महिलालाई आवेदन गर्न प्रोत्साहन गर्नुपर्छ । साथै तिनमा समान अवसरसम्बन्धी व्यवस्था पनि उल्लेख गरिनुपर्छ ।

- **तालिम** : निर्वाचन प्रशासक बन्न योग्य महिलाको समूह निर्माण गर्न आवेदन प्रक्रिया खुला हुनु अगाडि नै लक्षित महिलाको ज्ञान र आत्मविश्वास बढाउन विशेष तालिम कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।

- **महिलामैत्री पद** : निर्वाचन व्यवस्थापन निकायले पारिवारिक जिम्मेबारीमा व्यस्त रहनु पर्ने, अपाङ्गता भएका, सीमान्तकृत जनजाति समूहका महिला र युवतीका लागि सुहाउँदा पदहरु आफ्नो सम्पूर्ण सङ्गठनभित्र पहिचान गर्न र त्यस्ता पदमा सोही अनुसार प्राथमिकता निर्धारण गर्न सक्छ ।

- **पुरुषसँग सहकार्य** : निर्वाचन व्यवस्थापन निकायमा महिलाले आवेदन दिने र काम गर्ने कुराप्रति समर्थन बढाउन सबैजसो समाजमा परम्परागत र धार्मिक नेताहरु जस्ता पुरूषवर्गलाई अग्रसर तुल्याउने प्रयास गर्नुपर्छ ।



### ङ) निर्वाचन व्यवस्थापन निकायका कर्मचारीलाई लैङ्गिक सचेतना अभिवृद्धि तालिम

विशेष गरी निर्वाचन प्रशासनका सन्दर्भमा लैङ्गिक समानता र लैङ्गिक मूलप्रवाहीकरणको महत्त्वप्रतिको बुझाइ अभिवृद्धि गर्न निर्वाचन व्यवस्थापन निकायका आयुक्त र कर्मचारीका लागि तालिम सञ्चालन गरिनुपर्छ । लैङगिक ब्रिज[3] एउटा उत्कृष्ट तालिम कार्यक्रम हो, जसलाई निर्वाचन व्यवस्थापन निकायका आवश्यकता अनुसार परिमार्जन गर्न सकिन्छ । यसबाहेक, निर्वाचन व्यवस्थापन निकायहरूले सम्पूर्ण सङ्गठनभरिका कर्मचारी समान अवसर एवं लैङ्गिकरूपमा संवेदनशील नीतिहरूका बारेमा सचेत छन् र तिनको परिपालनाको महत्त्व बुझ्छन् भन्ने कुरा पनि सुनिश्चित गर्नुपर्छ ।

### च) निर्वाचन व्यवस्थापन निकायका महिला कर्मचारीका लागि विकास तथा नेतृत्व कार्यक्रम

सार्वजनिक मञ्चमा बोल्ने र दृढतापूर्वक आफ्ना कुरा राख्नेलगायतका महिलाका आवश्यकता पुरा गर्ने किसिमका कर्मचारी विकास तथा नेतृत्व कार्यक्रमहरूबाट लाभान्वित हुन सक्छन् ।

### छ) तुलनात्मक विवरणसहितका वर्गीकृत तथ्याङ्क

निर्वाचन व्यवस्थापन निकायका सबै विभागका लागि कर्मचारी तथ्याङ्क भण्डारका साथै आन्तरिक तथा बाह्य गतिविधिहरू समेटिएको उमेर र अपाङ्गतासम्बन्धी वर्गीकृत तथ्याङ्कको तुलनात्मक विवरण तयार पार्ने प्रणाली स्थापना गरी त्यसको रेखदेख तथा त्यस सम्बन्धमा प्रतिवेदन तयार गरिनुपर्छ । यस्तो तथ्याङ्क महिला सहभागिताको स्तर अनुगमन गर्न र सुधारात्मक कार्य कहाँ गर्नु आवश्यक छ भनेर पहिचान गर्नका लागि अति नै महत्त्वपूर्ण हुन्छ ।

### ज) निर्वाचन व्यवस्थापन निकायका तालिमहरूमा लैङ्गिक सन्तुलन

निर्वाचन व्यवस्थापन निकायले आफ्ना तालिमहरूमा सहभागी तथा प्रशिक्षकहरूबीच लैङ्गिक सन्तुलन सुनिश्चित गरेर असल अभ्यासको नमूना स्थापित गर्न सक्छन् । यस्ता तालिममा अपाङ्गता भएका महिला समेटिएका छन् र तालिमको विषयवस्तु पनि लैङ्गिकरूपमा संवेदनशील छ भन्ने कुरासमेत सुनिश्चित गर्नुपर्छ ।

### झ) निर्वाचन व्यवस्थापन निकायको महिला तथा अपाङ्गतामैत्री भवन

महिला र पुरूषका लागि छुट्टा छुट्टै शौचालय; अपाङ्गता भएका महिलाका लागि मैत्रीपूर्ण सुविधाहरू; निर्वाचन व्यवस्थापन निकायको भवनवरिपरि प्रशस्त उज्यालो भएको क्षेत्र र पार्किङ सुविधा; भवनभित्र लैङ्गिकताप्रति संवेदशील र समावेशी चित्र तथा पोस्टरहरूलगायतका व्यावहारिक चासोलाई पनि ध्यानमा राखिनुपर्छ ।

### ञ) निर्वाचन व्यवस्थापन निकायहरूको सञ्जाल

निर्वाचन व्यवस्थापन निकायहरूले आपसमा विचार र असल अभ्यासहरु आदान प्रदान गर्न सक्छन् । यस्ता आदान प्रदानका कार्यक्रम आयुक्तको स्तरमा गर्न सकिन्छ र सान्दर्भिक निर्वाचन व्यवस्थापन निकायहरूभित्र लैङ्गिकतासम्बन्धी सम्पर्क व्यक्तिमार्फत् पनि गर्न सकिन्छ । लैङ्गिकतासम्बन्धी विषयहरूमा स्थानीयस्तरमा प्रान्तीय कार्यालयहरूबीच सञ्जाल निर्माण गर्ने कार्यलाई सहजीकरण गर्नु पनि अत्यन्त महत्त्वपूर्ण छ ।

---

3 ब्रिज (अर्थात् लोकतन्त्र, शासन र निर्वाचनमा स्रोतहरूको निर्माण) निर्वाचन प्रक्रियाहरूमा विशेष जोड दिने एउटा नमूना व्यावसायिक विकास कार्यक्रम हो ।

## नेपालमा महिला सहभागिताको नक्साङ्कन


विगतमा नेपालका निर्वाचन प्रक्रियामा महिला सहभागिता अत्यन्त न्यून थियो । लामो द्वन्द्वपछि २०६४ सालमा सम्पन्न संविधानसभाको निर्वाचनमा मतदाता, उम्मेदवार, निर्वाचित प्रतिनिधि र निर्वाचन कर्मचारीका रूपमा महिलाको सहभागिता प्रवर्द्धन गर्न केही लैङ्गिक-संवेदनशील उपाय अवलम्बन गरिए । तिनमा निर्वाचनसम्बन्धी कानूनहरूमा लैङ्गिक समावेशितासम्बन्धी प्रावधानहरू राखिनु पनि हो, जसले गर्दा संविधानसभाको निर्वाचनमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सम्भव भयो । यसका साथै, मतदाता नामावली सङ्कलक, मतदाता शिक्षा स्वयंसेवक र मतदान केन्द्रका कर्मचारीमध्ये कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने लगायतका प्रावधान समेटिए । यद्यपि, नेपालको निर्वाचन आयोगले लैङ्गिक समानतालाई संस्थागत गर्नु ठूलो चुनौतीको रूपमा रहेको कुरा पहिचान गऱ्यो । यसको फलस्वरूप २०६६ सालमा निर्वाचन आयोगले बृहत् तथा विस्तृत लैङ्गिक नक्साङ्कनको अभ्यास गऱ्यो । त्यस पहलबाट निर्वाचन आयोग तथा निर्वाचन चक्रका विभिन्न चरणमा रहेका लैङ्गिक कमीहरूको पहिचान भयो र त्यसबाट पत्ता लागेका कुराका आधारमा ठोस सुझावहरू पेस गरिए । तिनमा निर्वाचन आयोगको रणनीति र नीतिहरूमा लैङ्गिकतालाई प्राथमिकता दिइएको छ भन्ने सुनिश्चित गर्ने, निर्वाचन आयोगको संयन्त्रभित्र लैङ्गिक मुलप्रवाहीकरण संयन्त्र स्थापित गर्ने; निर्वाचन आयोग र संविधानसभामा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने; लैङ्गिक तालिम र क्षमता विस्तारलाई व्यवस्थित गर्ने; लैङ्गिक अनुगमन तथा तथ्याङ्क व्यवस्थापन प्रणालीहरू स्थापना गर्ने र सबै निर्वाचन प्रक्रिया र गतिविधिमा लैङ्गिक दृष्टिकोण निर्माण गर्ने लगायतका विषय समेटिए । नेपालको निर्वाचन आयोगले ती सुझावलाई आत्मसात् गरेको छ र त्यो प्रतिवेदन प्रकाशन भएदेखि लैङ्गिकतालाई आफ्नो व्यवस्थापन र निर्णय गर्ने प्रक्रियाका साथै चालु क्रियाकलापहरूमा एकीकृत गर्नेतर्फ महत्त्वपूर्ण कदमहरू चालेको छ । यससम्बन्धी गतिविधिका झलक :

- सन् २०१३ को अगस्तमा लैङ्गिक तथा समावेशीकरण नीति पारित,
- सन् २०१४ को मार्चमा लैङ्गिक तथा समावेशी एकाइ स्थापना, निर्वाचन आयोग नेपालमा स्थापित यो एकाइको भूमिका र जिम्मेवारीबारेमा राजनीतिक दलका जिल्लास्तरका नेता र महिला नेताहरूबीच निर्वाचन र लैङ्गिकतासम्बन्धी शृङ्खलाबद्ध कार्यक्रम आयोजना,
- २४९ जनालाई लैङ्गिक ब्रिज (BRIDGE) तालिम,
- निर्वाचन आयोग, नागरिक समाज र निर्वाचनसम्बन्धी अन्य सरोकारवालाहरूबीच अन्तरक्रियालाई प्रोत्साहन गर्न सन् २०१४ को मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सन्दर्भमा लैङ्गिक तथा निर्वाचनसम्बन्धी प्रस्तुतिहरूबाट सुरू गरेर नियमित "वार्तालाप कार्यक्रमहरू" सञ्चालन,
- निर्वाचन आयोगको पाँच वर्षे रणनीतिक योजनामा लैङ्गिक मापकहरू, उद्देश्यहरु र लक्ष्यहरूको समायोजन,
- २०७० साल मङ्सिरमा भएको संविधानसभाको निर्वाचन प्रक्रियामा लैङ्गिक- संवेदनशील मापकहरूको अवलम्बन, जसको फलस्वरूप ३० प्रतिशत महिला निर्वाचित (५७५ मध्ये १७२ महिला) ।

## परिच्छेद ७ : निर्वाचन चक्र

निर्वाचन चक्र अन्तर्राष्ट्रिय मान्यता प्राप्त त्यस्तो माध्यम हो, जसले मतदान प्रक्रियाका महत्त्वपूर्ण पक्षहरूलाई सचित्ररूपमा देखाउँछ । यो चक्रले निर्वाचनको योजना र कार्यान्वयनलाई एक एक गर्दै अन्त्य हुने घटनाहरूको शृङ्खलाभन्दा पनि निरन्तर चलिरहने एउटा चक्रीय प्रक्रिया मान्दछ । यसलाई मतदानपूर्व, मतदानको अवधि र मतदानपछिको अवधि भनी छुट्टा छुट्टै चरणहरूमा बाँडिएको छ ।

तल दिइएको रेखाचित्रमा देखिएझैं निर्वाचन चक्रले निश्चित चरणहरूसँग सम्बन्धित चुनावी गतिविधिहरु पहिचान गर्छ ।





निर्वाचन चक्र

स्रोत: International IDEA

एउटा चरणबाट अर्को चरणमा क्रमिक प्रगति भए पनि विभिन्न गतिविधि आपसमा अन्तर सम्बन्धित छन् र कतिपय अवस्थामा विभिन्न चरणका गतिविधि आपसमा खप्टिने छन्, जस्तै- मतदाता दर्ता, मतदाता शिक्षा र चुनावी बिबादको छिनोफानो जस्ता कुरा यो चक्रभरि नै भइरहने छन् ।

निर्वाचन चक्र एउटा महत्त्वपूर्ण व्यवस्थापकीय औजार हो । हरेक नयाँ निर्वाचन चक्रको सुरूवातले अघिल्लो चक्रको अनुभवबाट जानकारी हासिल गर्छ र भावी निर्वाचनका नीति तथा कार्यक्रमलाई निरन्तर सुधार एवं बढोत्तरी गर्न सकिन्छ भन्ने अवधारणा उजागर गर्छ ।

तलका उपखण्डहरूमा उल्लिखित कुराहरूले निर्वाचन व्यवस्थापन निकायहरूलाई निर्वाचन चक्रका हरेक चरणलाई मनन गर्दै निर्वाचनका गतिविधिहरूमा लैङ्गिक विषय प्रभावकारीरूपमा मूलधारमा समेटिनुका साथै महिलाको सहभागितासमेत अत्यधिक बढेको छ भन्ने सुनिश्चित गर्न कस्ता खालका विशेष कदमहरु चाल्न सकिन्छ भन्ने विषयमा मार्गदर्शन गर्छन् । निर्वाचन व्यवस्थापन निकायलाई कामको दबाब कम रहने समयमा अर्थात् एउटा निर्वाचन सकिएपछि अर्को निर्वाचन नहुँदासम्मको समयमा यसको अभ्यास गर्नु उपयोगी हुन्छ ।




लैङ्गिक क्रियाकलाप तथा निर्वाचन चक्र

## परिच्छेद ७.१ : कानूनी प्रारूप

"निर्वाचनका लागि कानूनी प्रारूप" शब्दले निर्वाचनसँग सम्बन्धित सबै सान्दर्भिक कानून र नियामक दस्तावेजहरूलाई जनाउँछ । विशेषरूपले भन्नुपर्दा "निर्वाचनका लागि कानूनी प्रारूपले लागु हुने संवैधानिक प्रावधानहरु, विधायिकाले पारित गरेका निर्वाचनसम्बन्धी कानूनहरु र निर्वाचनलाई प्रभाव पार्ने अरु सबै कानूनहरूलाई समेट्छ ।[4]" त्यस्ता कानूनी प्रारूपले निर्वाचन चक्रका सबै चरणलाई नियन्त्रण गर्नुका साथै महिलालाई कुन हदसम्म भेदभावरहित व्यवहार गरिन्छ र उनीहरु निर्वाचन प्रक्रियामा कुन हदसम्म सहभागी हुन सक्छन् भन्ने कुराको दूरगामी सङ्केत गर्न सक्छन् । उदाहरणका लागि, मतदान गर्ने योग्यतासम्बन्धी नियमहरूले कुनै निश्चित निर्वाचनमा महिलाले मतदानका लागि नाम दर्ता गर्न सक्ने मात्रा पत्ता लगाउन सक्छन्; उम्मेदवारहरूको मनोनयन गर्ने राजनीतिक दलहरूको तरिका र निर्वाचनको प्रचार–प्रसारका लागि आर्थिक समायोजनको अवस्थाले निर्वाचनमा भाग लिने महिलाको सङ्ख्यालाई प्रभाव पार्न सक्छ; कानूनमा निर्वाचन प्रणालीको व्यवस्था गरिएको तरिका र आरक्षणको उपयोगले निर्वाचित हुने महिलाको सङ्ख्यालाई प्रभाव पार्न सक्छ; निर्वाचनको जुनसुकै चरणमा पनि निर्वाचनसम्बन्धी बिबाद समाधान गर्ने पद्धतिले पुरूषको तुलनामा महिलाप्रति कति निष्पक्ष र समानरूपमा व्यवहार गरिएको छ भन्ने कुरा निर्धारण गर्न सक्छ ।


निर्वाचनसम्बन्धी कानूनको पैरवी गर्ने, मस्यौदा तयार पार्ने, पुनरावलोकन गर्ने वा कार्यान्वयन गर्ने कार्यमा संलग्न हुँदा निर्वाचन प्रक्रियाका सबै चरणमा महिला र पुरूषका आवश्यकताहरूमाथि अन्य नियामक दस्ताबेजहरूका साथै निर्वाचनसम्बन्धी कानूनी संरचनामा पनि ध्यान पुऱ्याइएको सुनिश्चित गर्नु निर्वाचन व्यवस्थापन निकायका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

### क. निर्वाचनको कानूनी प्रारूप तथा यसले पार्ने लैङ्गिक प्रभावको बोध

कानूनी प्रारूपका तह

कानूनी प्रारूपमा आधिकारिकताका विभिन्न तह रहेका हुन्छन् । सामान्यतः हरेक तहमा महिलाको पूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ र निर्वाचन व्यवस्थापन निकायहरूले यस्तो संरक्षण निर्वाचनको योजना तर्जुमा र कार्यान्वयनका क्रममा पहिचान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । हरेक तहमा अगाडि बढ्दै जाँदा लैङ्गिक समानता र निर्वाचनसँग सम्बन्धित कानूनी प्रावधानहरूको विस्तृत विवरण र विशिष्टता बढ्दै जानुपर्छ ।

4 IDEA : निर्वाचनका अन्तर्राष्ट्रिय मापदण्डहरु, निर्वाचनका कानूनी प्रारूपको पुनरावलोकनका मार्गदर्शनहरु (International Electoral Standards, Guidelines for reviewing the legal framework of elections). http://www. idea.int/publications/ies/upload/electoral_guidelines.pdf.




सबैभन्दा बृहद्रूपमा निर्वाचन व्यवस्थापन निकायको कार्य **अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानूनी लिखतहरू** बाट निर्देशित हुन्छ, जसले कुनै पनि देशले प्रतिबद्धता जनाएका निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको रूपरेखा तयार पार्छ र निर्वाचनका लागि कानूनी प्रारूपको आधारशिला खडा गर्छ । परिच्छेद ५ मा चित्रण गरिए झैं निर्वाचन र महिला सहभागितासँग सान्दर्भिक केही महत्त्वपूर्ण लिखत यस प्रकार छन्- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (युडीएचआर) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर), जसले मतदान गर्ने र निर्वाचित हुने सबैको समान अधिकारको संरक्षण गर्छन् । त्यस्तै, महिलामाथि हुने सबै प्रकार का विभेद उन्मुलन गर्ने सम्बन्धी महासन्धि (सीडा) र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी), जसले महिला तथा अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने विभेदलाई निषेध गर्छन् ।

यी अन्तर्राष्ट्रिय लिखतले लैङ्गिकरूपमा सकारात्मक संस्कृतिलाई प्रोत्साहन गर्न सक्छन्, जसले गर्दा निर्वाचनमा महिलाको सहभागिता प्रवर्द्धन हुन्छ । निर्वाचन व्यवस्थापन निकायहरूले यी अन्तर्राष्ट्रिय सिद्धान्तलाई आफ्ना नियामक संरचनामा अझ सुदृढ गर्नु र ती लिखतमा व्यवस्था भएका अधिकार एवं संरक्षणका बारेमा नागरिकलाई शिक्षा दिनु पनि आवश्यक छ ।

अर्को कुरा, देशको सर्वोच्च कानूनका रूपमा **संविधान** ले कुनै पनि मुलुकको कानूनी प्रारूप निर्माणका लागि महत्त्वपूर्ण आधार उपलब्ध गराउँछ । सान्दर्भिक संवैधानिक प्रावधानहरूमा मतदान गर्ने र निर्वाचित हुने समान अधिकारहरूको पहिचान, निर्वाचन कति प्रकारका हुनेछन् भन्ने कुरा स्थापित गर्नु र निर्वाचन सम्पन्न गर्नका लागि जिम्मेवार संस्थाका रूपमा निर्वाचन व्यवस्थापन निकायलाई आधिकारिकता प्रदान गर्नु लगायतका विषय समावेश हुन सक्छन् । जब कुनै संविधानले स्पष्टतः मानव अधिकारहरु र पुरूष एवं महिलाका बीचमा समानताको प्रत्याभूति (ग्यारेन्टी) गर्छ, यसले निर्वाचनसम्बन्धी सरोकारवालाहरूलाई निर्वाचनको अवधिभरि लैङ्गिक समानता प्रवर्द्धन गर्नमा जिम्मे वार बनाई राख्न निर्वाचन व्यस्थापन निकायलाई एउटा स्रोत उपलब्ध गराउँछ ।

संविधानको मातहतमा निर्माण हुने **निर्वाचनसम्बन्धी कानूनहरू** निर्वाचन सम्पन्न गर्नका लागि मार्गदर्शक कानूनी प्रारूप हुन् । निर्वाचन कानून तथा निर्वाचनको प्रक्रियासँग सम्बन्धित अन्य कानूनहरु (जस्तै : राजनीतिक दल, नागरिकता, आम सञ्चार माध्यम, प्रचार-प्रसारको खर्च व्यवस्था आदि) ले प्रत्यक्षरूपमा निर्वाचन सम्पन्न गर्न तथा निर्वाचन व्यवस्थापन निकायको कार्यलाई अझ विस्तृत कानूनी आधार उपलब्ध गराउँछन् । अविभेदलाई प्रवर्द्धन गर्ने र संवैधानिकरूपमा तथा अन्तर्राष्ट्रिय सन्धिहरूद्वारा संरक्षित अधिकारहरूप्रति प्रतिबद्ध निर्वाचनसम्बन्धी कानूनहरु निर्वाचन प्रक्रियामा लैङ्गिक समानता प्रवर्द्धन गर्ने प्रभावकारी संयन्त्र हुन् ।

निर्वाचनसम्बन्धी अधिकांश कानूनमा निर्वाचनसम्बन्धी विषयहरूलाई नियमित गर्न, कानूनमा भएका अभावहरु पूर्ति गर्न र निर्वाचन सम्पन्न गर्ने स्पष्ट प्रक्रियाहरु स्थापना गर्न निर्वाचन व्यवस्थापन निकायले **कानूनीरूपमा बाध्यकारी नियमावली र निर्देशिकाहरू** बनाउन र जारी गर्न सक्ने प्रावधान राखिएको हुन्छ । सम्भव भएसम्म निर्वाचन व्यवस्थापन निकायहरूले अविभेद र लैङ्गिक समानतालाई प्रोत्साहन गर्ने नियमावलीहरु निर्माण गर्दा मानव अधिकारसम्बन्धी कानूनहरूको उपयोग गर्नुपर्छ ।



*यो चित्र नेपालमा मतदाता शिक्षण शृङ्खलाको अंश हो । यसले महिला र अपाङ्गता भएका व्यक्तिहरूको चित्र प्रयोग गरेर मतदान प्रक्रियाको वर्णन गरेको थियो ।*

निर्वाचन व्यवस्थापन निकायले राजनीतिक दल, निर्वाचन अधिकृत, पर्यवेक्षक, सुरक्षा निकायहरु र आमसञ्चारका लागि निर्वाचनसम्बन्धी कानून र नियमहरूको परिपुरकका रूपमा **आचारसंहिता** निर्माण गर्न वा निर्माणमा सहयोग गर्न सक्छ । सरोकारवालाहरूको आचरण नियन्त्रण गर्न र महिला तथा अन्य सीमान्तकृत समूहहरूमाथि हुने विभेद रोक्न आचारसंहिताहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । त्यसैले निर्वाचन व्यवस्थापन निकायहरूका लागि आचारसंहिताहरु महत्त्वपूर्ण संयन्त्र हुन् । महिला तथा अन्य सीमान्तकृत समूहहरूका अधिकार व्यावहारिकरूपमै संरक्षित भएका छन् भन्ने सुनिश्चित गर्न पनि आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि संयन्त्रहरु स्थापना गर्नु आवश्यक छ ।

## नेपालको कानूनी प्रारूपमा विद्यमान लैङ्गिक प्रावधानका उदाहरण

### नेपालमा निर्वाचनसम्बन्धी आचारसंहिता र निर्देशिका

निर्वाचनसम्बन्धी आचारसंहिता र निर्देशिका :

- लैङ्गिक विभेदमा निषेध;
- लैङ्गिक हिंसा बढाउने कार्यमा निषेध;
- महिला सहभागितालाई प्रोत्साहन गर्ने सूचनाको प्रवर्द्धन र वितरण;
- मतदाताको वर्गीकृत तथ्याङ्क सङ्कलन र आदान-प्रदान;
- बुढी औँलामा मसी लगाउन महिला स्वयंसेवकको प्रावधान;
- वृद्धा र गर्भवती तथा अपाङ्गता भएकासमेत महिला मतदाताका लागि छुट्टै लाममा बस्ने व्यवस्था कार्यान्वयन; र मतदान केन्द्रहरु, मतदाता शिक्षा र मतदाता दर्ता समूहहरूमा ५० प्रतिशत महिला कर्मचारी पुऱ्याउने लक्ष्य ।

निर्वाचन पर्यवेक्षकहरूका लागि पर्यवेक्षण निर्देशन :

- निर्वाचन पर्यवेक्षकको दर्जा पुरूष र महिला दुवैका लागि बराबररूपमा खुला हुनुपर्छ;
- महिला सहभागितासम्बन्धी विषय सबै पर्यवेक्षकहरूका लागि गरिने तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूमा समेटिएको सुनिश्चित गर्ने; र
- समाजका सबै क्षेत्र र वर्गका महिलाको व्यापक सहभागिता सुनिश्चित गर्न पर्यवेक्षकका लागि आवश्यक पर्ने शैक्षिक योग्यतालाई घटाउने ।

### राष्ट्रिय कानून र सवैधानिक प्रावधान

नेपालको अन्तरिम संविधानले लैङ्गिकताका सम्बन्धमा मान्यता दिएका व्यवस्था यस्ता छन् :

- प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीतर्फका सम्पूर्ण जनप्रतिनिधिमध्ये महिलाका प्रतिनिधित्व कम्तीमा पनि एक-तिहाइ हुनुपर्छ;
- राजनीतिक दलहरूले महिला, दलित, शोषित समुदाय, मधेशी र अन्य अल्पसङ्ख्यक समूहहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ र महिलालाई आफ्ना कार्यसमितिहरूमा समेट्ने प्रवाधानहरु बनाउनुपर्छ; र
- "राष्ट्रिय विकासमा महिलाको अधिकतम सहभागिता" प्रवर्द्धन गर्नुलाई राज्यले आफ्नो जिम्मेवारी मान्दछ ।

### अन्तर्राष्ट्रिय प्रतिबद्धता

नेपालले हस्ताक्षर गरेका केही अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी प्रतिबद्धता :

- महिलामाथि हुने सबै प्रकारका विभेद निर्मूल गर्ने सम्बन्धी महासन्धि (सीडा);
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर); र
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी);

> *æcfd lgjf{rgsf nflu a9bf]; ªVofdf ljleGg bn\ ]xfn ljleGg Vffnsf n}lus cf/If0fx¿ sf]Joj:yf ug{yfn]sf 5g\ jf: tjdf xfn ljZjsf cfwf hlt bn\ ]cf^gf ;+ljwfg sf}g sf}lsl;dsf] lgjf{rg cf/If0fsf]kof{u ub{5g\ .Æ*
>
> आरक्षण परियोजना (The Quota Project)

शक्तिशाली तथा निर्णायक पदहरूमा महिलाको अत्यन्त न्यून प्रतिनिधित्व भएको तथ्यलाई सम्बोधन गर्न CEDAW (महिलामाथि हुने सबै प्रकारका विभेद निर्मूल गर्ने सम्बन्धी महासन्धि) ले उच्च लैङ्गिक समानता हासिल गर्ने कार्यमा मद्दत पुऱ्याउन "विशेष उपायहरू" को व्यवस्था गर्छ । निर्वाचनका सन्दर्भमा विशेष व्यवस्थाहरू विभिन्न प्रकारका हुनसक्छन् र तिनको प्रभावकारी कार्यान्वयन गरिए निर्वाचन र राजनीतिक प्रक्रियाहरूमा महिलाको सहभागिता प्रभावकारीरूपमा प्रवर्द्धन गर्न सकिन्छ ।[5]

पछिल्ला केही दशकमा राजनीतिक प्रक्रियामा महिलाको न्यून-प्रतिनिधित्वलाई सम्बोधन गर्न आरक्षणको व्यापक उपयोग हुँदै आएको छ । तिनको प्रयोगले व्यवस्थापिकामा महिलाको सङ्ख्या विश्वव्यापीरूपमै बढेको छ । निर्वाचनका सरोकारवालाहरूलाई आरक्षित सिटहरू, व्यवस्थापिकाका पदमा उम्मेदवारका आरक्षण र दल-विशेषमा स्वेच्छिक आरक्षणसमेतका व्यवस्था पालना गराउने सन्दर्भमा निर्वाचन व्यवस्थापन निकायहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

आरक्षण आफैँमा निकै बिबादको विषय रहँदै आएको छ । आरक्षणले महिलाको प्रतिनिधित्वलाई बढाउँछ भन्ने कुरामा कुनै शङ्का छैन तर यसले उपहारको रूपमा मात्र काम गर्छ वा राजनीतिक सङ्गठनसँग जोडिएका महिलालाई विशेष लाभ पुऱ्याएर उल्टो प्रत्युत्पादक हुन सक्छ भन्ने तर्क पनि कतिपयले गर्ने गरेको पाइन्छ ।

निर्वाचन प्रणालीले निर्वाचनमा खसालिएका मत कसरी दल वा व्यक्तिगत उम्मेदवारका सिटहरूमा रूपान्तरण हुन्छन् भन्ने कुरा निर्धारण गर्छ । विभिन्न किसिमका निर्वाचन प्रणालीका बेग्लाबेग्लै लैङ्गिक परिणाम हुन सक्छन्, जसको फलस्वरूप महिलाको सहभागिता न्यून पनि हुन सक्छ । यस विषयलाई सम्बोधन गर्न आरक्षण जस्ता विशेष उपायको प्रयोगलाई निर्वाचन प्रणालीमा समायोजन गर्न सकिन्छ ।

5 संयुक्त राष्ट्रसङ्घ, "महिला र निर्वाचन" (सन् २००५) ।

**समानुपातिक प्रतिनिधित्व** र **बढि मत/बहुमत** ल्याउने विजयी हुने वा **मिश्रित प्रणाली** मुख्य निर्वाचन प्रणालीका रूपमा रहेका छन् । सामान्यतः बढी मत/बहुमत निर्वाचन प्रणालीभन्दा समानुपातिक निर्वाचन प्रणाली लैङ्गिक आरक्षणहरूको उपयोग र महिलाको चुनाव वा नियुक्तिका लागि बढी सहयोगी सिद्ध भएका छन् ।[6] बढी मत/बहुमत प्रणालीमा हरेक निर्वाचन क्षेत्रका लागि एउटामात्र सिट उपलब्ध हुन्छ र त्यसमा राजनीतिक दलहरूले पुरूषको मनोनयन गरेर आफ्नो जित सुरक्षित गर्न खोज्ने सम्भावना हुन्छ । तर, समानुपातिक प्रणालीहरूमा दलहरूले उम्मेदवारको सूची प्रस्तुत गर्छन् र मतदाताको व्यापक आधारलाई आकर्षित गर्न महिलालाई उम्मेदवारको सूचीमा समेट्न सक्छन् ।[7]

### आरक्षण तथा विशेष व्यवस्थाका मुख्य प्रकार

**आरक्षित सिटहरू :** यसले निश्चित मात्रामा महिला व्यवस्थापिकामा निर्वाचित हुने कुरा सुनिश्चित गर्छ । महिला अन्य सिटहरूमा निर्वाचित हुन सक्ने भए पनि आरक्षित सिटहरूका लागि केवल महिलाले मात्र प्रतिस्पर्धा गर्न सक्छन् । आरक्षण सामान्यतः बढी मत/बहुमतीय निर्वाचन प्रणालीमा अपनाइन्छ । प्रायः त्यस्ता प्रावधान संविधानमै र/अथवा निर्वाचन कानूनमा राखिएका हुन्छन् र निर्वाचन व्यवस्थापन निकायद्वारा कार्यान्वयन गराइनुपर्छ ।

**व्यवस्थापिकाका उम्मेदवारका लागि आरक्षण :** यसमा समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत राजनीतिक दलहरूले पेश गर्नुपर्ने उम्मेदवारको सूचीमा महिला (र पुरूष) उम्मेदवारको न्यूनतम प्रतिशत तोकिएको हुन्छ । यसको प्रभावकारी कार्यान्वयनका लागि महिला उम्मेदवारलाई सूचीमा समावेश गर्दा निर्वाचित हुन सक्ने गरी समावेश गर्नुपर्छ । विशेष गरी बन्दसूची प्रणाली प्रयोग गरिएको खण्डमा एउटा 'खामबन्दी' सूची, जहाँ पुरूष र महिला उम्मेदवार क्रमशः एकपछि अर्को गरेर राखिएका हुन्छन्, त्यो नै महिला निर्वाचित हुने कुरा सुनिश्चित गर्ने सर्वोत्तम उपाय हो । विशेषतः यदि निर्वाचन व्यवस्थापन निकायले पार्टीको प्रतिबद्धतालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गराउन सक्ने हो भने यस किसिमको आरक्षणले निर्वाचित हुने महिलाको सङ्ख्यामा ठूलो सकारात्मक प्रभाव पार्न सक्छ ।

**स्वेच्छिक आरक्षण :** यो निर्वाचनसम्बन्धी कानूनी आवश्यकताहरूको अभावमा हुने गर्छ, जसमा राजनीतिक दलहरूले आफ्ना उम्मेदवारको सूचीमा आफैँ आरक्षण निर्धारण गर्ने निर्णय गर्छन् । विभिन्न स्तरमा सफल रहेका यस्ता आरक्षणको प्रयोग व्यापकरूपमा भएको छ र हरेक राजनीतिक दलका आन्तरिक नियम अनुसार तिनको कार्यान्वयन हुन्छ र यस्तो व्यवस्था निर्वाचन व्यवस्थापन निकायहरूद्वारा लागु गराउन सकिँदैन ।

समानुपातिक प्रणाली अन्तर्गत विभिन्न तत्त्वले महिलाको चुनाव जित्ने सम्भावनाका साथै आरक्षणको व्यवस्था कार्यान्वयनलाई थप प्रभाव पार्न सक्छन् । उदाहरणका लागि, खुला सूचीको सट्टा बन्द सूचीको प्रयोग गर्ने, जहाँ राजनीतिक दलले उम्मेदवारहरूको क्रम सङ्ख्या निर्धारण

6 शान्ति स्थापना कार्यहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विभाग, "द्वन्द्व-पछिका निर्वाचन प्रक्रियाहरूमा महिलाको भूमिका सुदृढ गर्नका लागि संयुक्त मार्गदर्शनहरु ।"

7 संयुक्त राष्ट्रसङ्घ, "महिला र निर्वाचन" सन् २००५ ।

गर्छन् र मतदाताले कुनै निश्चित उम्मेदवारप्रति आफ्नो अभिरुचि व्यक्त गर्न सक्दैनन् । यसले प्रायः महिलाले विजय हासिल गर्ने सम्भावना बढाउँछ । निर्वाचित हुनका लागि खुला वा बन्द जुनसुकै सूचीमा महिलालाई उच्च क्रममा राखिनुपर्छ ।

**नेपालमा लैङ्गिक समावेशितासम्बन्धी व्यवस्था**

लैङ्गिक आरक्षणको कार्यान्वयनले गर्दा नेपालमा महिलाको राष्ट्रिय प्रतिनिधित्वमा व्यापक सुधार आएको छ । २०६४ सालको संविधानसभा सदस्य निर्वाचन ऐन अनुसार राजनीतिक दलहरूले बुझाउने समानुपातिक सदस्यको सूचीमा कम्तीमा ५० प्रतिशत महिला उम्मेदवार समेटिनुपर्थ्यो भने राजनीतिक दलहरूले प्रत्यक्ष निर्वाचनतर्फका उम्मेदवारको मनोनयन प्रस्तुत गर्दा समावेशीकरणका सवाललाई पनि समेट्नुपर्थ्यो । अन्तरिम संविधानले नेपालको निर्वाचन आयोगलाई आरक्षण अनुकूल नहुने सूची अस्वीकार गर्ने अधिकार दिएको छ । यी प्रावधान लागु भएपछि संसद्मा महिलाको प्रतिनिधित्व सन् १९९० को दशकको ५ प्रतिशतबाट ह्वात्तै बढेर २०७० सालको संविधानसभामा लगभग ३० प्रतिशत पुगेको छ ।

बढी मत/बहुमत निर्वाचन प्रणालीमा महिला उम्मेदवारको सङ्ख्या बढाएरमात्र वास्तविकरूपमा महिला निर्वाचित हुने सम्भावना बढ्दैन । निर्वाचन प्रणालीको प्रकार, आरक्षणको प्रयोग र लैङ्गिक प्रावधानहरूलाई निर्वाचन व्यवस्थापन निकायले कुन स्तरसम्म लागु गर्न सक्छ भन्ने जस्ता कुरा महिला सहभागिता सुदृढ गर्न महत्त्वपूर्ण छन् ।

## निर्वाचन अभियानको आर्थिक व्यवस्थापन

राजनीतिमा लैङ्गिक असमानताका लागि जिम्मेवार एउटा महत्त्वपूर्ण तत्व चुनावी प्रचार-प्रसार खर्चमा महिलाको सीमित पहुँच हुनु पनि हो । यसले प्रभावकारीरूपमा प्रचार-प्रसार गर्ने र दौडधुप गर्ने उनीहरूको क्षमतालाई कमजोर तुल्याउँछ । विश्वभरि नै महिलाले पुरूषभन्दा कम मात्रामा आर्थिक स्रोतहरूमाथि नियन्त्रण राख्छन् । ठूलो मात्रामा सम्पत्ति भएका व्यक्ति र समूहले नै प्रायः राजनीतिक वृत्तलाई नियन्त्रण गर्ने हुँदा राजनीतिक उम्मेदवारका रूपमा महिलाको सहभागिताका साथै अल्पसङ्ख्यक समूहका पुरूष र महिला दुवैको सहभागितालाई तुलनात्मकरूपमा उनीहरूमा भएको सम्पत्तिको अभावले खुम्च्याइदिएको छ ।[8] यस्तो हुँदाहुँदै पनि राजनीतिक-वित्तीय नियमहरु लैङ्गिक समानतालाई ध्यानमा राखेर अवलम्बन गरिएको पाइँदैन । अझ सामान्यरूपमा भन्नुपर्दा, राजनीतिक तथा अर्थसम्बन्धी नियमहरूको उद्देश्य आर्थिकरूपमा सम्पन्न प्रतिस्पर्धीहरूका लाभलाई घटाउनु, चुनावी मैदान सबैका लागि समान तुल्याउनु, भ्रष्टाचार र राज्यका स्रोतहरूको दुरूपयोगलाई सम्बोधन गर्नु र पारदर्शिता बढाउनु हो । महिला सहभागिता सुदृढ गर्न आर्थिक पक्षसम्बन्धी यी नियमावलीहरूले पुरूष र महिला उम्मेदवारबीचको समानताको महत्त्वलाई समेत ध्यानमा राख्नुपर्छ ।

8 आईएफईएस (IFES) को श्वेतपत्र – "Political Finance and Gender Equality" लोलिटा सिगाने र म्याग्नस ओहमान, अगस्ट, २०१४

आर्थिक स्रोतहरूमा समान पहुँचलाई सुदृढ गरिँदा महिला उम्मेदवारलाई उनीहरूका प्रतिपक्षी पुरूष जत्तिकै आफ्नो पक्षमा प्रभावकारीरूपले प्रचार-प्रसार र बहस-पैरवी गर्ने महत्त्वपूर्ण अवसर प्राप्त हुन्छ । चुनावी मैदानमा प्रचार-प्रसार अभियानलाई समान बनाउन आवश्यक उपायहरु अवलम्बन गर्न सकिन्छ भने त्यसरी नै महिलाको राजनीतिक सहभागितामा सुधार तथा महिला र पुरूषबीच प्रचार-प्रसारका स्रोतहरूको समान वितरणलाई पनि प्रवर्द्धन गर्न सकिन्छ । यस्ता उपायद्वारा 'हात लाग्यो शून्य' झैं हुने राजनीतिको प्रकृतिलाई पनि सम्बोधन गर्ने प्रयास गर्नुपर्छ । अन्यथा, त्यसले राजनीतिमा वित्तीय स्रोतहरूका लागि प्रतिस्पर्धा बढाउनुका साथै महिलालाई कम प्रतिस्पर्धात्मक बनाउन सक्छ ।[9]

लैङ्गिक संवेदनशील प्रावधानहरूले उम्मेदवारको आर्थिक हैसियत वा लैङ्गिकताप्रतिको चासो कम गराई निर्वाचनको प्रतिस्पर्धामा समानतालाई सुदृढ गर्न सक्छ । निर्वाचन व्यवस्थापन निकायहरु नै प्रायः निर्वाचन प्रचार-प्रसारको खर्चसम्बन्धी नियमहरु लागु गराउने प्रमुख निकाय भएकाले लैङ्गिक-मैत्री निर्वाचन खर्चसम्बन्धी विनियमहरु लागु गरेर राजनीतिक उम्मेदवारका रूपमा महिलाको समान पहुँचलाई प्रवर्द्धन गर्ने विशिष्ट अवसर ती निकायलाई प्राप्त हुन्छ ।[10] यस्ता नियमले अल्पसङ्ख्यक समूहहरूका पुरूष र महिलाको राजनीतिक सहभागितालाई पनि सकारात्मकरूपमा प्रभाव पार्न सक्छन् ।




निर्वाचन बिबाद निरूपण

निर्वाचन प्रक्रियामा सधैं सबै कुरा सहजरूपमा सञ्चालन हुँदैनन् । विभिन्न सरोकारवालाबीच निर्वाचनसम्बन्धी बिबाद उत्पन्न हुन सक्छन् । निर्वाचनसम्बन्धी उजुरी सुनवाइ गर्ने निकायको प्रमुख काम भनेको व्यक्ति तथा सम्बन्धित पक्षहरूका लागि स्पष्ट कानूनी कारबाहीको अधिकार प्रदान गरेर आफ्नो विश्वसनीयता कायम राख्नु हो । यस संयन्त्रले प्रभावकारी कानूनी उपचारका लागि न्यायिक पुनरावलोकनको मौलिक हकलाई पनि समेट्नुपर्छ, जुन थुप्रै अन्तर्राष्ट्रिय सन्धि र राष्ट्रिय कानून एवं आचारसंहिताहरूले स्थापित गरेको एउटा आधारभूत स्तर हो ।[11]

9 आईएफईएस (IFES) को श्वेतपत्र – "Political Finance and Gender Equality"
10 आईएफईएस (IFES) को श्वेतपत्र – "Political Finance and Gender Equality"
11 . GUARDE 2011

कुनै पनि निर्वाचन स्वतन्त्र र निष्पक्षरूपमा भयो वा भएन भनेर निर्धारण गर्ने मूल तत्व भनेको त्यस निर्वाचनसँग सम्बन्धित बिबादहरु कसरी समाधान गरिन्छन् भन्ने पनि हो । बिबाद समाधान प्रक्रियामा महिला र पुरूष दुवैको समान पहुँच हुनुपर्छ । तर, दुर्भाग्यवश, विशेष गरी महिलाका गतिविधिलाई प्रतिबन्धित गरिएका देशहरूमा न्यायको औपचारिक प्रणालीमा महिलाको पहुँच हुन धेरै कठीन छ । महिलाको पहुँच बढाउन औपचारिक न्यायिक प्रणालीहरूमा लैङ्गिकताप्रतिको संवेदनशीलता बढाउनुका साथै बिबाद समाधानका वैकल्पिक संयन्त्र र अन्य अनौपचारिक न्यायिक संयन्त्रहरूमा पनि ध्यान दिइनुपर्छ । कुनै पनि देशको बिबाद समाधान गर्ने संयन्त्र जे-जस्तो भए पनि सार्वजनिक सूचनाको पहुँचदेखि लिएर उजुरी दर्ता गर्ने, सार्वजनिक सुनुवाइमा भाग लिने र प्रभावकारी समाधान प्राप्त गर्ने अवस्थासम्म त्यस्तो प्रक्रियाका हरेक चरणमा महिलाको समान पहुँचमा रहेका सम्भावित अवरोधहरूमाथि ध्यान पुऱ्याउनुका साथै त्यस्ता अवरोध हटाउने काम गर्नुपर्छ ।

## ख. कानूनी प्रारूपमा लैङ्गिक समानतालाई सुनिश्चित गर्ने निर्वाचन व्यवस्थापन निकायका असल अभ्यास

निर्वाचनसम्बन्धी कानूनहरूको मस्यौदा प्रायः न्याय मन्त्रालय र राष्ट्रिय विधायिकाले गर्छन् । निर्वाचन कानूनहरु निर्माण गर्ने प्रक्रियामा कहिले काहीँ निर्वाचन व्यवस्थापन निकायहरूको सुझाव वा सहयोग खोजिन्छ । सम्भव भएसम्म निर्वाचन व्यवस्थापन निकायहरूले लैङ्गिक समानता प्रवर्द्धन गर्न र महिला अधिकारहरूको संरक्षण सुनिश्चित गर्न त्यसका पक्षमा पैरवी गर्नुपर्छ र प्राज्ञिक विज्ञहरूसहित विधायिका तथा नागरिक समाजसँग मिलेर देहायका क्षेत्रमा काम गर्नुपर्छ :

**निर्वाचनसम्बन्धी कानून**

- निर्वाचनसम्बन्धी र अन्य सम्बन्धित कानूनहरु अन्तर्राष्ट्रिय र क्षेत्रीय लिखत अनुरूप भएको, कानूनी प्रारूप एकरूपता पूर्ण र पारदर्शी हुनुका साथै स्वेच्छाचारी ढङ्गले व्याख्या गर्न मिल्ने खालको नभएको सुनिश्चित गर्न लैङ्गिक दृष्टिकोणबाट पुनरावलोकन गर्नुपर्छ । साथै, स्पष्ट पार्नुपर्ने, परिष्कृत गर्नुपर्ने वा नियमावली वा कानूनी पुनःसंरचनाद्वारा कमी भएका कुराहरु पूरा गरिनुपर्ने भएमा त्यस्ता क्षेत्रको पहिचान पनि गर्नुपर्छ ।
- कमी भएका क्षेत्रहरु पहिचान भइसकेपछि महिलाका अधिकार पूर्णतः प्रतिविम्बित भएको र निर्वाचन प्रक्रियाहरूमा उनीहरूको अत्यधिक सहभागिता भएको सुनिश्चित गर्न त्यस्ता ठाउँमा आवश्यक संशोधन गर्न सम्बन्धित निकायहरूसँग मिलेर कार्य गर्नुपर्छ ।
- मतदाता दर्ता, निर्वाचन अभियान, प्रचार-प्रसार खर्च, मतदान र मतगणना तथा बिबाद निरूपणका लागि लैङ्गिक-मैत्री निर्वाचन कानूनहरु र नियमावलीहरु निर्माण गर्नुपर्छ । यिनीहरु अन्तर्राष्ट्रिय मानव अधिकारका मुख्य सिद्धान्त र दस्तावेजहरु अनुकूल हुनुपर्छ । महिलाका आवश्यकताहरूमा ध्यान पुऱ्याइएको तथा मतदाता, उम्मेदवार र निर्वाचन अधिकृतका रूपमा महिलाको समान पहुँच भएको सुनिश्चित गर्नमा मद्दत पुऱ्याउन यस प्रक्रियामा लैङ्गिक विज्ञहरु र महिला समूहहरूलाई पनि समेट्नुपर्छ ।

- साथै, कानूनको उल्लङ्घन भएमा उपयुक्त किसिमले अनुसन्धान, अभियोजन र उपचार गर्ने किसिमको प्रणाली विकास गर्नुपर्छ ।

**आरक्षण तथा विशेष व्यवस्था**

- महिलाको प्रतिनिधित्व न्यून हुने समस्या रहेका देशहरूमा त्यसलाई सुधार गर्न आरक्षण जस्ता विशेष कानूनी व्यवस्थाहरूको थालनी गर्न सोचिनुपर्छ ।
- कुनै पनि विशेष व्यवस्थाको पहिचान र विकास गर्दा देशको विशेष सन्दर्भमा रहेका समस्या र चुनौतीहरूलाई राम्ररी बुझ्न महिला समूहहरु र राजनीतिक दलहरु जस्ता प्रमुख सरोकारवालाहरूसँग मिलेर काम गर्नुपर्छ । कस्ता उपाय प्रभावकारी हुनसक्छन् र तिनलाई अल्पकालीन एवं दीर्घकालीनरूपमा प्रयोग गर्दा कस्ता समस्या आउन सक्छन् भन्ने कुरा स्पष्ट पार्नुपर्छ ।
- यस प्रक्रियाको हिस्साका रूपमा विभिन्न विकल्प र तिनका परिणामलाई राम्ररी बुझ्नका लागि निर्वाचनसम्बन्धी विज्ञहरूसँग मिलेर कार्य गर्नुपर्छ तथा विभिन्न देशका उदाहरण र असल अभ्यासहरूको समीक्षासमेत गर्नुपर्छ ।
- आरक्षण जस्ता विशेष व्यवस्थाका लागि कानूनमा तिनको परिपालना नगरेको खण्डमा सजायको व्यवस्था पनि सुनिश्चित गर्नुपर्छ र त्यसको अनुगमन, नियन्त्रण र कार्यान्वयनका लागि राजनीतिक दलभित्र पनि पद्दति स्थापना गर्नुपर्छ ।

**निर्वाचन प्रणाली**

- अधिकांश समाजमा लैङ्गिक असमानता रहेको र निर्वाचन प्रणाली लैङ्गिकरूपमा निष्पक्ष नरहेको अवस्थामा निर्वाचन प्रणाली तर्जुमासम्बन्धी छलफलमा महिलाका आवश्यकताहरु पहिचान गरी तिनलाई सम्बोधन गर्नुपर्छ ।
- विभिन्न किसिमका निर्वाचन प्रणालीका लैङ्गिक परिणामलाई राम्ररी बुझ्न निर्वाचनका प्रमुख सरोकारवालाहरु र निर्वाचन प्रणालीसम्बन्धी विज्ञहरूसँग सहकार्य गर्नुपर्छ ।
- समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निश्चित देशको सन्दर्भमा बन्दसूची जस्ता प्रावधानहरूले महिलाको प्रतिनिधित्वमा पार्न सक्ने प्रभावलाई सावधानीपूर्वक ध्यानमा राख्नुपर्छ ।

**निर्वाचन अभियानको आर्थिक पक्ष**

- महिला र पुरूष उम्मेदवारहरूका लागि सार्वजनिक कोषबाट समान रकम व्यहोर्ने, निर्वाचन प्रचार-प्रसारमा खर्चको सीमा तोक्ने र पारदर्शिता सुनिश्चित गर्ने नियमहरु तर्जूमा गर्ने लगायतका लैङ्गिकरूपमा संवेदनशील निर्वाचन अभियान खर्चसम्बन्धी नियमावलीका पक्षमा वकालत र तिनको प्रवर्द्धन गर्नुपर्छ र त्यस्ता नियमावलीको प्रभावकारी कार्यान्वयन गरिनुपर्छ ।

**निर्वाचनसम्बन्धी बिबाद निरूपण**

- निर्वाचन बिबाद निरूपण गर्ने संयन्त्रहरु लैङ्गिकरूपमा संवेदनशील छन् र बिबाद

समाधान प्रक्रियामा महिला र पुरूषको समान पहुँच एवं प्रतिनिधित्व भएको छ भन्ने सुनिश्चित गर्नका लागि सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्नुपर्छ ।

- महिला मतदाता लक्षित मतदाता शिक्षा अभियानमार्फत् महिलाले निर्वाचन बिबाद निरूपण प्रक्रियालाई सहज तरिकाले बुझ्छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
- उजुरी प्रक्रियामा महिलालाई आवश्यक सहयोग उपलब्ध गराउने र धाक धम्की वा विभेदका कुनै पनि मामिला यथाशीघ्र समाधान गर्नुपर्छ ।

निर्वाचनसम्बन्धी कानूनहरु विधायिकाको क्षेत्राधिकार अन्तर्गत रहे तापनि अवस्थामा निर्वाचन व्यवस्थापन निकायहरूको **नियामक संयन्त्रमा** व्यापक नियन्त्रण रहन्छ र तिनले निम्न कार्यहरु गर्न सक्छन् :

- निर्वाचन चक्रमा रहेका निर्वाचन प्रक्रियाहरूको योजना तर्जुमा र कार्यान्वयनमा लैङ्गिक समानता समेटिएको छ भन्ने कुरा सुनिश्चित गर्दै लैङ्गिक–मैत्री निर्वाचन कानूनहरूलाई पूर्णता दिन र लागु गर्न नियमावली, निर्देशिका, नीति र आचारसंहिताहरु निर्माण गर्ने ।
- नियमहरु जारी गर्ने र उल्लङ्घन भएमा सजाय गर्ने : प्रायः लैङ्गिकतासँग सम्बन्धित प्रावधानहरूको उल्लङ्घनलाई अन्य कानूनी उल्लङ्घनहरूको स्तरमा दण्डित गरिँदैन ।

**विशेष व्यवस्थाहरूका लागि रुवान्डा विश्वमै पहिलो**

सन् २०१४ मा महिलाले रूवान्डाको माथिल्लो सदनमा झन्डै ४० प्रतिशत र तल्लो सदनमा झन्डै ६४ प्रतिशत हिस्सा ओगटेका थिए । यो कुनै पनि देशमा भएको अद्भुत उपलब्धि हो र विशेष गरी महिलाले सन् १९६१ पछि मात्र मताधिकार प्राप्त गरेको त्यस देशका सन्दर्भमा यो विशेष उल्लेख्य कुरा हो । निर्वाचनसम्बन्धी कानुनहरु र संविधानमा दरिलोरूपमा संरक्षित आरक्षणको व्यवस्थाले रूवान्डामा महिलाको राजनीतिक प्रतिनिधित्वलाई उकास्न मद्दत पुऱ्याएको छ ।

औपचारिकरूपमा सन् २००३ मा लागू गरिएको रूवान्डाको हालको संविधानले स्पष्टरूपमा CEDAW (महिलामाथि हुने सबै प्रकारका विभेद निर्मूल गर्ने सम्बन्धी महासन्धि) लाई उधृत गर्दै र सबै निर्णय गर्ने निकायहरूमा ३० जनाको लैङ्गिक आरक्षण व्यवस्थासमेत गरी धेरै लैङ्गिक प्रावधानहरूलाई समेटेको छ । साथै त्यस संविधानले राजनीतिक सङ्गठनलाई महिला र पुरुषको राजनीतिक पदमा समान पहुँचलाई प्रवर्द्धन गर्ने निर्वाचन शिक्षामा सहभागी हुन आह्वान गर्छ । यसका साथै रूवान्डाको राजनीतिक सङ्गठन र राजनीतिज्ञहरु सम्बन्धित कानूनमा सन् २००७ मा गरिएको संशोधनले राजनीतिक दलहरूका मनोनीत सूचीहरूमा कम्तीमा ३० प्रतिशत महिला समेट्नुपर्ने व्यवस्था गऱ्यो । यी संयुक्त पहलले रूवान्डाको राष्ट्रियस्तरमा महिलाको प्रतिनिधित्वलाई संसारकै सबैभन्दा उच्च तुल्याएको छ । (स्रोत : आरक्षण परियोजना) (The Quota Project)

## परिच्छेद ७.२ : योजना तर्जुमा र कार्यान्वयन

निर्वाचनसम्बन्धी सबै कार्य र प्रक्रियामा लैङ्गिक विषयलाई प्रभावकारीरूपमा मूलप्रवाहीकरण गरिएको सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायले निर्वाचन चक्र अन्तर्गत योजना तथा कार्यान्वनको चरणमा लैङ्गिकता र अन्य समावेशी सवालहरूलाई पूर्णतः ध्यानमा राख्नु जरूरी छ ।

**लैङ्गिकताप्रति संवेदनशील योजना र कार्यान्वयनका लागि निर्वाचन व्यवस्थापन निकायका उत्कृष्ट अभ्यासहरू**

**(क) योजना तर्जुमा**

- निर्वाचनभन्दा अघिका निर्वाचनसम्बन्धी प्रक्रियाहरूमा लैङ्गिक विश्लेषण गरी कुनै कमी भएमा तिनलाई सम्बोधन गर्न आवश्यक कार्यहरूको पहिचान गर्नुपर्छ । यस्तो विश्लेषण निर्वाचन व्यवस्थापन निकायले पहिले नै गरिसकेको कुनै लैङ्गिक नक्साङ्कन कार्यको सन्दर्भमा गरिनुपर्छ र यसमा लक्षित समूहमा छलफल वा मतदाता, उम्मेदवार, पर्यवेक्षक, मतदान अधिकृत र निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका रूपमा महिलाले निर्वाचन प्रक्रियामा सामना गर्ने अवरोधसम्बन्धी आधिकारिक सर्वेक्षण समावेश हुन सक्छन् । यस्तो विश्लेषणले निर्वाचित अङ्गहरूमा महिलाको प्रतिनिधित्वलाई प्रभाव पार्ने निर्वाचन प्रणालीलगायत अन्य विधिहरूको पुनरावलोकनलाई समेट्नुपर्छ (जस्तै : आरक्षण, सुरक्षित सिट र उम्मेदवारको मनोनयनसम्बन्धी नियमहरू) ।
- निर्वाचन सञ्चालन/सुरक्षासम्बन्धी योजना र सम्बन्धित मार्गदर्शन/निर्देशनहरू विकास गर्ने, जसले महिलाका आवश्यकताहरूलाई विशेषरूपमा सम्बोधन गर्ने लैङ्गिक लक्ष्य र क्रियाकलापहरूलाई एकत्रित गर्छन् । एकरूपता कायम गर्न यस्ता कार्य निर्वाचन व्यवस्थापन निकायमा कायम रहेको लैङ्गिक रणनीतिको सन्दर्भमा गरिनुपर्छ । महिलाका आवश्यकतालाई उत्कृष्टरूपमा परिपूर्ति गर्न कस्ता उपाय अवलम्बन गर्नुपर्छ भन्ने सन्दर्भमा विशेष ध्यान पुऱ्याउनुपर्छ । यसका लागि छुट्टाछुट्टै उपायहरू जस्तै : नाम दर्ता गर्न तथा मतदान गर्नका लागि छुट्टै समय वा मतदान केन्द्रको व्यवस्था वा लैङ्गिक संवेदनशील एकीकृत उपायहरू गर्नुपर्छ । यसमा लैङ्गिक संवेदनशील कानून वा महिलाले आफ्ना परिवारका पुरूष सदस्यसँग उपस्थित हुन सक्ने समयमा मतदाता दर्ता/मतदानस्थल खुला गर्ने आदि हुनसक्छन् ।
- निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका लागि लैङ्गिक सचेतनासम्बन्धी तालिम सञ्चालन गर्ने (भाग ७.३ हेर्नुहोस्),
- निर्वाचनका हरेक गतिविधिका लागि अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरू स्थापना गर्ने,

**तर्जुमा र कार्यान्वयनमा महिलालाई एकाकार गर्ने**

२०७० सालको निर्वाचन आचार संहिता निर्माण गर्ने क्रममा नेपालको निर्वाचन आयोगले लैङ्गिक-संवेदनशील साधनहरूलाई निर्वाचन योजना र कार्यान्वयनको अवधिभरि पहिचान र एकाकार गर्नका लागि राजनीतिक दलभित्रका महिला सञ्जाल, महिला अधिकारकर्मीहरु र संविधानसभामा महिला सभासद समूह (ककस) लगायतका विभिन्न महिला सङ्गठनसँग परामर्श गर्‍यो । नमूना लैङ्गिक-मैत्री साधनहरूमा महिला मतदाता प्रशिक्षक र पञ्जिकाधिकारीहरु; लैङ्गिकरूपमा सकारात्मक मतदाता शिक्षा सन्देशहरु तथा महिला मतदान कर्मचारी र निर्वाचन पर्यवेक्षकहरूलगायतका प्रावधान पर्छन् ।

- मस्यौदा योजना र निर्देशनलाई अन्तिम रूप दिनु अगाडि लैङ्गिक एकाइ वा लैङ्गिक सम्पर्क केन्द्रहरूद्वारा पुनरावलोकन गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने,
- योजना अभ्यासकै एउटा भागको रूपमा महिला सरोकारवालाहरूसँग परामर्श गर्ने,
- निर्वाचनसम्बन्धी सबै क्रियाकलापका लागि लैङ्गिकरूपमा छरिएका तथ्याङ्कहरु एकत्रित गर्ने र अनुगमन गर्ने प्रणालीहरु दुरूस्त छन् भन्ने कुरा सुनिश्चित गर्ने,
- अनुगमन तथा मूल्याङ्कनका प्रावधानहरूका साथै लैङ्गिक क्रियाकलापहरूका लागि बजेट व्यवस्था गर्ने,
- कुनै निश्चित निर्वाचन वा निर्वाचन प्रक्रियाका लागि लैङ्गिक क्रियाकलापप्रति एकीकृत र समग्र दृष्टिकोण सुनिश्चित गर्न अन्य सरकारी विभाग, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र दातृ निकायहरूसँग समन्वय गर्ने,
- निर्वाचनका लागि कर्मचारीको पदपूर्ति गर्दा लैङ्गिक सन्तुलन सुनिश्चित गर्न मार्गदर्शन र लक्ष्यहरु निर्माण गर्ने र सान्दर्भिक भएका ठाउँमा सबै महिला समूहको प्रावधान राख्ने ।




**अफगानिस्तानको निर्वाचनका सम्पूर्ण योजना तर्जुमा र गतिविधिमा लैङ्गिक मूलप्रवाहीकरण**

महिला अधिकारका पक्षमा उभिनु नै खतरनाक हुने अफगानिस्तान जस्तो मुलुकमा 'स्वतन्त्र निर्वाचन आयोग' भनिने निर्वाचन व्यवस्थापन निकायले त्यही काम गर्छ । यस संस्थाभित्र र बाहिरका सबै पक्षमा काम कारबाही गर्दा लैङ्गिक सवाललाई ध्यानमा राखिन्छ । यो प्रतिबद्धता सन् २००९ को मे महिनामा स्थापित लैङ्गिक एकाइका व्यापक क्रियाकलापहरूमा प्रतिविम्बित हुन्छ । यो एकाइ प्रत्यक्षरूपमा सन् २०१४ को राष्ट्रपतीय एवं स्थानीय तहको निर्वाचन प्रक्रियामा केन्द्रित भएर 'स्वतन्त्र निर्वाचन आयोग' का लागि लैङ्गिक नीतिको निर्माण गर्न उत्तरदायी थियो । यो लैङ्गिक एकाइले स्वतन्त्र निर्वाचन आयोग सार्वजनिक पहुँच विभाग अन्तर्गतको लैङ्गिक मुख्य केन्द्रसहित स्वतन्त्र निर्वाचन आयोगका सबै विभागसँग एकीकृतरूपमा कार्य गर्नुका साथै महिलासम्बन्धी मन्त्रालय तथा हज र इस्लामिक मन्त्रालयसित नजिकको साझेदारको रूपमा काम गर्छ । यसले हज र महिलासम्बन्धी मन्त्रालयसित मिलेर एकीकृत मतदाता शिक्षा कार्यान्वयन गऱ्यो । सम्बन्धित मन्त्रालयका लैङ्गिक प्रशिक्षकहरूले सञ्चालन गरेको महिलाको मताधिकार र निर्वाचन गतिविधिहरूमा उनीहरूको सहभागिताको महत्व विषयक कार्यशालामा देशभरिका मुल्लाहरूले भाग लिएका थिए । अन्त्यमा, स्वतन्त्र निर्वाचन आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्न र निर्वाचनमा भाग लिन महिला मतदातालाई प्रोत्साहन गर्ने प्रयास स्वरूप आफ्ना महिला कर्मचारीद्वारा मतदाता नामदर्ता गर्ने कार्यक्रम सञ्चालन गर्ने कामलाई निरन्तर अगाडि बढाइरहेको छ । यी प्रयासको फलस्वरूप सन् २०१४ को राष्ट्रपतीय निर्वाचनको पहिलो चरणमा कुल मतदातामध्ये ३६ प्रतिशत महिला मतदाताले मतदान गरे ।

(स्वतन्त्र निर्वाचन आयोगको लैङ्गिक मूलप्रवाहीकरणका बारेमा थप जानकारीका लागि निम्न वेबसाइट हेर्नुहोला : www.iec.org.)

(ख) कार्यान्वयन

- पदपूर्ति निर्देशिका अनुसार निर्वाचन व्यवस्थापन निकायको केन्द्रीय कार्यालय तथा स्थलगत कार्यसञ्चालनमा सम्भव भएसम्म लैङ्गिकरूपमा सन्तुलित कर्मचारी टोलीहरु खटाइनुपर्छ ।
- निर्वाचन कार्यक्रमसम्बन्धी तालिका तथा उम्मेदवारी, विरोध र उजुरी, मतदाता र मतदानसम्बन्धी
- सूचना र म्यादको जानकारी अग्रिमरूपमा व्यापकमात्रामा दिइएको छ र त्यसमा महिला र पुरूषमा दुवैको सहज पहुँच छ भन्ने कुराको सुनिश्चित गर्ने,
- मतदाता र नागरिक शिक्षासम्बन्धी सबै सामग्री, हाते पुस्तिका र सञ्चार सामग्रीले महिलालाई पनि पुरूष जत्तिकै महत्त्व दिएर चित्रण गरेका छन् र सबै भाषाका सामग्री लैङ्गिकरूपमा निष्पक्ष छन् तथा दिइएका उत्प्रेरणा जगाउने खालका सन्देश महिला समावेशीकरणप्रति विशेष संवेदनशील छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । (भाग ७.३ हेर्नुहोस्)




- मतपत्र, पोस्टर र पर्चा जस्ता छापा सामग्री निरक्षर व्यक्तिहरूमाथि विभेदकारी हुनेगरी बनाउनु हुँदैन । उदाहरणका लागि मतदाता शिक्षा सामग्रीहरूमा चित्र र कार्टुनहरूको प्रयोग गर्ने र मत्रपत्रहरूमा सङ्केत-चिह्न वा उम्मेदवारहरूको फोटो राख्ने गर्नुपर्छ । महिलामा निरक्षरताको दर सामान्यतः उच्च भएका अवस्थामा यो एउटा महत्त्वपूर्ण लैङ्गिक सवाल हो ।

- निर्वाचनसम्बन्धी गतिविधिहरू कार्यान्वयन भइरहेकै बखत लैङ्गिक दृष्टिकोणबाट तिनीहरूको पुनरावलोकन, अनुगमन र मूल्याङ्कन गरेर कुनै समस्या भए पहिचान गर्ने र आवश्यक सुधारात्मक कदम चाल्ने,

- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त तथ्याङ्कहरूलाई व्यवस्थितरूपमा एकत्रित गरिनुपर्छ, जसलाई निर्वाचनपछिको अन्तिम प्रतिवेदनका रूपमा सङ्ग्रह गर्न सकियोस् ।

- पर्यवेक्षक संस्थाहरूलाई महिला पर्यवेक्षक नियुक्त गर्न र प्रशिक्षित गर्न तथा राजनीतिक दलहरूलाई मतदान केन्द्रमा महिला प्रतिनिधि खटाउन सक्रियरूपमा प्रोत्साहन गर्नुपर्छ । निर्वाचन प्रक्रियाको पारदर्शिता र जवाफदेहीका लागि पर्यवेक्षण नै प्रमुख तत्व हो । महिला पर्यवेक्षक र प्रतिनिधिको अपर्याप्त सङ्ख्याले पूर्णरूपमा महिलाद्वारा सञ्चालित मतदान केन्द्र वा मतदाता दर्ता केन्द्रहरूमा फर्जी कार्य हुने वा धम्की दिइने सम्भावना र वातावरण उत्पन्न हुन सक्छ ।

## परिच्छेद ७.३ : शिक्षा तथा तालिम

### नागरिक तथा मतदाता शिक्षा

मतदातालाई समयमै प्रभावकारी सूचना प्रदान गर्नु सफल निर्वाचन सञ्चालनमा निर्वाचन व्यवस्थापन निकायले निर्वाह गर्नुपर्ने एउटा मूख्य दायित्व हो । निर्वाचनमा अधिकतम सहभागिता जुटाउन जनसमुदायले आफ्नो मताधिकार किन महत्त्वपूर्ण छ र यसको प्रयोग के कसरी गर्ने भन्नेबारेमा जानकारी पाउनुपर्छ । यस्तो जानकारी विशेष गरी मतदान र मतदान प्रक्रियासम्बन्धी सूचना अति नै नयाँ हुन सक्ने द्वन्द्वबाट भर्खरै मुक्ति पाएको मुलुकमा महत्त्वपूर्ण हुनसक्छ । निर्वाचन व्यवस्थापन निकाय र नागरिक समाज एवं सञ्चार माध्यम जस्ता अन्य सरोकारवालाले सञ्चालन गर्ने नागरिक तथा मतदाता शिक्षा अभियान मतदातालाई सूचना प्रदान गर्न र सूचना अनुरूप कार्य गर्नका लागि प्रेरित गर्न आवश्यक हुन्छ ।

**मतदाता शिक्षा**ले मतदाताको मतदान गर्ने योग्यता, मतदाता दर्ता, उम्मेदवार, कहाँ र कसरी मतदान गर्ने, उजुरी वा निर्वाचन बिबादको स्थितिमा के गर्ने भन्ने जस्ता विवरणलगायतका मतदान प्रक्रियाबारे मतदातालाई जानकारी दिन प्रयोग गरिने सूचना, सामग्री तथा कार्यक्रमलाई जनाउँछ ।

**नागरिक शिक्षा** नागरिकका भूमिका तथा दायित्व, सरकार, राजनीतिक दल तथा सरोकार वाला समूह, आमसञ्चार, व्यवसाय तथा नाफारहित क्षेत्रको भूमिका तथा दायित्व आवधिक तथा प्रतिस्पर्धात्मक निर्वाचन जस्ता लोकतान्त्रिक समाजका बृहत्तर अवधारणासँग सम्बन्धित छ ।

निर्वाचन व्यवस्थापन निकायले महिला तथा पुरूषका लागि सामान्य मतादाता शिक्षा अभियान सञ्चालन गर्नुमात्र पर्याप्त हुँदैन । महिलाका लागि विशेष प्रकारका सूचनाको आवश्यकता रहेको हुन्छ । उदाहरणका लागि द्वन्द्व वा सांस्कृतिक प्रवृत्तिका कारण कतिपय मुलुकमा महिला परम्परागतरूपमा निर्वाचन प्रक्रियामा संलग्न नभएका हुन सक्छन् र कतिपय मुलुकमा सीमित शैक्षिक अवसर तथा घरायसी दायित्वका कारण बालिकाले बालकभन्दा अगाडि नै विद्यालय छाड्नुपर्ने हुँदा महिला निरक्षरताको स्तर उच्च भएको हुनसक्छ । तसर्थ, निर्वाचनमा सुसूचित भई मतदान गरून् भन्ने कुरा सुनिश्चित गर्न महिलाका शैक्षिक आवश्यकतालाई सम्बोधन गर्न निर्वाचन व्यवस्थापन निकायले विशेष कार्य गर्नुपर्छ ।

## महिलाको मतदाता शिक्षासम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने विषयमा निर्वाचन व्यवस्थापन निकायको असल अभ्यास

### (क) महिलाको मतदाता शिक्षासम्बन्धी आवश्यकता सम्बोधन गर्न योजना बनाउने

- सहरी तथा ग्रामीण भेगका महिलाका लागि मतदाता शिक्षासम्बन्धी विशेष आवश्यकता र निर्वाचन प्रक्रियामा महिला सहभागिताका सम्भाव्य अवरोधको विश्लेषण गर्ने । विश्लेषण गर्ने तरिका विभिन्न छन्, जस्तै- सर्वेक्षण, लक्षित समूह छलफल, मुख्य जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता वा पर्यवेक्षक प्रतिवेदनमा उल्लेख गरिएका सन्दर्भ जस्ता महत्त्वपूर्ण दस्ताबेजको समीक्षा गर्नुपर्छ ।
- अल्पसङ्ख्यक जाति, निरक्षर महिला, अपाङ्गता भएका महिला, भाषिक अल्पसङ्ख्यक समुदाय आदि जस्ता मतदाता शिक्षासम्बन्धी विशेष आवश्यकता भएका समूहहरूको पहिचान गर्ने,
- महिला लक्षित मतदाता शिक्षाका लागि आवश्यक बजेट सुनिश्चित गर्ने,
- योजना प्रक्रिया र मतदाता तथा नागरिक शिक्षा सामग्रीको तयारीमा लैङ्गिक विज्ञहरूलाई संलग्न गराउने,
- मतदाता शिक्षा योजना तथा बजेट तयार गर्दा सन्देश सामग्री तथा शिक्षाविधिहरूको नमूना परीक्षण तथा पूर्व-परीक्षण र प्रभाव मूल्याङ्कनलाई समाहित गर्ने ।




### (ख) लक्षित अभियान तर्जुमा गर्ने

- महिलाका लागि महत्त्वपूर्ण हुने खालका मतदाता तथा नागरिक शिक्षा सन्देशहरु पहिचान गर्ने : उदाहरणका लागि महिलाको मतदान गर्ने तथा आफ्नै विवेकले प्रतिनिधि चुन्ने अधिकार, मतदाता तथा उम्मेदवारका रूपमा राजनीतिक प्रक्रियामा महिला सहभागिताको महत्त्व र महिला सहभागिता सहजीकरण गर्ने विशेष उपाय अवलम्बन गर्ने,

- ग्रामीण, निरक्षर, विपन्न महिला र अपाङ्गता भएका महिलाप्रति लक्षित शिक्षाको कार्यान्वयन सुनिश्चित गर्ने,
- लक्षित मतदाता शिक्षा विस्तारमार्फत महिलासम्म पुग्ने उपयुक्त तरिका निर्धारण गर्न मूल्याङ्कन, सर्वेक्षण तथा अन्य सूचना सङ्कलनका साधनहरूको उपयोग गर्ने,
- उपयुक्त भएसम्म पुरूष लक्षित मतदाता शिक्षा अभियान सञ्चालन गरी महिलाका मतदान अधिकार तथा निर्वाचनमा महिला सहभागिताको सकारात्मक पक्ष आदिका सम्बन्धमा पुरूषलाई सचेत गराउनुपर्छ । यस अन्तर्गत पारिवारिक मत तथा नक्कली मतदाताले गर्ने मतदान न्यून गर्न गोप्य मतदानको महत्त्वका बारेमा पनि प्रष्ट पार्नुपर्छ ।
- प्रचार सामग्री तथा तस्बिरमा महिला नेतृत्वदायी भूमिका (निर्वाचन अधिकारी, पर्यवेक्षक, उम्मेदवार वा शिक्षक आदिका रूपमा) मा रहेका कुराको सकारात्मक चित्रण गर्ने,
- निर्वाचन हिंसाबाट पीडित हुन सक्ने महिलाका लागि शिक्षा तथा सेवा सुविधा पुऱ्याउने अभियान तर्जुमा गर्ने,




- ग्रामीण, निरक्षर, अपाङ्गता भएका महिला र युवतीलगायतका विभिन्न लक्षित समूहसम्म पुग्न उपयुक्त सञ्चार माध्यम तथा विधि पहिचान तथा प्रयोग गर्ने,
- मतदाता शिक्षासम्बन्धी कार्यशाला गोष्ठीहरु आयोजना गर्दा महिला उपस्थित हुन सक्ने समय,

स्थान र उनीहरूले आफूलाई पूर्णरूपले सुरक्षित ठान्ने र आफ्ना कुरा राख्न सक्ने वातावरण सुनिश्चित गर्नुपर्छ ।

- मतदाता शिक्षा कार्यक्रम महिला र पुरूष मिश्रित मतदाता शिक्षा टोलीद्वारा सञ्चालन गराउने र उपयुक्त भएमा महिलामात्रै रहेको मतदाता शिक्षा टोली (जस्तै : महिला स्वास्थ्यकर्मी वा शिक्षिका) परिचालन गर्ने । कतिपय मुलुकमा मिश्रित समूहका सदस्यका रूपमा महिलालाई आवत जावत गर्न विशेष व्यवस्था गरिनुपर्छ । उदाहरणका लागि महिला टोलीका सदस्यलाई पुरूष आफन्तले साथ दिन सक्छन् । यसरी साथ दिने आफन्त सम्बन्धित महिलाका लागि विश्वासिला हुनुपर्छ ।

**नेपालमा मतदाता शिक्षा**

२०६४ सालको संविधानसभा निर्वाचनमा मतदाता शिक्षाको अवस्था सुधार्न र महिला तथा सीमान्तकृत समूहमा पुग्न निर्वाचन आयोगले विभिन्न उपाय अवलम्बन गऱ्यो । उदाहरणका लागि निर्वाचन आचार संहिताले महिला सहभागितालाई प्रोत्साहन गर्ने प्रकृतिका खबर तथा सूचनाको प्रवर्द्धन एवं प्रसारणको व्यवस्था गऱ्यो र मतदाता शिक्षा स्वयंसेवकहरूमा ५० प्रतिशत महिला प्रतिनिधित्वको प्रावधानलगायत त्यस्ता समूहमा पुग्ने कार्यलाई थप प्रोत्साहन गऱ्यो । महिलाको यथोचित प्रतिनिधित्व सुनिश्चित गर्दै 'निर्वाचन शिक्षा कर्मचारी' मा विभिन्न तहका स्वास्थ्यकर्मी र विद्यालयका शिक्षक सामेल गराइए । २०७० सालमा मतदाता शिक्षा स्वयंसेवकमध्ये करिब २४ हजार (७६ प्रतिशत) महिला स्वयंसेवकका रूपमा सहभागी भए । महिलादेखि महिलासम्म भनिने पद्धति अन्तर्गत मतदाता शिक्षा सन्देश प्रसार गर्न मतदाता शिक्षिकाहरु सीमान्तकृत समुदायका घरदैलोमा पुगे । त्यस्तो कार्यक्रम विशेषगरी यातायात तथा साधनको अभाव भएका महिलासमक्ष पुग्न प्रभावकारी रह्यो ।

निर्वाचन आयोगद्वारा रेडियोबाट प्रसार गरिएका सार्वजनिक सूचना र सडक नाटक जस्ता क्रियाकलाप महिलाका लागि पायक पर्ने स्थान तथा समयमा आयोजना गरिए । यी क्रियाकलापले नागरिक शिक्षा र मतदानसम्बन्धी सामग्रीको पहुँच निरक्षर महिलालाई सहज भयो ।

### (ग) प्रभावलाई अधिकतम तुल्याउने

- महिलाबीच मूल सन्देश प्रवाह गर्न अन्य सरकारी विभाग, महिला समूह, नागरिक समाज र मिडियासँग समन्वयात्मक, एकीकृत र सिर्जनात्मक ढङ्गले काम गरियो । स्वास्थ्य एवं कृषि क्षेत्रका प्रशिक्षक तथा मतदाता शिक्षकका लागि प्रभावकारी स्रोत क्षेत्र हुन सक्छन्, जस्तो कि ग्रामीण स्वास्थ्य कार्यकर्ताको समूह, अनमी र स्थानीय कृषक सङ्घ आदि । सम्बन्धित सरोकारवालाहरूसँग समन्वयात्मकरूपमा काम गर्दा मतदाता शिक्षाको प्रभाव र पहुँचलाई अधिकतम तुल्याउन सकिन्छ ।

**(घ) सामग्री तथा कार्यविधि परीक्षण गर्ने**

- अभियान सुरू गर्नु भन्दा अगाडि लक्षित समूहसँगै शैक्षिक सामग्रीमा राखिने सन्देशको परीक्षण गरी ती सन्देशहरु प्रस्ट तथा प्रेरणादायी छन् र सन्देश प्रवाह गर्न प्रयोग भएका विधि प्रभावकारी छन् भन्ने कुरा सुनिश्चित गर्ने । परीक्षण लक्षित समूहसँगको अन्तरक्रिया र सर्वेक्षण आदि माध्यमबाट गर्न सकिन्छ ।
- लक्षित समूहको प्रतिनिधिमूलक पात्रसँग कार्यक्रम हुनु अघि र कार्यक्रम भएपछि प्रभाव मूल्याङ्कन गरी मतदाता शिक्षाको प्रभावकारिता मापन गर्ने । यसरी प्रभावकारिता मापन गर्नका लागि मतदाता शिक्षा अभियान सुरू हुनुभन्दा अगाडि महिलाको ज्ञानको स्तर स्पष्ट पार्ने र मतदाता शिक्षा प्राप्त गरिसकेपछि तिनै महिलाको ज्ञानको स्तरका सम्बन्धमा स्पष्ट हुनु आवश्यक हुन्छ ।

**नाइजरमा महिला सहभागिता परिचालन**

लक्षित मतदाता शिक्षाका कारण सन् २०१० डिसेम्बरमा नाइजेरियामा सम्पन्न क्षेत्रीय तथा स्थानीय निर्वाचनमा अत्यधिक सङ्ख्यामा मतदाताको सहभागिता थियो । यसको श्रेय मतदाता शिक्षालाई दिनुपर्छ । स्वतन्त्र राष्ट्रिय निर्वाचन आयोग, नाइजरका निम्ति मुलुकको उच्च निरक्षरता दर (जनसङ्ख्याको ७० प्रतिशतभन्दा बढी र महिलाका हकमा ९० प्रतिशत) ठुलो चुनौतीको रूपमा रहेको थियो । सञ्चालन गरिनुपर्ने निर्वाचनका विभिन्न तह र विभिन्न निर्वाचन प्रक्रियाबारे व्याख्या गर्न यथार्थ जानकारी तथा शिक्षाको आवश्यकता थियो । मताधिकारबारे जानकारी तथा बुझाइको अभाव र सहभागिताका लागि महत्त्वपूर्ण कागजपत्र (जस्तै : जन्मदर्ता, राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र) मा पहुँचको अभावका कारण निर्वाचनहरूमा महिला सहभागिता न्यून रहेको थियो । एकीकृत श्रव्यदृश्य सन्देशहरु प्रसारण गरिएका थिए र मतदाताका रूपमा महिलालाई विशेष प्राथमिकतासहित युवा, वृद्धवृद्धा र सीमान्तकृत समुदायप्रति लक्षित आम्ने साम्ने (फेस-टु-फेस) अभियान चलाइएको थियो । परिणामस्वरूप निर्वाचनका बेला दर्ता गरिएका ३५ लाख ६० हजार मतदातामध्ये करिब ५१ प्रतिशत महिला थिए ।

स्रोत : UNDP newsletter "Voices" – सन् २०११को दोस्रो त्रैमासिक प्रकाशन : UNDP Electoral Cycle Support to Niger.

**<u>तालिम</u>**

निर्वाचन योजना बनाउँदा तथा सञ्चालन गर्दा निर्वाचन व्यवस्थापन निकायले विभिन्न आन्तरिक एवं बाह्य सरोकारवालाहरूसँग काम गर्छ । यी सरोकारवालाले निर्वाचनमा आफूले निर्वाह गर्नुपर्ने भूमिकाको सम्बन्धमा निर्वाचन व्यवस्थापन निकायबाट तालिम वा जानकारी प्राप्त गर्छन् । यस्ता कार्यक्रमले निर्वाचन व्यवस्थापन निकायलाई महत्त्वपूर्ण लैङ्गिक सन्देश तथा सूचनाहरु प्रवाह गर्न वा निर्वाचन प्रक्रियामा महिलाका विशेष आवश्यकताबारे सरोकारवालाहरूलाई सचेत तथा संवेदनशील बनाउन ठूलो अवसर प्रदान गर्छन् । यस्ता कार्यक्रम तयारी, तर्जुमा तथा कार्यान्वयनमा निर्वाचन व्यवस्थापन निकायले लैङ्गिक-मैत्री व्यवहार गर्नुपर्छ ।

**सरोकारवालालाई प्रदान गरिने तालिममा लैङ्गिकता समायोजन गर्ने विषयमा निर्वाचन व्यवस्थापन निकायको असल अभ्यास**

### (क) लक्षित समूह पहिचान गर्ने र लैङ्गिक संवेदनशील निर्वाचन तालिमको रणनीति सञ्चालनका लागि योजना बनाउने

- निर्वाचन प्रक्रियामा महिला सहभागिता तथा लैङ्गिक संवेदनशीलताको महत्त्वबारे सचेतना अभिवृद्धि गर्न निर्वाचनका सरोकारवालाहरूलाई लैङ्गिक तालिमहरु जस्तै : ब्रिज जेन्डर मोड्युल (BRIDGE Gender Module) निर्वाचन हुनुभन्दा पहिले नै सञ्चालन गर्नुपर्छ ।
- निर्वाचन सञ्चालनका विभिन्न क्रियाकलापमा लैङ्गिक मुद्दा समायोजन सुनिश्चित गर्न स्थानीय सुरक्षा निकाय र निर्वाचन व्यवस्थापन निकायका कर्मचारी जस्ता विशेष सरोकारवालाका लागि तालिम आयोजना गर्नुपर्छ । उदाहरणका लागि सुरक्षा निकायका लागि आयोजना गरिने तालिममा सुरक्षासँग सम्बन्धित लैङ्गिक मुद्दाबारे सचेतना अभिवृद्धि गर्ने, महिला लक्षित निर्वाचन हिंसा के कस्ता हुन्छन् र कसरी रोकथाम गर्ने भन्नेबारे छलफल गर्ने र निर्वाचन हिंसाबाट पीडित महिलाका मुद्दालाई सम्बोधन कसरी गर्ने भन्नेबारे छलफल गर्ने ।

### (ख) लैङ्गिक संवेदनशील तालिम सञ्चालन गर्न निर्वाचन व्यवस्थापन निकायका कर्मचारीको क्षमता अभिवृद्धि

- आन्तरिक तथा बाह्य सरोकारवालाका लागि तालिम सञ्चालन गर्न उत्तरदायी निर्वाचन व्यवस्थापन निकायका कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, जसबाट उनीहरूले लैङ्गिक संवेदनशील तालिम योजना बनाउन र सञ्चालन गर्न सकून् । उदाहरणका लागि तालिम सामग्री तथा स्थान व्यवस्थापन जस्ता सामग्री व्यवस्थापन गर्ने सिलसिलामा लैङ्गिक आवश्यकतालाई प्रशिक्षकहरूले मनन गर्नुपर्छ । यसरी नै महिला सहभागीलाई पूर्ण र सक्रियरूपमा सहभागी गराउन प्रशिक्षकहरु विभिन्न लैङ्गिक आवश्यकताहरूका सम्बन्धमा स्पष्ट अनि पूर्णरूपमा जानकार हुनुपर्छ । उनीहरूले लैङ्गिक-मैत्री र समावेशी व्यवहार गर्नुपर्छ ।
- महिलाको नेतृत्वसम्बन्धी तालिमहरु सञ्चालन गर्ने, जसले निर्वाचन व्यवस्थापन निकायमा र निर्वाचनसम्बन्धी सरोकारवालाहरूको समुदायमा महिलाको नेतृत्वदायी भूमिका विस्तार गर्न योगदान गर्छन् ।

### (ग) लैङ्गिक संवेदनशील तालिम सामग्री तथा विषयवस्तु

- निर्वाचन तालिम सामग्रीहरु लैङ्गिकरूपमा संवेदनशील भएको सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि तस्बिर र घटना-अध्ययन एवं व्याख्याले महिलाका सकारात्मक पक्षलाई उजागर गर्नुपर्छ (नकारात्मक सोच, धारणा तथा अपमानजनक छविलाई निरूत्साहित गर्नुपर्छ र महिलाले समाजमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको देखाउनुपर्छ) ।



- निर्वाचन प्रक्रियामा उठ्न सक्ने लैङ्गिक मुद्दाहरूबारे जानकारी गराउनुपर्छ । उदाहरणका लागि मतदानसम्बन्धी तालिममा पारिवारिक मतदान (परिवारमा रहेका सबै मतदाताका तर्फबाट एकै जनाले मतदान गर्ने कार्य) कानून तथा मताधिकारको उल्लङ्घन हो भन्ने सहभागीहरूले बुझ्नुपर्छ ।

**(घ) तालिम टोलीको बनौट**

- सम्भव भएसम्म लैङ्गिकरूपमा सन्तुलित तालिम टोली खटाउने र महिला तथा पुरूष प्रशिक्षकका हैसियत एवं दायित्व समान छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
- आवश्यक भएको खण्डमा महिलामात्र सम्मिलित तालिम टोली प्रयोग गर्नुपर्छ । उदाहरणका लागि महिलादेखि महिलासम्म मतदाता शिक्षा अभियान बढी प्रभावकारी हुन सक्ने स्थितिमा यस्तो टोली प्रयोग गर्नुपर्छ ।

**(ङ) सहभागी छनौट**

- सहभागी छनौट गर्दा महिला तथा पुरूष दुवैलाई छान्न सरोकारवालाहरूलाई आग्रह गर्नुपर्छ ।
- निर्वाचन व्यवस्थापन निकायको तालिममा अल्पसङ्ख्यक समूह तथा अपाङ्गता भएका महिलाको सहभागिता सुनिश्चित गर्नुपर्छ ।



जर्जियाको केन्द्रीय निर्वाचन आयोगका लागि लैङ्गिक तथा नेतृत्व तालिम

**जर्जिया केन्द्रीय निर्वाचन आयोग : लैङ्गिक तालिम तथा आउटरिच**

संस्थाभित्र र सम्पूर्ण निर्वाचन प्रक्रियामा महिला सहभागिता बढाउन जर्जियाको केन्द्रीय निर्वाचन आयोगले महिला नेतृत्वसम्बन्धी विभिन्न तालिम सञ्चालन गरेको छ । केन्द्रीय निर्वाचन आयोगसँगको सहकार्यमा आइफेसले निर्वाचन प्रशासनका ४० महिलालाई नेतृत्व तथा मानव अधिकारका विषयबारे प्रशिक्षण दिई स्थानीय स्वायत्त सरकार निर्वाचनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम तुल्याएको छ । यी तालिम कार्यक्रमले जर्जियामा लैङ्गिक समानताका मुद्दा र चुनौती, राष्ट्रिय कानून र द्वन्द्व-समाधानलगायतका लैङ्गिक समानताका बृहत् विषय समेटेका थिए । यसका साथै स्थानीय स्वायत्त सरकारको निर्वाचनमा महिला सहभागिता प्रवर्द्धन गर्न प्रस्ताव पेस गर्न २०१४ को वसन्तयाममा केन्द्रीय निर्वाचन आयोगले नागरिक समाजका संस्थाहरूलाई आमन्त्रण गरी अनुदानमा सञ्चालन गराइने कार्यक्रहरूका लागि प्रतियोगिता आयोजना गरेको थियो ।

### (च) तालिम सञ्चालनमा अन्य प्रमुख सरोकारवालासँग समन्वय

- लक्षित समूहलाई कसरी प्रभावकारी तालिम दिने भन्नेबारे मनन गर्नुपर्छ । उदाहरणका लागि महिला समूह वा धार्मिक समूह, स्वास्थ्यकर्मी, कृषि सङ्गठन वा महिलाका मुद्दामा कार्यरत वा उत्तरदायी सरकारी कार्यालयसँगको समन्वयमा काम गर्नुपर्छ ।

## परिच्छेद ७.४ : मतदाता दर्ता

मतदाता दर्ता प्रक्रियाले मतदान गर्न योग्यता पुगेका नागरिकको अभिलेख अद्यावधिक गर्नुपर्छ । मतदाता नामावली महिला र पुरूषसमेत सबै नागरिकको मतदान गर्ने लोकतान्त्रिक अधिकार उपभोगलाई सुनिश्चित गर्न सक्ने निर्णायक माध्यम पनि हो । मतदाता दर्ता प्रणाली सरल, पारदर्शी, शुद्ध र समावेशी हुनुपर्छ । यी मार्गदर्शक मापदण्डहरू बाहेक मतदाता नामावली सङ्कलन गर्ने र कायम राख्ने कुनै एकमात्र सहि तरिका छैन । लैङ्गिक दृष्टिकोणबाट हेर्दा जुनसुकै प्रणाली प्रयोग गरे पनि त्यसका सकारात्मक तथा नकारात्मक पक्ष हुने भएकाले महिलाको सहभागिता अपेक्षाकृत हुन वा नहुन पनि सक्छ । कुनै पनि प्रणाली छनौट गर्दा त्यो प्रणालीले बालिग महिला मतदातालाई अझ बढी हानी पो पुऱ्याउछ कि वा अझ सक्रिय तथा समावेशी राजनीतिक प्रक्रियाको निर्माणमा सक्रियरूपमा योगदान दिने अवसरबाट अझ सीमान्तकृत पो तुल्याउँछ कि भन्ने कुरालाई मनन् गरी हरेक विकल्पलाई देशविशेषको आ-आफ्नै सन्दर्भमा सावधानीपूर्वक विश्लेषण गरिनुपर्छ ।

*ælgjff{g Joj:yfkg lgsfon]dtbftf btf{sf]sfo{jlw ;lglZrt ubf{pglx¿n]s]s"f Wofgdf /fVgk5{eg]/fHoåf/f ;~rflnt btf{ k0ffnL cGtu{ dlxnfsf]gfd btf{xg];Defjgf clwstd /xG5, h;df /fHon];a}ofÜo gful/s sf]dtbftf gfdfjnL btf{:jtM ug{ ub{5 . t/, bIf Pj+;lkoQm hgzlQm tyf ;f}t ePdf dfq o:tf] k0ffnLn]kefjsf/L¿kdf sfd ug{;S5 . dtbftf :jo+n]btf{ ug{kg{k0ffnLsf];Gbe{df lgjff{g Joj:yfkg lgsfon]btf{ug{kg{ cfjZos tfnfO{/fdf}/L k|rf/–k|;f/ ug{ dtbftf btf{:yn ;'ud xg'kg{/ btf{sf]sfo{jlw l56f]tyf ;/n xg']s"f ;lglZrt ug{k5{. lj:yflkt JolQmx¿, h;dWo] clwsf+z dlxnf 5g\ pglx¿sf] btf{df ljz]if Wofg lb0gk5{.Æ*

स्रोत : महिला र निर्वाचन : निर्वाचनमा महिला सहभागिता प्रवर्द्धन गर्ने मार्गदर्शन, पृष्ठ ६९, सयुक्त राष्ट्रसङ्घ

मुलुक तथा कानूनी प्रारूप अनुसार निर्वाचन व्यवस्थापन निकाय मतदाता दर्ताका लागि उत्तरदायी हुन वा नहुन पनि सक्छ तर मतदानका लागि प्रयोग गरिने सूचना/तथ्याङ्क शुद्ध छन् भन्ने कुरा सुनिश्चित गर्न भने उत्तरदायी हुन्छ । मतदाता दर्ताको दायित्व वहन गर्नुपर्ने स्थितिमा निर्वाचन व्यवस्थापन निकायले गर्ने नामावली दर्ता प्रणालीले महिलालाई समावेश गरेको, महिलाको नामावली दर्ताका क्रममा आउने अवरोध घटाउन उपाय अपनाएको र लक्षित प्रचार-प्रसारमार्फत् महिलालाई आवश्यक जानकारी तथा उत्प्रेरणा दिई सहभागिता सुनिश्चित गर्नुपर्छ ।




## लैङ्गिक संवेदनशील मतदाता दर्ता हासिल गर्न निर्वाचन व्यवस्थापन निकायको असल अभ्यास

### (क) मतदाता दर्ता प्रणाली तथा प्रक्रिया

- परोक्षरूपमा महिलालाई प्रतिकूल स्थितिमा नपार्ने र मताधिकारबाट वञ्चित नगराउने किसिमका सरल, पारदर्शी र समावेशी मतदाता दर्ता प्रणाली तथा प्रक्रियाको प्रारूप तयार गर्नुपर्छ ।

- मतदाता दर्ता प्रणालीबारे निर्णय गर्दा वा मतदाता दर्ता प्रक्रियाको प्रारूप तयार गर्दा महिला सहभागिताको प्रभावकारितामा सम्भाव्य अवरोधहरू के-के हुन सक्छन् भन्ने कुराको विश्लेषण गर्नुपर्छ । उदाहरणका लागि घरायसी काम तथा बालबच्चाको रेखदेखका कारण समयको चाप, साक्षरता स्तर, धार्मिक, जातीय वा सांस्कृतिक परम्परा, नागरिकताको विषय, अपाङ्गता भएको वा विस्थापन भएको अवस्था र द्वन्द्वबाट भर्खरै मुक्त भएको मुलुकका महिलाले भोग्नुपरेका अन्य विशेष अवस्था र धम्की, त्रास आदिको विश्लेषण हुनुपर्छ । अनुमान वा 'सामान्य ज्ञान' जस्ता कुरामा भर पर्नुभन्दा महिलाले भोगिरहेका मुद्दाबारे स्वयं महिलालाई सोध्ने संयन्त्र निर्माण गरी यो विश्लेषण गर्नुपर्छ ।

**नेपालमा प्रभावकारी मतदाता नामावली दर्ता**

मतदान गर्नका निम्ति महिला, विशेष गरी सीमन्तकृत महिलाको मतदाता दर्ता गर्ने प्रयासमा निर्वाचन आयोग, नेपालले सामाजिक संस्थाहरूसँगको सहकार्य अन्तर्गत आइफेसले कार्यक्रम सञ्चालन गरेका ३२ जिल्लामा ४८६ वटा घुम्ती मतदाता नामावली दर्ता शिविर सञ्चालन गऱ्यो । त्यसका निम्ति घरदैलो मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र प्राथमिक विद्यालयका शिक्षक (जसमध्ये बहुसङ्ख्यक महिला थिए) लाई सहभागी गराइयो । परिणामस्वरूप असोजदेखि कात्तिकसम्ममा १६ लाख ७७ हजार ७४३ महिला मतदान गर्नका लागि सुसूचित र प्रेरित भए । यस्तो पहल विशेष गरी बढी सीमान्तकृत क्षेत्रहरु, जस्तै : महोत्तरी जिल्लाको गैंडाभेदपुर, जहाँ २०६४ सालको संविधानसभा निर्वाचनमा ज्यादै सानो सङ्ख्यामा मात्र महिलाले मतदान गरेका थिए, त्यस्ता ठाउँमा अझ महत्वपूर्ण रह्यो । निर्वाचन आयोगले दर्ताका लागि गरेको प्रयासका कारण २०७० सालको संविधानसभा निर्वाचनमा गैंडाभेदपुरमा पुरूष मतदाता (६४ प्रतिशत) ले भन्दा बढी महिला मतदाता (७७ प्रतिशत) ले मतदान गरे । यसले मतदान प्रक्रियामा महिलाको पहुँच बढेको स्पष्ट पारेको छ ।

यी तथा अन्य प्रयासका परिणामस्वरूप विगतको निर्वाचन सहभागितामा देखिएका अवरोधहरु कम गर्दै २०७० सालको संविधानसभा निर्वाचनमा ६१ लाख ६० हजार महिला (कुल मतदाताको ५०.७६ प्रतिशत) ले मतदानका लागि नाम दर्ता गराए ।

- कुनै प्रणालीका सम्बन्धमा निर्णय गर्दा महिलामाथि कस्तो प्रभाव पर्न सक्छ भन्ने विश्लेषण गर्दै वैकल्पिक लैङ्गिक दृष्टिकोणबाट लेखाजोखा गर्नुपर्छ ।
- यदि मतदाता दर्ताका लागि निर्वाचन व्यवस्थापन निकाय प्रत्यक्षरूपमा उत्तरदायी छैन भने महिला समावेशीकरण सुनिश्चित गर्न सहयोग गर्ने खालको प्रक्रियाका लागि वकालत गर्न उत्तरदायी निकायसँग समन्वय गरी काम गर्नुपर्छ ।
- सरकारद्वारा स्वतः नागरिकको मतदाता नामावलीमा नाम दर्ता गरिने (स्टेट-इनिसिएटेड) प्रणालीका लागि मतदाता सूची तयार तथा अद्यावधि गर्ने संयन्त्रको अनुगमन गर्नुपर्छ । विशेषतः कमजोर नागरिक दर्ता प्रणाली भएका मुलुक, अभिलेखहरु नष्ट भएका द्वन्द्वबाट भर्खरै मुक्त भएको मुलुक वा धेरै विस्थापित व्यक्ति भएका मुलुक (जसमध्ये बहुसङ्ख्यक प्रायः महिला हुन्छन्) मा यस्तो संयन्त्रको आवश्यकता बढी रहन्छ ।
- मतदाताको नाम दर्ता गर्न राज्यले नै पहल गर्ने प्रणालीको सन्दर्भमा नवविवाहित महिलाको नाम समावेश भएको सुनिश्चित गर्नुपर्छ र विवाह भएपछि उनीहरूका वासस्थान फेरिने हुँदा फेरिएको वासस्थानको अभिलेख राखिनुपर्छ । यसका साथै सम्बन्धविच्छेद गरेका र एकल महिलाको नामावली दर्ताको क्रममा उनीहरूको वैवाहिक अवस्थाको दर्तामा परिवर्तन हुन्छ कि हुँदैन भन्नेमा ध्यान पुऱ्याउनुपर्छ ।

- मतदाताको नाम दर्ता गर्ने राज्यले नै पहल गर्ने प्रणाली भएको मुलुकमा यदि अभिलेख पुरूष घरमुलीको नाममा राख्ने नियम भएमा अनिवार्यरूपमा महिला आश्रितहरूको नाम पनि समावेश गर्नुपर्छ ।

- आफ्नो नाम दर्ताका लागि मतदान गर्ने व्यक्ति स्वयं जिम्मेवार हुने (सेल्फ-इनिसिएटेड) प्रणाली प्रयोग गर्दा योजना तर्जुमामा ध्यान दिनुका साथै नाम दर्तासम्बन्धी सूचनालाई अभियानका रूपमा लैजाने व्यवस्था गर्ने र मतदाता दर्ता प्रक्रिया अत्यन्त सहज छ भन्ने कुरा बुझाउनु पर्छ (तल प्रस्तुत गरिएको बुँदा 'ख' हेनुहोस्) ।

- महिलालाई पहिचानसम्बन्धी कागजपत्र प्रस्तुत गर्न अप्ठ्यारो भएको वा महिलासँग पहिचानसँग सम्बन्धित कागजातहरु सीमित हुने स्थितिमा दर्ताका अत्यधिक कडा शर्त हटाउनु पर्छ ।

- विस्थापित महिला तथा पुरूषको नामावली दर्ताका लागि अवसर दिनुपर्छ ।

- दर्ता गरिएका मतदाताको नामावलीमा लिङ्ग सङ्केत गर्ने र दर्ता गरिएका मतदाताका लागि लैङ्गिकरूपमा खण्डीकृत सूचना/तथ्याङ्क अद्यावधिक गर्नुपर्छ ।

- निरक्षर महिला तथा पुरूष, सञ्चार सम्पर्कमा आउन कठीन भएका र अपाङ्गता भएका व्यक्तिले दर्ता कार्यक्रमबारे जानकारी प्राप्त गर्नुपर्छ र दर्ता गर्न सक्षम बनाउनका लागि प्रणालीको प्रारूप तयार गरिने कुरा सुनिश्चित गर्नुपर्छ ।

- मतदाता नामावलीको सार्वजनिक जाँचको मिति तथा अवधिबारे कार्यविधिले पर्याप्त सूचनाको व्यवस्था गर्ने र दुर्गम क्षेत्रमा रहेका वा कलिला बालबालिकासँग घरमै सीमित रहने महिलालगायतका समूहले पनि ती प्रक्रियामा पहुँच राख्ने र बुझ्ने किसिमले सूचना प्रदान गर्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

- दर्ताको अनुगमन गर्ने र थोरै महिलाले दर्ता गरिरहेका छन् भने दर्ता गर्न प्रोत्साहनका निम्ति उपचारात्मक काम गर्नुपर्छ ।

**(ख) मतदाता दर्ताका लागि मतदाता शिक्षा**

- मतदाता दर्ताका फाइदाका बारेमा प्रस्ट पार्दै निर्वाचनको अर्थ र महत्त्व महिलाले सहजरूपमा बुझून् भन्ने कुरा सुनिश्चित गर्न लक्षित निर्वाचन शिक्षा अभियान तर्जुमा गरी कार्यान्वयन गर्ने र महिलाका विशेष मुद्दा र आवश्यकतालाई सम्बोधन गर्दै सूचना प्रदान गर्नुपर्छ ।

- सिर्जनशील तथा एकीकृत पद्धति अवलम्बन गर्दै र नागरिक समाज, सामुदायिक तथा धार्मिक समूह जस्ता अन्य सरोकारवालाहरूसँगको सहकार्यलाई प्रभावकारी बनाउने र मूल सन्देशहरूलाई प्रवर्द्धन गर्न आम सञ्चार माध्यमसँग मिलेर काम गर्नुपर्छ ।

**पाकिस्तानमा महिला मतदाता नामावली दर्ता प्रवर्द्धन**

मतदान गर्नका लागि नाम दर्ता गर्न महिलालाई प्रोत्साहन गर्ने उद्देश्यले मतदातासमक्ष पुऱ्याउने सन्देशहरू तयार गर्न पाकिस्तानको निर्वाचन आयोगले नागरिक समाजका संस्था तथा राजनीतिक दलहरूसँग सहकार्य गऱ्यो । ती सन्देशमा कम्प्युटरकृत राष्ट्रिय परिचय-पत्रका लागि दर्तासम्बन्धी लैङ्गिक संवेदनशील सन्देश र घुम्ती सेवामार्फत मतदाता नामावली दर्ता विवरण कसरी रूजु गर्ने भन्ने जानकारी समावेश थिए । त्यस्ता सन्देश तथा जानकारी टेलिभिजन, रेडियो, पोस्टर, ब्यानर र सामाजिक मिडियामार्फत प्रसार गरिए । स्थानीय निर्वाचनबारे सचेतना तथा ज्ञान अभिवृद्धि गर्न आइफेसको पाकिस्तान मतदाता अभियानसँग काम गर्दै निर्वाचन आयोग, पाकिस्तानद्वारा अनुमोदित सन्देशहरू करिब १३ लाख फेसबुक एकाउन्टमा प्रसार गरिए, जसमध्ये आधाभन्दा बढी एकाउन्ट महिलाका थिए ।

- प्रभावकारी ढङ्गले महिलासमक्ष पुग्न र निरक्षर, अपाङ्गता भएका, अल्पसङ्ख्यक समुदायका र पहिलो पटक मतदान गर्ने महिला मतदाताका आवश्यकतालाई सम्बोधन गर्ने किसिमका उपयुक्त मतदाता शिक्षाविधि (मेथडोलोजी) प्रयोग गर्नुपर्छ ।
- महिलासँग मतदाता दर्तासम्बन्धी उजुरीका प्रक्रियाका सम्बन्धमा जानकारी छ वा छैन भन्ने अध्ययन गर्ने र उजुरी प्रक्रियामा महिलाको पहुँच सुनिश्चित गर्नुपर्छ ।
- उपयुक्त अवस्थामा पुरूषलाई महिला मतदाता दर्ताको महत्त्वका सम्बन्धमा मतदाता शिक्षा प्रदान गर्नुपर्छ ।

**(ग) कर्मचारी र सामग्री व्यवस्थापन**

- सम्भव भएसम्म मतदाता शिक्षा, मतदाता दर्ता, उजुरी समिति र सुरक्षा प्रबन्धका लागि लैङ्गिकरूपमा सन्तुलित टोलीहरूको व्यवस्था गर्नुपर्छ र त्यस्ता टोलीलाई स्थानीय समुदायसँग सहकार्य गर्न योग्य बनाउनुपर्छ ।
- अपाङ्गता भएका महिलाका विशेष आवश्यकता तथा लैङ्गिक संवेदनशीलताबारे मतदाता नाामावली दर्ता टोलीलाई प्रशिक्षित गर्नुपर्छ ।
- आवश्यक भएका खण्डमा महिलामात्र सम्मिलित मतदाता शिक्षा टोली र दर्ता टोलीको व्यवस्था गर्नुपर्छ ।
- दर्ता केन्द्र महिलाका लागि सजिलै र सुरक्षित तवरले पुग्न सकिने ठाउँमा राख्नुपर्छ र घरको काम गर्नु अगाडि वा काम गरिसकेपछि पनि सहजै नाम दर्ता गर्न सकिने गरी केन्द्रको कार्य-समय यथासम्भव लचिलो बनाउनुपर्छ ।



- गर्भवती महिला, शिशुसहितका महिला, वृद्धा र अपाङ्गता भएका सबै व्यक्तिलाई मतदाता दर्ता केन्द्र सुहाउँदो तथा सुगम हुनुपर्छ ।
- दुर्गम क्षेत्रका लागि घुम्ती मतदाता दर्ता केन्द्रको व्यवस्था गर्नुपर्छ ।
- महिला तथा पुरूषको सहभागिता बढी हुने सम्भावना भएका समयमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गरिनुपर्छ । उदाहरणका लागि बाली लगाउने समयमा वा हिमाली भेगमा हिउँदमा यस्तो कार्यक्रम सञ्चालन गर्नुहुँदैन ।
- मतदाता दर्ताका बेला सुरक्षाको व्यवस्था पर्याप्त गर्न सुरक्षा निकायसँग समन्वय गर्नुपर्छ ।

## परिच्छेद ७.५ : चुनावी प्रचार–प्रसार

आफ्ना सन्देश प्रवर्द्धन गरी मतदाताको मन जित्न राजनीतिक दल तथा उम्मेदवारहरूले एक अर्कासँग प्रतिस्पर्धा गर्ने हुँदा निर्वाचन चक्रको प्रचार-प्रसार चरण राजनीतिक क्रियाकलापको एउटा सघन समय हुन्छ । राजनीतिक दल, उम्मेदवार, समर्थक र प्रचार क्रियाकलाप अनुगमन तथा नियमन गर्ने निकायमा यस समयमा उच्च तनाव हुने हुँदा यो चरण सम्बन्धित सबैका लागि चुनौतीपूर्ण हुनसक्छ । तर, यो समय विभिन्न तहमा हुने विविध लैङ्गिक विभेदका कारण प्रायः महिला उम्मेदवारका लागि अझ चुनौतीपूर्ण हुन्छ ।

अन्तर्राष्ट्रिय मापदण्डमा महिलाले पुरूषसरह समान शर्तमा निर्वाचनमा उम्मेदवार हुन पाउने अधिकार बारे स्पष्टसँग उल्लेख भएको र अधिकांश मुलुकमा यो अधिकार आन्तरिक कानूनमा निहित भए पनि वास्तविकतामा भने पुरूषको तुलनामा महिलाले अत्यधिक अवरोध तथा विभेदको सामना गर्नुपर्छ । अधिकांश मुलुकमा लैङ्गिक रूढिवादी सोच र सामाजिक, धार्मिक तथा सांस्कृतिक परम्पराले महिलालाई राजनीतिमा प्रवेश गर्न र प्रतिस्पर्धा गर्न कठिनाइ सिर्जना गरिरहेको हुन्छ । यसरी नै महिलाले प्रायः ठूलो पारिवारिक दायित्व वहन गर्नुपर्ने हुँदा उनीहरूलाई घरबाट बाहिर निस्कन र समय मिलाउन गाह्रो पर्छ ।

नवोदित लोकतान्त्रिक मुलुकहरूमा प्रायः महिला पुरूषभन्दा कम शिक्षित हुन्छन् र सूचनामा उनीहरूको पहुँच पनि कम हुन्छ । केही मुलुकमा र द्वन्द्वोत्तर स्थितिमा महिलाले व्यक्तिगत असुरक्षा, धम्की र निर्वाचन-हिंसाको सामना पनि गर्नुपर्ने हुन सक्छ ।

महिला सहभागितामा सबैभन्दा ठूलो अवरोध भनेको महत्त्वपूर्ण स्रोतहरूमा महिलाको पहुँच न्यून हुनु हो । प्रभावकारी ढङ्गले प्रतिस्पर्धा गर्न र खर्चिलो चुनावी प्रचार-प्रसार सञ्चालन गर्न आवश्यक रकम तथा यातायात, आम सञ्चार माध्यम र प्रचार स्थललगायत अन्य जरूरी स्रोतमा महिला उम्मेदवारको पहुँच पुरूष उम्मेदवारको तुलनामा कम रहनु ठूलो समस्या हो ।

प्रचार-प्रसार अभियानको आर्थिक स्रोत र क्रियाकलापको नियमन तथा अनुगमनका सम्बन्धमा निर्वाचन व्यवस्थापन निकायले निर्वाह गर्ने भूमिका मुलुकको कानूनी प्रारूपले निर्धारण गर्छ । केही मुलुक (जस्तै : अस्ट्रेलिया) मा अर्थ, विधि र राजनीतिक दल तथा उम्मेदवारको आचरण नियमन एवं अनुगमन गर्न निर्वाचन व्यवस्थापन निकायले कार्यादेश पाएको हुन्छ । कतिपय मुलुक (जस्तै :

बेनिन, ग्रीस र इस्टोनिया) मा यो दायित्व सरकारका अन्य निकायले निर्वाह गर्छन् भने निर्वाचन व्यवस्थापन निकायको कार्यादेश सीमित रहन्छ । यस सम्बन्धमा निर्वाचन व्यवस्थापन निकायको दायरा जे जस्तो भए पनि सबै राजनीतिक दल र महिला तथा पुरूष उम्मेदवारका लागि समानता प्रवर्द्धन गर्न र समान अवस्था सिर्जना गर्न कानूनी प्रारूप पूर्णरूपमा प्रयोग गरिने कुरा सुनिश्चित गर्न उसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । महिलाले ठुला-ठुला चुनौती सामना गर्नुपर्ने अवस्थामा उनीहरूले पनि आफ्ना समकक्षी पुरुषसँग समानरूपले प्रतिस्पर्धा गर्न सक्ने किसिमको निर्वाचन वातावरण निर्माणलाई प्रोत्साहन गर्नु निर्वाचन व्यवस्थापन निकायको प्रमुख भूमिका हुन्छ ।

## चुनावी प्रचार अभियानमा समन्याय सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायको असल अभ्यास

### (क) प्रचार-प्रसार खर्च तथा स्रोत

- निर्वाचन व्यवस्थापन निकायको अधिकारभित्र पर्ने भएमा महिला उम्मेदवारका लागि खर्च गर्नुपर्ने न्यूनतम प्रचार रकम र महिला उम्मेदवारले नेतृत्व गर्ने क्रियाकलापको न्यूनतम सङ्ख्या पहिचान गर्ने खालको कानून वा नियमावलीका लागि पैरवी गर्नुपर्छ । महिला उम्मेदवारका लागि कोटा (quota) छ भने यस्तो नियमावली सान्दर्भिक हुन सक्छ ।
- प्रचार खर्च नियमावली लागु गर्न र गैरकानूनी वा अत्यधिक चन्दा र खर्च निषेध गरिन्छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आफ्नो अधिकार अनुसार निर्वाचन व्यवस्थापन निकायले लेखा परीक्षण, पुनरावलोकन, प्रशासनिक जरिवाना र अवज्ञाका लागि कानूनी कारबाही सिफारिस गर्नुपर्छ ।
- प्रचार क्रियाकलाप, प्रसारण समय, प्रचार-स्थलमा पहुँच र दलले सङ्कलन गरेको रकम लगायतका निर्वाचन स्रोतमा महिला उम्मेदवारको समान पहुँच सुनिश्चित गर्न पैरवी गर्नुपर्छ ।


### (ख) प्रचार-प्रसार सञ्चालन नियमावली

- महिला र पुरूष उम्मेदवारका निम्ति समान अवसर तथा समान व्यवहारसम्बन्धी निर्दिष्ट व्यवस्थासहितको स्पष्ट एवं बृहत् चुनाव प्रचार नियमावली तयार गर्न सम्बन्धित सरोकार वालाहरूसँग काम गर्ने,
- निर्वाचन व्यवस्थापन निकायले हरेक दलका चुनावी क्रियाकलापलाई छुट्याउने समय-खण्ड (timeslots) लैङ्गिक-मैत्री बनाउन पहल गर्नुपर्छ ।
- चुनावी प्रचार-प्रसार नियमावली तथा आचारसंहितामा आवश्यक व्यवस्था मिलाई दुर्व्यवहार एवं धम्कीबाट महिलालाई सुरक्षित राख्न कानूनीरूपमा पहल गर्नुपर्छ ।
- यी प्रावधान पालन गर्नुपर्ने आवश्यकता र पालन नगर्दा पर्ने प्रतिक्रियात्मक प्रभावबारे राजनीतिक दलहरूलाई सचेत गराउनुपर्छ । औपचारिकरूपमा आचारसंहिता नभएको खण्डमा प्रचार-प्रसार अवधिभरि कस्तो व्यवहार गरिनुपर्छ भन्नेबारे अनौपचारिक सहमतिमा पुग्न राजनीतिक दलहरूसँग काम गर्नुपर्छ ।

- नियमावली र आचारसंहिताको कडाइका साथ पालना गर्ने, गराउने र अवज्ञा गर्नेलाई जरिवाना गर्न पैरवी गर्नुपर्छ ।

### (ग) बिबाद समाधान

- महिला उम्मेदवारलाई निर्वाचन बिबाद समाधान संयन्त्रका बारेमा बुझाउने र त्यस्तो संयन्त्रमा उनीहरूको सहज पहुँचलाई सुनिश्चित गर्नुपर्छ ।
- बिबाद समाधान संयन्त्रमा महिला संलग्नता सुनिश्चित गर्नका लागि पैरवी गर्नुपर्छ ।
- बिबाद समाधान संयन्त्रले महिलाविरूद्ध भेदभाव गर्दैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।



*यो चित्र नेपालमा मतदाता शिक्षण शृङ्खलाको अंश हो । यसले महिला र अपाङ्गता भएका व्यक्तिहरूको चित्र प्रयोग गरेर मतदान प्रक्रियाको वर्णन गरेको थियो ।*

### (घ) सञ्चार माध्यम (मिडिया) मा पहुँच

- मिडियामा सबै उम्मेदवारहरूको समान पहुँच सुनिश्चित गर्न निर्वाचन कानून तथा अन्य नियमावलीमा व्यवस्था गर्ने वा पैरवी गर्नुपर्छ ।
- महिला उम्मेदवारले समान स्थान र अवसर (कभरेज) पाउँछन् र त्यस्तो कभरेज सन्तुलित, निष्पक्ष र समान हुन्छ भन्ने कुरा सुनिश्चित गर्न मिडिया र सरकारी प्रसारण संस्थासँग काम गर्नुपर्छ ।

- प्रचार-प्रसार अवधिमा सञ्चार नियमावली र आचारसंहिताको कडाइका साथ पालना भएको निश्चित गर्ने र अवज्ञा गर्नेलाई जरिवाना गर्नका निम्ति पैरवी गर्नुपर्छ ।

**(ङ) सुरक्षा**

- निर्वाचन सुरक्षा योजनामा महिला उम्मेदवारको सुरक्षाको व्यवस्था गर्नुपर्छ ।
- निर्वाचन प्रक्रियाभरि दुर्व्यवहार तथा धम्कीबाट महिला उम्मेदवारलाई सुरक्षित रहनका निम्ति सुरक्षाकर्मी र राजनीतिक दलजस्ता सम्बन्धित सरोकारवालासँग काम गर्नुपर्छ ।
- महिला उम्मेदवारविरूद्ध दुर्व्यवहार, धम्की र अन्य हिंसाका घटना भएमा पीडकलाई कानूनबमोजिम छिटो कारबाही गर्ने कुरा सुनिश्चित गर्ने वा सम्बन्धित अधिकारीहरूसँग पैरवी गर्नुपर्छ ।

**(च) सूचना तथा आत्मविश्वास बढाउने क्रियाकलाप**

- चुनावी प्रचार अवधिभरि पारस्परिक समझदारी बनाउन र महिला तथा पुरूषसँग समान व्यवहार हुने किसिमको शान्त तथा स्वच्छ प्रचार-प्रसारको वातावरण निर्माण गर्न राजनीतिक दलहरूसँग सम्पर्क स्थापना गर्नुपर्छ ।
- निर्वाचन प्रचार-प्रसारको रूपरेखाका सम्बन्धमा महिला उम्मेदवार वा सम्भाव्य उम्मेदवारका लागि विशेष प्रकारका अन्तरपार्टी सूचना-सत्रहरु आयोजना गर्ने,
- प्रचार-प्रसारको सूचना तथा महिलाविरूद्धको दुर्व्यवहार एवं कानून उल्लङ्घनसम्बन्धी उजुरीका लागि निर्वाचन व्यवस्थापन निकायका महिला कर्मचारीलाई सम्पर्क व्यक्तिका रूपमा नियुक्त गर्नुपर्छ ।
- राजनीतिक दल तथा उम्मेदवारहरूलाई निर्वाचन सञ्चालन, नियमावली तथा निर्वाचनसम्बन्धी आचारसंहिताबारे जानकारी गराउनुपर्छ । समावेशीकरण, लैङ्गिक समानता र यससँग सम्बन्धित कानूनी प्रावधानको पालना गर्नुपर्ने आवश्यकताको महत्त्वबारे बुझाउनुपर्छ ।
- निर्वाचनसम्बन्धी नियमावली अन्तर्गत आफ्ना अधिकारबारे महिला उम्मेदवार पूर्णरूपमा जानकार छन् भन्ने कुरा सुनिश्चित गर्न महिला उम्मेदवारलाई भेट्ने र उनीहरूले सामना गर्नुपर्ने विशेष मुद्दा वा चुनौतीबारे निर्वाचन व्यवस्थापन निकाय जानकार छ र सम्बोधन गर्न सक्षम छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

## परिच्छेद ७.६ : मतदान सञ्चालन र निर्वाचनको दिन

जनसाधारणका लागि लोकतन्त्रको अवधारणा निर्वाचनका दिन र मतदान प्रक्रियाका बखत सबै भन्दा बढी प्रकट र निकट हुन्छ । मतदान प्रक्रिया सञ्चालन गर्न निर्वाचन व्यवस्थापन निकायले अङ्गीकार गरेको तरिकालाई नजिकबाट नियालिनेमात्र होइन, त्यसलाई जनसाधारण, राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, आम सञ्चारमाध्यम र अन्तर्राष्ट्रिय समुदायले पनि नजिकबाट परीक्षण गरिरहेका हुन्छन् । परीक्षणमा पर्ने महत्त्वपूर्ण पक्षका रूपमा कुन हदसम्म महिला, अपाङ्गता भएका महिला तथा अल्पसङ्ख्यक समुदायका महिला जस्ता सीमान्तकृत समूहहरूलाई प्रक्रियामा संलग्न गराइएको छ र ती समूह आन्तरिक कानून, अन्तर्राष्ट्रिय मापदण्ड र दायित्व अनुसार स्वतन्त्ररूपमा मतदान गर्न कुन हदसम्म आफ्नो लोकतान्त्रिक अधिकार उपयोग गर्न सक्षम छन् भन्ने रहन्छ । निर्वाचन चक्रको योजना-तर्जुमा तथा कार्यान्वयन चरणमा निर्वाचन व्यवस्थापन निकायका लैङ्गिक रणनीति तथा नीतिलगायत लैङ्गिक संवेदनशील मतदान प्रक्रिया सञ्चालनको जग बसालिएको हुनुपर्छ ।

**महिलामात्र सम्मिलित पर्यवेक्षण समूह**

नेपालमा पहिलोपल्ट आफ्नै किसिमको पहल गर्दै नेपालको निर्वाचन आयोगले संविधानसभा निर्वाचन, २०७० को पर्यवेक्षण गर्न महिलामात्र सम्मिलित पर्यवेक्षण समूहलाई परिचालन गऱ्यो । विभिन्न ३० वटा महिला संस्थाको प्रतिनिधित्व भएका ती पर्यवेक्षण समूह राष्ट्रिय महिला आयोगको नेतृत्वमा पर्यवेक्षणमा खटाइए । पर्यवेक्षणपछि महिला पर्यवेक्षकले निर्वाचनका दिन महिला सहभागितामा आएका अवरोधलाई सम्बोधन गर्न स्पष्टसँग अवसरहरु पहिचान गर्दै भावी निर्वाचनका लागि सिकेका पाठ तथा सिफारिस समावेश गरिएको प्रतिवेदन पेस गरे ।

### लैङ्गिक संवेदनशील मतदान सञ्चालन सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायको असल अभ्यास

**मतदान केन्द्रमा खटिने कर्मचारी**

- मतदान केन्द्रमा लैङ्गिक सन्तुलन कायम गरी कर्मचारी भर्नाका लागि निर्देशिका तथा अनुगमन संयन्त्र स्थापना गर्नुपर्छ ।
- महिलालाई निर्वाचन अधिकृत, मतदान केन्द्र प्रमुख तथा उपप्रमुख जस्ता वरिष्ठ पदमा नियुक्त गर्नुपर्छ ।

- महिलाले प्रभावकारी ढङ्गले काम गर्न सहयोग पाउँछन् र उनीहरूको व्यक्तिगत सुरक्षामा ध्यान दिइन्छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि महिला कर्मचारीले अँध्यारो वा असुरिक्षत क्षेत्र भएर मतदान केन्द्रमा पुग्नु र फर्कनु पर्ने अवस्थामा सुरक्षित यातायातको व्यवस्था हुनुपर्छ ।
- महिलालाई प्रतिकूल अवस्थामा पार्न सक्ने नक्कली मतदान (Proxy voting) तथा पारिवारिक मतदान (Family voting) जस्ता नकारात्मक मतदान अभ्यासबारे जानकारी प्रदान गर्न मतदान केन्द्रमा भएका कर्मचारीलाई प्रशिक्षित गर्नुपर्छ ।

**सुरक्षा**

- सुरक्षामा लैङ्गिक संवेदनशील पद्धति सुनिश्चित गर्न र मतदान केन्द्रमा महिलाविरूद्ध हुने डर-त्रासको वातावरण न्यून गर्न सुरक्षाकर्मीहरूसँग निकट भई काम गर्नुपर्छ । मतदान केन्द्रमा कतिपय स्थितिमा सुरक्षाका दृष्टिबाट पुरूषभन्दा महिला बढी जोखिममा हुन सक्छन् । सार्वजनिक वा निजी, जुनसुकै क्षेत्रमा होस्, सुरक्षा र आत्मसम्मानको अभावले महिलाको मतदान गर्ने, सार्वजनिक पदभार लिने वा निर्वाचनसम्बन्धी अन्य गतिविधिमा सहभागी हुने क्षमतालाई चुनौतीपूर्ण बनाउन सक्छ ।
- महिला सुरक्षाकर्मीको समावेशिता सुनिश्चित गर्न सुरक्षा निकायसँग काम गर्नुपर्छ ।



**मतदान प्रक्रिया व्यवस्थापन**

- मतदान केन्द्रका कर्मचारी पारिवारिक मतदान तथा नक्कली मतदानका बारेमा जानकार हुनुपर्छ र यस्तो मतदानलाई कडारूपमा रोकथाम गर्नुपर्छ किनभने यसले महिलालाई प्रतिकूल परिस्थितिमा पार्न सक्छ र महिलालाई मतदानबाट वञ्चित गर्न सक्छ ।

परिवारिक मतदानमा दुई वा दुईभन्दा बढी व्यक्ति एकै समयमा एकै मतदान केन्द्र (बुथ) मा प्रवेश गर्न सक्छन् वा परिवारको मूलीले समूहका तर्फबाट मतपत्रहरु खसाल्न सक्छन् । यो अभ्यासमा प्रायः पति र पत्नी हुन्छन् । यद्यपि, यसबाट गोप्य मतदानसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताको उल्लङ्घन हुन्छ । यो अभ्यास विशेषगरी पितृसत्तात्मक समाजमा व्याप्त छ, जहाँ महिलालाई स्वविवेकले निर्णय गर्ने अधिकार हुँदैन ।

नक्कली मतदानमा एक जनाले धेरै जनाको कागजपत्र पेस गर्छ र सबैका तर्फबाट मतदान गर्छ । यो अभ्यास प्रायः ग्रामीण, कम शिक्षित क्षेत्रहरूमा बढी पाइन्छ र यसले विशेष गरी महिलालाई प्रतिकूल परिस्थितिमा पार्न सक्छ । पारिवारिक मतदानले झैं यस्तो मतदानले पनि मतको गोपनीयता कायम हुन सक्दैन । यसरी मतको गोपनीयतासँग सम्झौता गर्नुभनेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र अधिकांश मुलुकको आन्तरिक कानूनको उल्लङ्घन गर्नु हो ।

- गर्भवती महिला, बच्चाको आमा, अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धालाई प्राथमिकता दिनुपर्छ ।
- महिलालाई निजी तथा पारिवारिक प्रतिबद्धता पुरा गर्न अप्ठ्यारो नहुने गरी मतदान गर्ने समय सुनिश्चित गर्नुपर्छ ।
- निरक्षर मतदाता र अपाङ्गता भएका व्यक्तिलाई मतदान गर्न सहायता गर्नुपर्छ ।
- निरक्षर मतदाताविरूद्ध भेदभाव नहोस् भन्नाका लागि सहज मतपत्र डिजाइन गर्ने (परिच्छेद ७.२ हेर्नुहोस्) यसलाई योजना तर्जुमा तथा कार्यान्वयन चरणमा मनन गरिनुपर्छ),
- अन्य लैङ्गिक संवेदानशील उपायहरु अवलम्बन गर्नुपर्छ । उदाहरणका लागि उपयुक्त हुने ठाउँमा महिला मतदाताको औँलामा मसी लगाउने जिम्मेवारी मतदान केन्द्रका महिला कर्मचारीलाई सुम्पनस पर्छ ।

**मतदान केन्द्र सञ्चालन व्यवस्था**

- महिला तथा अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका निम्ति सुरक्षित तथा सुगम स्थानमा मतदान केन्द्रको व्यवस्थापन गर्नुपर्छ ।
- मतदान केन्द्रमा पर्याप्त सुविधा छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि मतदान केन्द्रमा ह्विल चेयरका निम्ति र्‍याम्प र शौचालयको अभावले अपाङ्गता भएका मतदाता तथा महिला मतदातालाई मतदान गर्न निरूत्साहित गर्न सक्छ ।

- मतदाताले लामो लाममा उभिएर आफ्नो पालो पर्खनु नपरोस् वा मत खसाल्न टाढासम्म जानु नपरोस् भन्नाका लागि पर्याप्त सङ्ख्यामा मतदान केन्द्र राख्नुपर्छ । निजी तथा घरायसी दायित्वका कारण समय अभाव हुने हुँदा लामो लाम वा पायक नपर्ने मतदान केन्द्रले महिला मतदातालाई मतदानका लागि प्रोत्साहन नगर्न सक्छ । यसबाहेक समाजमा विद्यमान लैङ्गिक मूल्य-मान्यताहरूले स्वतन्त्रतापूर्वक हिँडडुल गर्नमा प्रतिबन्ध भएका देशहरूमा टाढाको मतदानस्थलसम्म परिवारको पुरूष सदस्य सँगसँगै जानुपर्ने अवस्थामा महिलाले मतदान गर्ने सम्भावना कम हुन्छ ।
- मुलुकका दुर्गम भेगका मतदाताका लागि घुम्ती मतदान केन्द्र प्रयोग गर्नुपर्छ ।
- सम्भव भएसम्म महिलाका लागि महिला मतदान कर्मचारीसहित छुट्टै मतदान केन्द्र स्थापना गर्नुपर्छ । सांस्कृतिकरूपमा उपयुक्त मानिने मुलुकमा यस्तो व्यवस्था सहयोगी हुन सक्छ र नक्कली तथा पारिवारिक मतदान अभ्यास न्यून गर्ने प्रभावकारी उपाय पनि हुन सक्छ । छुट्टै मतदान केन्द्र स्थापना गर्ने ठाउँ छान्दा महिलाले आफूलाई पुरूषहरूले अनुचित ढङ्गले हेर्दैनन् भन्ने अनुभूति गर्न सक्ने ठाउँ हुनुपर्छ । छुट्टै मतदान केन्द्र स्थापना महिलाले आफ्नो अनुहार प्रायः नदेखाउने तर मतदान गर्नुभन्दा अगाडि पहिचान रूजु गर्न अनुहार देखाउनुपर्ने सांस्कृतिक तथा धार्मिक अवस्था भएका ठाउँहरूमा सान्दर्भिक हुन्छ । यसका साथै लिङ्ग अनुसार मतदान ढाँचा पहिचान गर्दा आउन सक्ने अप्रिय नतिजा वा हुन सक्ने कलह पन्छाउन मतगणनाभन्दा अगाडि महिलामात्र सम्मिलित मतदान केन्द्रमा खसेका मतपत्रलाई पुरूषले खसालेका मतपत्रसँग मिसाउन सकिन्छ ।

**महिला तथा पुरुषका लागि छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था**

केही मुलुकमा सामाजिक मूल्य-मान्यताले पारिवारिक घेराबाहिर महिला तथा पुरूषबीचको अन्तरक्रियालाई निरूत्साहित गर्ने हुँदा महिला र पुरूषका लागि छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्थाले महिलाले मतदान गर्ने सम्भावनालाई बढाउन सक्छ । विश्वका दर्जनौँ मुलुकले लक्षित क्षेत्रमा छुट्टाछुट्टै मतदान केन्द्र स्थापना गरेका छन् । केही उदाहरण हुन्- अफगानिस्तान, भारत, पपुवा न्यु गिनी, नेपाल, श्रीलङ्का, बङ्गलादेश, यमन, पाकिस्तान, अल्जेरिया र जन्जिबार ।

स्रोत : महिला र पुरूषका लागि छुट्टाछुट्टै मतदान केन्द्रसहितका प्रणाली (एस ईलेक्टोरल नोलेज नेटवर्क) ।

## कम्बोडियामा महिला मतदान अधिकारीको सङ्ख्या बढाउन निर्वाचन व्यवस्थापन निकायसँग सहकार्य

महिला मतदान अधिकारीको सङ्ख्या बढाउन आइफेस/युसएआईडीको आर्थिक सहयोग प्राप्त महिला नेतृत्व कार्यक्रमलाई कम्बोडियाको राष्ट्रिय निर्वाचन समितिले अमूल्य सहयोग प्रदान गऱ्यो । कार्यक्रमले कम्बोडियाभरिका ४९० महिलालाई निर्वाचन प्रशासन तथा नेतृत्व सीपसम्बन्धी तालिम प्रदान गऱ्यो । मतदान तथा मतगणना तालिम सञ्चालनमा सहयोग गर्न राष्ट्रिय निर्वाचन समितिका अधिकारी अतिथि वक्ताका रुपमा तालिममा उपस्थित भए । तालिमपछि सन् २०१२ को कम्युन परिषद्को निर्वाचन र २०१३ को राष्ट्रपतीय निर्वाचनका लागि राष्ट्रिय निर्वाचन समितिमा भएका पदसम्बन्धी जानकारी र कसरी आवेदन दिने भन्नेबारे सल्लाह दिन तालिमका सहभागीहरुको क्षेत्रीय मञ्चमा स्थानीय अधिकारीहरु सहभागी भए । तालिम, सञ्जाल निर्माण (नेटवर्किङ) र प्रक्रियामा राष्ट्रिय निर्वाचन समितिको स्वस्फुर्त संलग्नताको परिणामस्वरुप सन् २०१२ को निर्वाचनका लागि १९६ मध्ये १७३ र राष्ट्रपतीय निर्वाचनका लागि ३२५ मध्ये २०९ सहभागीले रोजगारी पाए ।



*æeljiodf oL k|zIffyL{lgjf{rg k|zf;ssf ¿kdf ;xefuL eP eg]x/]s lgjf{rgdf a9L kf/blz{tf xg]s'/fdf d ljZj:t 5'.Æ*

श्री टच सेठा, उपाध्यक्ष, कन्डाल प्रान्तीय निर्वाचन आयोग, कम्बोडिया



*ælgjf{rg lsg Tolt dxŒjk0f{xG5 / lgjf{rg k|lqmofdf dlxnf lsg ;xefuL xg'k5{eGg]a'‰g sfo{qmdn]dnfO{;xof]u u¥of]. lgjf{rgsf lbg dt]lgjf{rg ugs{g[el'dsf tyf bfloTj / ckgfpg' kg]{ sfo{jlwaf/] /fdf] ;'emfa'em xfl;n ug{ lbzfdf tfnd cdN'o lyof]. sDafl8ofdf xg] lgjf{rgx¿df lg/Gt/ ;xefuL xg]d/f]ofh]gf 5 .Æ*

डुक रादाली महिला नेतृत्व कार्यक्रममा सहभागी भइन् र सन् २०१२ को कम्युन परिषद्को निर्वाचनका लागि प्रान्तीय निर्वाचन समितिको उपप्रमूखका रुपमा स्थान पाउन सफल भइन् ।

## परिच्छेद ७.७ : नतिजाको जाँच

मतदान सकिएपछि निर्वाचन व्यवस्थापन निकायले मतगणना तथा नतिजा तालिकीकरण र उजुरी तथा पुनरावेदन प्रक्रियामा लैङ्गिक संवेदनशीलता रहेको सुनिश्चित गर्नुपर्छ ।

**<u>नतिजाको लैङ्गिक सवेदनशील जाँच सुनिश्चित गर्न निर्वाचन व्यवस्थापन निकायको असल अभ्यास</u>**

**मतगणना तथा नतिजा तालिकीकरण**

- निरक्षर तथा अशिक्षित व्यक्तिहरू, जसमध्ये अधिकांश महिला हुन्छन्, उनीहरूका विरूद्ध भेदभाव नहोस् भन्नाका लागि मतपत्रको वैधतासम्बन्धी नियमहरु अति कडा छैनन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । मतदाताको आशय स्पष्ट छ भने सामान्य नियम अनुसार मतपत्रहरु स्वीकारिनुपर्छ ।
- महिला उम्मेदवारलाई पीडित बनाउने जालसाजीका दृष्टान्तलाई प्रतिकार गर्न मतदान केन्द्रका कर्मचारीको प्रशिक्षणलगायतका प्रणाली सक्षम छन् भन्ने सुनिश्चित गर्नुपर्छ ।
- मतदाताको उपस्थिति र निर्वाचित महिला तथा पुरूषको वर्गीकृत तथ्याङ्कको तुलना गर्न र त्यसै अनुसार जानकारी गराउन प्रणालीहरु छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

*æ@)&) ;fn j}zfVf @* ut]sf]cfd lgjf{gdf dlxnfsf nflu dfq agf0Psf s]Gbk¿ af6 kf|Kt dtkqsf]5§}u0fgf u/L dtbfgdf pkl:yt dtbftfsf]n}lus¿kdf juL{s[t tYofª\s ;ª\sng ug{ kfls:tfgsf]lgjf{g cof]un]klxnf]k6s Joj:yfldnfof]. t/, o'fk]hL ;ª\B lgjf{g ko{]If0f ld;gsf ko{]Ifsx¿n]o:tf] dtu0fgf Jojxf/df gePsf]/ n}lus¿kdf juL{s[t tYofª\s ;ª\sng ;DaGwL k|Zg gltHf kmf/fddf k'/f gul/Psf]hfgsf/L u/fP .Æ*

स्रोत : युरोपेली सङ्घ निर्वाचन पर्यवेक्षण मिसन (सन् २०१३) । पाकिस्तान : अन्तिम प्रतिवेदन । *http://www.eueom.eu/files/pressreleases/english/eu-eom-pakistan-2013-final-report_en.pdf*

- निर्वाचनपछि परिणामलाई महिला तथा अपाङ्गता भएका व्यक्तिहरूले सहजै बुझ्न सक्ने ढाँचा र स्थानमा उपलब्ध गराउनुपर्छ ।
- तथ्याङ्क सङ्कलन प्रभावकारी छ वा छैन भनी विश्लेषण गर्न परिणाम प्रमाणीकरण प्रक्रियासम्बन्धी वर्गीकृत तथ्याङ्कको अनुगमन गर्नुपर्छ ।

**उजुरी तथा पुनरावेदन प्रक्रिया**

- अशिक्षित, निरक्षर वा अपाङ्गता भएका महिलामाथि भेदभाव नहोस् भन्नाका लागि उजुरी तथा पुनरावेदन प्रक्रिया स्पष्ट र सरल हुनुपर्छ ।
- निर्वाचित महिला उम्मेदवारले राजीनामा दिएको स्थितिमा किन राजीनामा दिए भन्नेबारे स्पष्ट हुन र उनीहरूलाई डर-त्रास देखाइयो कि भन्ने बुझ्न छानबिन गर्नुपर्छ ।
- निर्वाचनसम्बन्धी उजुरी हेर्ने प्रशासनिक वा न्यायिक निकायको सदस्यमा महिला पनि रहनुपर्छ ।
- मतदाता शिक्षाको अंशका रूपमा महिलालाई उजुरी तथा पुनरावेदन प्रक्रियाबारे जानकारी दिइनुपर्छ ।
- अनौपचारिक वा वैकल्पिक न्यायिक संयन्त्रहरूमा समेत उजुरी र पुनरावेदन दर्ता गर्नमा महिलाको समान पहुँच कायम गर्नुपर्छ ।
- अपाङ्गता भएका वा निरक्षर जस्ता विशेष आवश्यकता भएका महिलालाई उजुरी दर्ता गर्न वा कुनै निर्णयका विरूद्ध पुनरावेदन गर्ने काममा सहयोग प्रदान गर्नुपर्छ ।
- महिला मतदाता तथा उम्मेदवारले गरेका उजुरीसम्बन्धी सूचनाको (जस्तै : उजुरीको सङ्ख्या, प्रकृति वा उजुरी गर्नुपर्ने घटना कहाँ भयो आदि) विश्लेषणले भविष्यमा हुने निर्वाचनका लागि अमूल्य सुझावहरु प्रदान गर्छन् र नीति तथा निर्णयलाई सुसूचित गर्छन् ।

**जर्जियाको निर्वाचनमा सहभागिताको तथ्याङ्क**

सन् २०१४ मा जर्जियाको निर्वाचन इतिहासमा पहिलो पटक मतदाता नामावलीमा मतदाताको नामका साथै मतदाताको फोटो तथा लिङ्ग उल्लेख गरियो । यसले जर्जियाको केन्द्रीय निर्वाचन आयोगलाई निर्वाचनका दिनमा महिला सहभागिताको सूचना सङ्कलन तथा प्रकाशन गर्न सम्भव गरायो । लैङ्गिकताका आधारमा वर्गीकृत मतदाता सूचीमा कुल ३४ लाख ७२ हजार ७७२ मतदातामध्ये १८ लाख ६६ हजार ५१४ महिला रहेको देखियो, जुन कुल मतदाता सङ्ख्याको ५४ प्रतिशत थियो । राष्ट्रव्यापीरूपमा कुल मतको ५०.२ प्रतिशत महिलाले मतदान गरे । जर्जियाको राजधानीमा यो सङ्ख्या बढेर ५५.९४ प्रतिशत पुग्यो । केन्द्रीय निर्वाचन आयोगले सन् २०१४ को निर्वाचनसँग सम्बन्धित दस्ताबेज प्रकाशन गर्‍यो, जसले राजनीतिका विभिन्न तहमा महिला तथा पुरूषको सहभागितासम्बन्धी विविध तथ्याङ्कहरूको विश्लेषण गरेको छ ।

## परिच्छेद ७.८ : निर्वाचनपछिको चरण

निर्वाचन चक्रको सबैभन्दा लामो चरणको रूपमा रहने निर्वाचनपछिको चरणले निर्वाचन व्यवस्थापन निकायलाई लैङ्गिक दृष्टिकोणबाट निर्वाचन र विभिन्न निर्वाचन प्रक्रिया तथा क्रियाकलापको विश्लेषण गर्ने अमूल्य अवसर प्रदान गर्छ । यस अवधिमा तुरुन्त गर्नुपर्ने काम कम हुने र राजनीतिक कामको चाप नहुने हुँदा भावी निर्वाचनमा लैङ्गिक समानता तथा पूर्ण महिला सहभागिता हासिल गर्नका निम्ति पूर्ण विश्लेषण, सिकेका पाठ तथा सुझावका आधारमा आफ्नो पद्धतिलाई थप सुदृढ तुल्याउनका लागि योजना बनाउन र आवश्यक कार्य गर्न निर्वाचन व्यवस्थापन निकायले यो समय प्रयोग गर्न सक्छ ।

प्रमुख आन्तरिक तथा बाह्य सरोकारवालाहरूसँग सम्पर्क स्थापना यस प्रक्रियाको महत्त्वपूर्ण कार्य हो । यसले निर्वाचन व्यवस्थापन निकायका भावी लैङ्गिक नीति तथा कार्यक्रमका लागि सम्बन्धित सरोकारवालाहरूबाट पारदर्शी तथा एकीकृत पद्धति र प्रतिबद्धता सुनिश्चित गर्न सहयोग गर्नेछ ।

**<u>लैङ्गिकतासम्बन्धी निर्वाचनपछिका क्रियाकलापका लागि असल अभ्यास</u>**

**निर्वाचनपछि विश्लेषण र रिपोर्टिङ**

- निर्वाचन कार्यसम्बन्धी परामर्श गर्न र मुद्दाहरूको पुनरावलोकन गर्न प्रमुख आन्तरिक तथा बाह्य सरोकारवालाहरूको पहिचान गरी निर्वाचनपछि लैङ्गिक विश्लेषणको योजना तयार गर्नुपर्छ । त्यस्तो योजनामा लैङ्गिक तथा पहुँचसम्बन्धी मुद्दा छानबिन गर्न विशेष बैठक र निर्वाचनपछि सरोकारवालाहरूसँगको बृहत्तर बैठकमा लैङ्गिक पक्षलाई समायोजन गर्ने उद्देश्य समावेश गर्नुपर्छ ।
- लैङ्गिक दृष्टिकोणबाट विभिन्न निर्वाचन क्रियाकलाप र प्रक्रियालाई हेर्न राष्ट्रिय तथा स्थानीय तहका सम्बन्धित आन्तरिक तथा बाह्य सरोकारवालाहरूलाई एउटै मञ्चमा भेला गराउनुपर्छ । महिला समूह तथा पर्यवेक्षक समूहसँगको परामर्शलाई प्रक्रियाका रूपमा समावेश गर्नुपर्छ किनभने परामर्श यो प्रक्रियाको अंश हो । त्यस्ता समूहमा जवान महिला र अपाङ्गता भएका एवं अल्पसङ्ख्यक समुदायका महिला जस्ता सीमान्तकृत समूहका महिला पनि समावेश हुनुपर्छ ।
- महिलाप्रति लक्षित निर्वाचन-हिंसाका घटना र यस्ता घटनाले महिला सहभागिता र निर्वाचन प्रक्रियामा पार्ने प्रभावको विश्लेषण गर्नुपर्छ ।

- लक्ष्य तथा सूचक पूरा भए/नभएको पुष्टि गर्न र पूरा नभएका भए त्यसको कारण ठम्याउन सङ्कलित लैङ्गिक वर्गीकृत तथ्याङ्क (महिला उपस्थितिको अर्थमा निर्वाचन नतिजा, महिलाले पाएका मत, महिलाले जितेका स्थान र निर्वाचन कर्मचारी, पर्यवेक्षक र प्रतिनिधिका रूपमा महिलाको सहभागिता) को विश्लेषण गर्नुपर्छ ।



यो चित्र सर्वसाधारणलाई मतदान प्रक्रियासँग सम्बन्धित शिक्षा दिन प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा प्रयोग गरिएको चित्र-शृङ्खलाको एउटा भाग हो ।

- निर्वाचन र सम्बन्धित प्रक्रियाहरूका बारेमा महिला मतदाता, महिला उम्मेदवार वा निर्वाचन प्रशासनका महिला कर्मचारी जस्ता प्रमुख महिला सरोकारवालाका दृष्टिकोण बुझ्न उनीहरूसित लक्षित सामूहिक छलफल सञ्चालन गर्नुपर्छ ।
- कानूनमा सुधार गर्न, परिमार्जन गर्न तथा लैङ्गिक-मैत्री बनाउन र भावी निर्वाचनका लागि थप लैङ्गिक समानता अभिवृद्धि गर्न विश्लेषण तथा सिकेका पाठका आधारमा सुझाव प्रस्तुत गर्नुपर्छ ।
- भविष्यको कार्ययोजनाका निम्ति स्पष्ट सुझावसहितको 'लैङ्गिकता तथा निर्वाचन' प्रतिवेदन तयार गरी विभिन्न सरोकारवालालाई उपलब्ध गराउनुका साथै वेबसाइटमा राख्नुपर्छ ।
- निर्वाचन व्यवस्थापन निकायको वार्षिक प्रतिवेदनमा लैङ्गिक प्रभावसम्बन्धी जानकारी पनि राख्नुपर्छ ।
- लैङ्गिक विश्लेषणको नतिजा, सिकेका पाठ र सुझावबारे जानकारी गराउन सरोकारवालाहरूसँग छलफल गर्नुपर्छ ।
- सहजै पहुँच हुने किसिमको प्रमुख लैङ्गिक सूचनाको अभिलेख तयार गर्नुपर्छ ।
- निर्वाचनमा महिला संलग्नताको वकालत र सहजीकरणमा संलग्न राष्ट्रिय तथा स्थानीय महिला समूह वा संस्थाहरूसँग सम्पर्क तथा सम्बन्ध स्थापना गर्नुपर्छ ।

**शिक्षा, क्षमता अभिवृद्धि तथा संस्थागत विकास**

क) बाह्य

- हालसालै गरिएका निर्वाचन र निर्वाचनपछिका विश्लेषणबाट प्राप्त सूचनाका आधारमा नागरिक तथा मतदाता शिक्षा क्रियाकलापमार्फत निर्वाचन प्रक्रियाबारे जनबुझाइ र चेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिनुपर्छ ।
- निर्वाचनमा महिलाको पूर्ण सहभागिता जुटाउनका लागि सहयोग गर्ने नागरिक समाजका संस्थाहरूको क्षमता बढाउने कामलाई जारी राख्नुपर्छ ।
- अन्य निर्वाचन व्यवस्थापन निकायहरूसँग अनुभव तथा असल अभ्याससम्बन्धी जानकारी आदान प्रदान गर्नुपर्छ ।



ख) आन्तरिक

- निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका लागि लैङ्गिक संवेदनशीलतासम्बन्धी थप तालिम सञ्चालन गर्नुपर्छ ।
- सेवाकालीन क्षमता अभिवृद्धि, तालिम तथा परामर्शमार्फत महिलाको व्यावसायिक विकासलाई सहयोग गर्ने कार्य जारी राख्नुपर्छ ।

- निर्वाचन व्यवस्थापन निकायको लैङ्गिक एकाइ र सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्नुपर्छ ।
- संस्थाका सबै तह, विशेष गरी मध्यम तथा वरिष्ठ व्यवस्थापनका पदमा महिलालाई नियुक्त गर्नुपर्छ ।
- महिलाको राजनीतिक सहभागिता, निर्वाचन बिबाद समाधान, महिलाविरूद्ध हिंसा, अपाङ्गता भएका महिला आदि जस्ता विषयमा महिला लक्षित अनुसन्धान सञ्चालन गर्ने र प्राप्त परिणामलाई भावी योजना तर्जुमामा प्रयोग गर्नुपर्छ ।
- लैङ्गिक विश्लेषणका आधारमा लैङ्गिक रणनीति र लैङ्गिकतासम्बन्धी संस्थागत नीति पुनरावलोकन र थप विकास गर्नुपर्छ ।
- निर्वाचन व्यवस्थापन निकायको रणनीतिक योजनाको लैङ्गिक संवेदनशीलताको समीक्षा गरेर आवश्यकता अनुरूप संशोधन गर्नुपर्छ ।

**निर्वाचन प्रक्रिया**

- भावी निर्वाचनका लागि विभिन्न निर्वाचन प्रक्रिया र क्रियाकलापमा थप लैङ्गिक समानता प्रवर्द्धन गर्न आवश्यक क्रियाकलापहरूका लागि योजना तथा बजेट तयार गर्नुपर्छ ।
- यदि बजेटको अभाव छ भने दातृ निकायसँग सम्पर्क गर्ने र लैङ्गिकतासम्बन्धी क्रियाकलापका लागि प्रस्ताव तयार गर्नुपर्छ ।
- निर्वाचन प्रक्रियालाई लैङ्गिक दृष्टिकोणले सफल बनाउनका निम्ति सम्बद्ध क्रियाकलाप कार्यान्वयन गर्नुपर्छ ।
- कानूनमा लैङ्गिक-मैत्री सुधार ल्याउन सम्बन्धित सरोकारवालाहरूसँग सम्पर्क स्थापना गर्नुपर्छ ।
- महिला मतदाताको नाम दर्तादर बढाउन निर्वाचनपछिको विश्लेषणमा पहिचान गरिएका नयाँ उपायलाई समायोजन गर्दै मतदाता नामावलीलाई अद्यावधिक गर्नुपर्छ ।

## परिच्छेद ८ : लैङ्गिकता र अपाङ्गता

अपाङ्गता भएका महिलाले अपाङ्गता र लैङ्गिकताका कारणले गर्दा दोहोरो विभेदको सामना गर्नु परिरहेको छ । अपाङ्गता भएका महिलाले तुलनात्मक शिक्षा वा तालिम; स्वास्थ्य र पुनःस्थापना वा रोजगारीका अवसरहरूमा अपाङ्गता नभएका महिलाभन्दा कम अवसर प्राप्त गर्ने सम्भावना हुन्छ । यसको फलस्वरूप उनीहरूले आफ्नो समुदायको राजनीतिक तथा सामाजिक जीवनबाट अलग्गिएर गरिबी र एक्लोपनमा बाँच्नुपरिरहेको हुन सक्छ ।

युएसएआईडीका[12] अनुसार, न्युन र मध्यम आय भएका मुलुकमा अपाङ्गता भएका सम्पूर्ण व्यक्तिमध्ये लगभग तीन-चौथाइ महिला छन् । यति धेरै सङ्ख्यामा रहेका अपाङ्गता भएका व्यक्तिहरूले महिला भएकै कारणले थप अवरोधहरु सामना गरिरहेको अवस्थामा निर्वाचन व्यवस्थापन निकायले राजनीतिक तथा निर्वाचन प्रक्रियाहरूमा तिनको पूर्ण सहभागितामा अवरोध ल्याउने लैङ्गिकतामा आधारित चुनौतीहरूलाई बुझ्नु आवश्यक छ ।

निर्वाचन व्यवस्थापन निकायको कामको सुरु-बिन्दु भनेको अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित प्रमुख अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी लिखतहरूलाई बुझ्नु हो । अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा तीमध्ये सबैभन्दा सान्दर्भिक सन् २००८ को अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि हो । त्यस महासन्धिको धारा ६ ले अपाङ्गता भएका महिलाका अधिकार र राज्यले तिनलाई पूरा गर्नुपर्ने जिम्मेवारी उल्लेख गरेको छ । यसबाहेक राजनीतिक तथा सार्वजनिक जीवनसम्बन्धी धारा २९ ले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकारको परिपूर्तिलाई प्रवर्द्धन गर्छ । ती धारालाई सङ्क्षिप्तरूपमा तल दिइएको छ :

> **धारा ६ : अपाङ्गता भएका महिला**
> अपाङ्गता भएका महिला र बालिकाहरु विभिन्न किसिमका विभेदको शिकार हुन्छन् । अपाङ्गता भएका महिला महासन्धिमा व्यवस्था गरिएका अधिकार र स्वतन्त्रता पूर्णरूपमा उपभोग गर्न सक्षम भएका छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि पक्ष राष्ट्रहरूले सबै उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्छ ।
>
> **धारा २९ : राजनीतिक र सार्वजनिक जीवनमा सहभागिता**
> अपाङ्गता भएका व्यक्तिहरूको राजनीति र सार्वजनिक मामिलाहरूमा सहभागी हुने अधिकार हुनुका साथै मतदान गर्ने र निर्वाचित हुने अधिकारसमेत हुन्छ ।

12 अपाङ्गता भएका महिलाहरु, अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्यको नियोग (यूएसएआईडी) । www.usaid.gov/what-we-do/gender-equality-and-womens-empowerment/women-disabilities

**नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका व्यवस्थालाई आत्मसात गरिएको**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई सन् २०१० को मे महिनामा अनुमोदन गरेपछि यसमा भएका प्रावधान नेपालमा पनि लागू भएका छन् । केही व्यवस्था राष्ट्रिय कानून र निर्देशनहरूमा प्रतिविम्बित भइसकेका छन् । उदाहरणका लागि, सन् २०१२ मा नेपाल सरकारले "अपाङ्गता भएका व्यक्तिहरूका लागि शारीरिक पहुँच र सञ्चार सेवासम्बन्धी निर्देशन" जारी गऱ्यो, जसले मौजुदा भवन निर्माण संहितामा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई अझ राम्ररी सम्बोधन गर्नमा मद्दत गर्छ ।

त्यो निर्देशन लागू भएपछि अपाङ्गता भएका व्यक्तिहरूले सार्वजनिक पूर्वाधारहरु, जस्तै : विद्यालय भवन, अस्पताल र सरकारी भवनहरूमा सहज पहुँच प्राप्त गर्ने छन् । यस्ता सार्वजनिक पूर्वाधारहरूमा मतदान केन्द्रका प्रमूख स्थलहरूका साथै नागरिक शिक्षा र मतदाता नामदर्ताका स्थानहरु पनि हुन सक्छन् ।

यस पुस्तिकाको परिच्छेद ४ मा जोड दिइए झैं महिलाको राजनीतिक सहभागितामा विभिन्न संस्थागत, सामाजिक वा सांस्कृतिक अवरोधहरु आउन सक्छन् । उदाहरणका लागि :

- नागरिकतासम्बन्धी विभेदकारी कानूनले गर्दा मतदाता दर्ताका लागि आवश्यक नागरिकता वा कागजपत्रहरु हासिल गर्न प्रायः महिलालाई पुरूषलाई भन्दा गाह्रो हुन्छ । अपाङ्गता भएका महिला र बालिकाहरूका लागि यो समस्या अझ गम्भीर हुन सक्छ ।
- मतदानका लागि नामदर्ता गर्न प्रायः लामो लाइनमा बस्नुपर्ने र मतदान केन्द्रमा पुग्न टाढासम्म जानुपर्ने हुन सक्छ । विशेष गरी अपाङ्गता भएका ६५ देखि ७० प्रतिशत महिला ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने गरेको अवस्थालाई विचार गर्दा यी दुवै अवस्थाले अपाङ्गता भएका महिलाका लागि कठिनाइ उत्पन्न गर्न सक्छन् ।[13]
- निर्वाचनमा लैङ्गिक हिंसाले महिलाको राजनीतिक सहभागितालाई निरूत्साहित गर्न सक्छ । अपाङ्गता भएका महिलाले अपाङ्गता नभएका महिलाको तुलनामा तीनगुणा बढी शारीरिक वा यौनिक हिंसा सामना गर्नुपर्ने सम्भावना हुन्छ ।[14]
- महिलामा रहेको साक्षरता र शिक्षाको न्युन पहुँचले गर्दा उनीहरूमा नागरिक र राजनीतिक चेतनाको कमी हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूको विश्वव्यापी साक्षरता दर अत्यन्त न्युन भएको सन्दर्भमा अपाङ्गता भएका महिलाका लागि यो समस्या झन् बढी हुन्छ ।[15] यसबाहेक, प्राथमिक विद्यालय तह पूरा गर्ने विश्वव्यापी औसत दर बालकको ५१ प्रतिशतको तुलनामा बालिकाको ४२ प्रतिशत रहेको सन्दर्भमा अपाङ्गता भएका बालिकाले प्राथमिक विद्यालय पूरा गर्ने सम्भावना बालकको तुलनामा अत्यन्त न्युन रहेको छ ।[16] यसले अपाङ्गता भएका महिलालाई मतदान गर्न पाउने आफ्नो अधिकारका बारेमा जानकारी प्राप्त गर्न र स्वतन्त्र छनौटदेखि लिएर बिबाद समाधान संयन्त्रहरूमा पहुँचसम्बन्धी क्षमतासम्म उनीहरु निर्वाचनमा सहभागी हुने क्षमतासमेतमा विविध किसिमले प्रभाव पार्छ ।

---

13 "तथ्याङ्क-पत्र : अपाङ्गता भएका महिला र बालिकाहरूमाथि हुने हिंसा" विमेन वाच । संयुक्त राष्ट्र सङ्घ । "Factsheet: Violence against Women and Girls with Disabilities" Women Watch. United Nations.

14 विश्व बैङ्क/येल विश्वविद्यालय (सन् २००४, अप्रिल) । "एचआईभी/एड्स र अपाङ्गता : लुकेका स्वरहरूको चित्रण"

15 संरास इनेबल । "अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी संरास सबलीकरण ।" संयुक्त राष्ट्रसङ्घ ।

16 लियोनार्ड चेसायर डिसेबिलिटी (सन् २०१४, मार्च) । "अपाङ्गता भएका महिला र बालिकाका अधिकारहरूको पहिचान ।"

- महिलाको स्वतन्त्रतालाई प्रतिबन्ध लगाउने वा आफ्ना निजी छनौटहरूको अभ्यास गर्नबाट वञ्चित गर्ने सांस्कृतिक परम्पराहरूले निमित्त वा पारिवारिक मतदान गर्ने अवस्थालाई प्रोत्साहन गर्न सक्छन् । प्रायः पारिवारिक सहयोगमा बढी निर्भर हुने अपाङ्गता भएका महिलाका सन्दर्भमा यो खतरा झन् बढी हुन्छ ।
- राजनीति र निर्णय प्रक्रियाहरूमा महिलाको न्युन प्रतिनिधित्व रहँदै आएको अवस्था छ र अपाङ्गता भएका महिलाको प्रतिनिधित्व झन कम छ ।

> विश्व स्वास्थ्य सङ्गठनले विश्वको जनसङ्ख्याको झन्डै १५ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको आँकलन गरेको छ । यही तथ्यका आधारमा नेपालमा रहेका अपाङ्गता भएका व्यक्तिको सङ्ख्या लगभग ४० लाख अनुमान गरिएको छ (नेपालको केन्द्रीय तथ्याङ्क विभागले २०६८ सालमा गरेको जनगणनाका तथ्याङ्कहरूका आधारमा) । महिलाले जनसङ्ख्याको आधा हिस्सा ओगट्ने हुनाले नेपालमा अपाङ्गता भएका महिलाको सङ्ख्या २० लाख ४६ हजार ७०० आँकलन गर्न सकिन्छ ।

यो पुस्तिकाभरि नै अपाङ्गता भएका महिलाका विशेष आवश्यकताहरूलाई पहिचान गर्नुपर्ने विषयको महत्त्वमाथि जोड दिइएको छ । अपाङ्गता भएका महिलाको पूर्ण सहभागिता सुनिश्चित गर्नमा मद्दत पुऱ्याउन निर्वाचन चक्रको रूपरेखालाई आधार मानेर निर्वाचन व्यवस्थापन निकायको असल नमूना अभ्यासलाई तल सङ्क्षिप्तरूपमा प्रस्तुत गरिएको छ :

**निर्वाचन व्यवस्थापन निकायभित्रको असल नमूना अभ्यास**

- निर्वाचन व्यवस्थापन निकायको भवन अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सुविधाहरूसहित पहुँचयोग्य छ भन्ने कुरा सुनिश्चित गर्ने,
- निर्वाचन व्यवस्थापन निकायको भवन र कार्यालयहरूमा अपाङ्गता भएका व्यक्तिहरूका सकारात्मक चित्र र पोस्टरहरु राख्ने,
- अपाङ्गता भएका महिलालाई रोजगारी प्रदान गर्ने : अपाङ्गता भएका महिलाले गर्न सक्ने कामहरु पहिचान गरेर त्यस अनुसारै काममा नियुक्त गर्ने ।

### १. कानूनी प्रारूप

- लैङ्गिक दृष्टिकोणबाट कानूनहरूको समग्र पुनरावलोकन प्रक्रिया अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि जस्ता अपाङ्गता भएका महिलासँग सम्बन्धित अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी संयन्त्रहरु अनुरूप भएको सुनिश्चित गर्ने,
- मतदान गर्ने अधिकारमाथि भएका क्षमतासम्बन्धी कानूनी प्रतिबन्धहरु निर्मुल गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूका सङ्गठनहरूलाई निर्वाचनसम्बन्धी आचारसंहिताका साथै अपाङ्गतामैत्री निर्वाचन कानूनहरूको निर्माणमा सहभागी गराइनुपर्छ ।



æd lk{lnlkG;sf]lgjf{rg cfof]usf ;ft hgf pRr:t/Lo g]tfdWo]Ps / Psdfq dlxnf ;b:o xF. ckfª\utf ePsf dlxnfn]x/\$kN6 dnfO{ b]Vbf pgLx¿n]klg cfkm\"df ePsf ;Defjgfnf0{ lrGg ;S5g\ eGg] dfg] cfzf lnPsL 5'. o;df rf]gf}lx¿ eoª\s/ 5g\ t/ ;fdgf ug{ g;lsg] Vffnsf 5}gg\ . o;df klxnf] 7fhf] sbd eg]sf] lgjf{rgdfkm{t b]zsf] lg0f{os k|lqmofsf lx:;f aGg] cf^gf clwsf/sf] cEof; ug{' xf]. o;}sf/0f dfg] xfdf lgjf{rg sfo{qmdx¿ / ;'wf/x¿af6 s]n nfeflGjtsf ¿kdf dfq xf]Og, ;fem]bf/sf ¿kdf ckfª\utf ePsf JolQmx¿nf0{ ;xefuL tNofpg sfd ul//x]sL 5'. dfg] ckfª\utf ePsf JolQmsf rf;f]x¿nf0{ xfdf k|lt1fkq / lg0f{ox¿df PsLs[t ug{df hf]8 lbPsL 5,' h;n]ubf{ tL s]n ;xof]uL jf yk ;fdu|Ldf kl/0ft xg]5}gg\.

xfdf] ;ldltn] ckfª\utf ePsf JolQmx¿ / Hoi7 gful/s b'j}sf nflu kxF{ofo] dtbfg s]Gbx¿ ;DaGwL gofF sfg'g sf] sfof{Gjog ug{ lgod / ljlgodx¿sf] d:of}bf ug{ hDd]jf/L lnPsf] lyof]. xfdLn] ckfª\utf ePsf JolQmsf cu'jfx¿af6 ;'emfj / :jLs[t lng]s'/f ;lglZrt u/of}F. ce}w}sfd ug{afF]L 5 t/ d ckfª\utf ePsf dlxnfsf ljrf/ / of]ubfg ;wF{Vff]hof];\ eGg] s'/f ;lglZrt ug{Vff]Hb}5'lsgeg]o; cfof]udf d]/f]l;ldt sfo{sfnneGbf w]/}k5fl8;Dd klg xfdf sfo{qmdx¿df o; Iff]qsf]:jfldTj / ;xof]unf0{;lglZrt ug{of];a}eGbf pQd tl/sf xf].Æ

आयुक्त ग्रेस पडाका, निर्वाचन आयोग, फिलिपिन्स

## २. योजना र कार्यान्वयन

- निर्वाचन प्रक्रियाहरूको लैङ्गिक विश्लेषणको अंशका रूपमा अपाङ्गता भएका महिलाका दृष्टिकोणबाट कानूनी व्यवस्था र गतिविधिहरूलाई पुनरावलोकन, उनीहरूको सहभागिताका अवरोधहरु र तिनलाई सम्बोधन गर्ने तरिकाहरूको पहिचान र अपाङ्गता भएका महिलालाई विश्लेषण र समाधानको विकासमा सहभागी गराउने,
- अपाङ्गता भएका महिलाका आवश्यकतालाई सम्बोधन गर्न सक्ने कार्यान्वयन योजना, प्रक्रिया र सम्बन्धित निर्देशनहरु विकास गर्ने,

- मतदान प्राथमिकतासम्बन्धी नीति निर्माण गर्ने,
- अग्रिमरूपमा मतदान गर्ने वा घुम्ती मतदान बाकसहरु जस्ता वैकल्पिक मतदान प्रक्रियाहरूसम्बन्धी नीतिहरु निर्माण गर्ने,
- पहुँचयोग्य किसिमका निर्वाचन केन्द्रहरूको ढाँचा निर्माण गर्ने,
- म्याग्निफाइङ सिसा, ह्विल चेयर प्रयोग गर्नेहरूका लागि सहज मतदान केन्द्र, मतपेटिकामा छोएर चिन्न सकिने स्टिकरहरु, ठूला ग्रिप पेनहरु र अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने अन्य सामग्रीहरु उपयोग गर्ने,
- स्पर्शबाट थाहा पाइने मतदान निर्देशिका निर्माण गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूमाथि विभेद कम गर्नका लागि वा सहज बुझाइका निम्ति जटिल मतदान प्रक्रियालाई हटाउने,
- अपाङ्गता भएका पर्यवेक्षकहरु नियुक्त गर्ने,
- अपाङ्गता भएका महिलाका दृष्टिकोणबाट निर्वाचन गतिविधिहरूको पुनरावलोकन, अनुगमन र मूल्याङ्कन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि लैङ्गिकरूपमा विभाजित तथ्याङ्कहरु सङ्ग्रह गर्ने ।

### ३. शिक्षा र तालिम

- अपाङ्गता भएका महिलाका लागि विशेष मतदाता शिक्षाको आवश्यकतासम्बन्धी विश्लेषण गर्ने,
- अपाङ्गता भएका महिलासम्म पहुँचका लागि उनीहरूको सहभागितालाई मद्दत पुऱ्याउने विशेष किसिमका उपायहरूमा जोड दिँदै लक्षित सन्देश, सामग्री र उपयुक्त मतदाता शिक्षण विधिहरु तयार गर्ने,
- मतदाता शिक्षा सामग्रीमा अपाङ्गता भएका महिलासँग सम्बन्धित सकारात्मक र प्रेरणादायी चित्रहरु समावेश गर्ने,
- मतदाता शिक्षा अभियानलाई प्रभावकारी बनाउन अपाङ्गता भएका व्यक्तिहरूसँग कार्य गर्ने समूह र सङ्गठनहरूसँग समन्वय गरेर काम गर्ने,
- प्रशिक्षकहरूलाई नेपाली साङ्केतिक भाषाको तालिम दिने,
- शिक्षण सामग्रीहरूलाई ब्रेललिपि र ठुला अक्षरमा प्रकाशन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताका विषयमा चेतना अभिवृद्धि गर्न ब्रिज **(BRIDGE)** को अपाङ्गता मापदण्ड जस्ता अपाङ्गताप्रति संवेदनशील बहुसरोकारवाला तालिमका कार्यक्रम सञ्चालन गर्ने र अपाङ्गता भएका महिलाका आवश्यकतालाई यस्ता तालिमले पूर्णरूपमा समेटेका छन् भन्ने कुरा सुनिश्चित गर्ने,
- कुनै पनि तालिमको योजना बनाउँदा, सञ्चालन गर्दा र मूल्याङ्कन गर्दा अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता समावेश भएका तालिम-सत्रहरु तर्जुमा तथा सञ्चालन गर्ने निर्वाचन व्यवस्थापन निकायका कर्मचारीको क्षमता विकास गर्ने,

- अपाङ्गतासँग सम्बन्धित विषयहरूलाई मतदान कर्मचारीको हातेपुस्तकमा समावेश गर्ने र अपाङ्गता भएका व्यक्तिहरूका लागि मतदानको सहजीकरण गर्ने सम्बन्धमा प्रशिक्षण दिने,
- अपाङ्गता भएका महिलालाई निर्वाचन व्यवस्थापन निकायका तालिमहरूमा समावेश गर्ने ।




**४. मतदाता दर्ता**

- अपाङ्गता भएका व्यक्तिहरूका सङ्गठनसित परामर्श गरेर परिचयपत्रहरूमा अपाङ्गता उल्लेख गर्ने वा नगर्ने भन्ने कुरा निर्धारण गर्ने,
- मतदाता दर्ता प्रक्रियाको निर्माण र कार्यान्वयनको हिस्साका रूपमा अपाङ्गता भएका महिलाले मतदाताका रूपमा नाम दर्ता गर्दा सामना गर्नुपर्ने अवरोधहरूको पहिचान र विश्लेषण गर्नुपर्छ । उदाहरणका लागि, थुप्रै देशमा अपाङ्गता भएका महिलाले नागरिकता र पहिचानसम्बन्धी कागजपत्रहरु बनाउँदा मुस्किलको सामना गर्नुपर्ने हुनसक्छ ।
- मतदान गर्नका लागि आवश्यक परिचयसम्बन्धी कागजपत्रमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने,
- मतदाता दर्ता प्रक्रियामा अपाङ्गता भएका महिलाको सहभागिता सहज हुने किसिमका प्रक्रियाहरूको निर्माण र कार्यान्वयन गर्ने,
- मतदाता दर्ता प्रक्रियाले लैङ्गिकरूपमा विभाजित तथ्याङ्कहरूलाई एकत्रित गर्छ भन्ने कुरा सुनिश्चित गर्ने,

- नाम दर्ता गर्नु किन आवश्यक छ र त्यो कसरी गर्न सकिन्छ भन्ने कुरा अपाङ्गता भएका महिलालाई बुझाउन उपयुक्त विधिहरूको प्रयोग गरेर लक्षित मतदाता शिक्षा अभियानहरूको निर्माण र कार्यान्वयन गर्ने,
- मतदाता दर्तासम्बन्धी प्रचार सामग्रीहरूमा अपाङ्गता भएका महिलाका सकारात्मक र प्रेरक चित्रहरु समावेश गर्ने,
- अपाङ्गता भएका महिलाले मतदाता नाम दर्ता प्रक्रियाका विषयमा उजुरी दर्ता गर्ने आफ्नो अधिकारका बारेमा जानेका छन् र कुनै उजुरी गर्नुपर्ने भएमा उनीहरूलाई आवश्यक सहयोग उपलब्ध हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने,
- अपाङ्गता भएका महिलाका समस्या तथा आवश्यकताप्रति संवेदनशील हुन मतदाता दर्ता टोलीहरूलाई तालिम दिने,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य तथा सुलभ मतदाता दर्ता विधि छनौट गर्ने ।

**५. निर्वाचन प्रचार-प्रसार अभियान**

- बिबाद समाधान संयन्त्रका सम्बन्धमा अपाङ्गता भएका महिलालाई पूर्ण जानकारी रहेको र उनीहरूले त्यसलाई बुझ्नका साथै उनीहरूका लागि सजिलै पहुँचयोग्य छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**६. मतदान प्रक्रिया, मतदानको दिन र नतिजा प्रमाणीकरण**

- मतदान केन्द्रहरु सहजै पुग्न सकिने ठाउँमा रहेका र र्‍याम्प र ह्विलचेयरमैत्री शौचालय आदि जस्ता अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त सुविधायुक्त भएको सुनिश्चित गर्ने,
- मतदान केन्द्रहरूमा अपाङ्गता भएका महिलाका लागि सुहाउँदा कर्मचारी पदहरूको पहिचान गर्ने र सोही अनुरूप नियुक्ति दिने,
- अपाङ्गता भएका महिलाको सुरक्षासम्बन्धी विशेष आवश्यकताका बारेमा सुरक्षा कर्मचारी सचेत छन् भन्ने कुरा सुनिश्चित गर्ने,
- अपाङ्गता भएका महिलाका लागि प्राथमिकतापूर्ण पहुँच सुनिश्चित गर्ने र आवश्यक परेका ठाउँमा सहयोग उपलब्ध गराउने,
- अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी छरिएका मतदाता तथ्याङ्कहरूलाई एकत्रित गर्ने,
- निर्वाचन परिणामहरु सहज र सजिलै बुझिने ढाँचामा प्रकाशन गर्नुपर्छ र अपाङ्गता भएका व्यक्तिले सहजरूपमा हेर्न, देख्न सक्ने किसिमले राख्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि उजुरी र पुनरावेदनको प्रक्रियाको सुगम व्यवस्था गर्ने र उनीहरूले कुनै उजुरी गर्न चाहेका खण्डमा आवश्यक सहयोग उपलब्ध हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### ७. निर्वाचनपछिको अवस्था

- निर्वाचनपछिको पुनरावलोकनको प्रमुख हिस्साको रूपमा पहुँचको सवाललाई समावेश गर्ने,
- निर्वाचनपछिको पुनरावलोकन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूका सङ्गठनलाई अनिवार्यरूपमा सहभागी गराउने,
- भावी निर्वाचनको योजनामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुदृढ गर्ने सुझावहरू र विशेष गरी अपाङ्गता भएका महिलाका आवश्यकताहरूलाई ध्यान दिइएको छ भन्ने कुरा सुनिश्चित गर्ने,
- अपाङ्गता भएका व्यक्तिका सङ्गठनहरूसँग सहकार्यको सम्बन्ध विकास गर्ने ।

**म्यानमार युनियन निर्वाचन आयोग, म्यानमार**
**लैङ्गिक तथा अपाङ्गता समावेशी निर्वाचनका पक्षका काम गर्दै**

पाँच दशकको सैन्य शासनपछि सन् २०१५ को संसदीय निर्वाचनको तयारीका क्रममा म्यानमारले व्यापक लोकतान्त्रिक प्रगति हासिल गरेको छ । तयारीको केन्द्रविन्दुका रूपमा लैङ्गिकता र अपाङ्गता-समावेशी निर्वाचन प्रणाली प्रवर्द्धन गर्ने युनियन निर्वाचन आयोगको प्रयास रहेको छ ।

आफ्नो नयाँ रणनीतिक योजना तर्जुमा गर्दा युनियन निर्वाचन आयोग रणनीतिक योजना समिति र रणनीतिक योजना कार्यसमूहका सदस्य तथा संयुक्त निर्वाचन आयोगका आयुक्तहरूले पहिलो पटक निर्वाचन प्रक्रियाको समावेशितालाई सुदृढ तुल्याउने उपायहरू अवलम्बन गर्न महिला समूहहरू एवं अपाङ्गता भएका व्यक्तिका सङ्गठनहरूका महिला प्रतिनिधिसहित अपाङ्गता भएका व्यक्तिका सङ्गठनहरूसित भेटघाट गरे ।

परामर्शहरूमार्फत विशेष गरी अपाङ्गता भएकासमेत महिलाले मतदाता नामदर्ताको प्राथमिकताका क्षेत्रहरूमा, मतदाता शिक्षामा, निर्वाचनको दिनका कार्यविधिहरूमा र राजनीतिक दलको प्रतिनिधित्वका सन्दर्भमा सामना गर्नुपर्ने अवरोधहरू पहिचान गर्न संयुक्त निर्वाचन आयोग सफल भयो । ती सरोकारवालाहरूसित काम गरेर संयुक्त निर्वाचन आयोगले त्यस्ता चुनौती सामना गर्ने योजना बनायो । निर्वाचन सामग्रीहरूमा पहुँच र लैङ्गिक संवेदनशीलतालाई बढाउन महिलाका समूह र अपाङ्गता भएका व्यक्तिका सङ्गठनहरूसित संयुक्त निर्वाचन आयोगले मासिकरूपमा समन्वय बैठकहरू पनि गरिरहेको छ । संयुक्त निर्वाचन आयोग र नागरिक समाजका सङ्गठनहरूबीच जारी साझेदारीले मानव अधिकार र समावेशीकरणमा निर्वाचनको ध्यान अझ बढी केन्द्रित गरेको छ ।

## लैङ्गिकता र निर्वाचनसम्बन्धी सन्दर्भ–सूची


एसीई (निर्वाचनको र प्रशासन खर्च) परियोजना : निर्वाचनसम्बन्धी ज्ञान सञ्जाल http://www.ace-project.org/.

ब्रिज (लोकतन्त्र, शासन र निर्वाचनमा स्रोतहरूको निर्माण) लैङ्गिकता र निर्वाचन तालिमको खण्ड ।

डीपीकेओ/डीएफएस– द्वन्द्वपछिका निर्वाचन प्रक्रियामा महिलाहरूको भूमिका अभिवृद्धिसम्बन्धी डीपीए संयुक्त मार्गदर्शनहरू, सन् २००७, अक्टोबर । संयुक्त राष्ट्रसङ्घ, शान्तिस्थापना कार्यसम्बन्धी विभाग र राजनीतिक मामिलासम्बन्धी विभाग अन्तर्गतको निर्वाचन सहयोग विभागसँगको सहकार्यमा स्थलगत सहयोग विभाग ।

निर्वाचन व्यवस्थापन ढाँचा, अन्तर्राष्ट्रिय आईडीईए हाते-पुस्तक, सन् २००६ ।

समान पहुँच : निर्वाचन र राजनीतिक प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी समेट्ने, आईएफईएस र एनडीआई, सन् २०१४ ।

अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी तथ्याङ्कपत्र, संयुक्त राष्ट्रसङ्घ, जुलाई २०१४ ।

तथ्याङ्कपत्र : अपाङ्गता भएका महिला र बालिकाहरूमाथि हुने हिंसा, संयुक्त राष्ट्रसङ्घ वुमन, सन् २०१३ ।

राजनीतिक दलको अर्थव्यवस्थामा लैङ्गिक समानता, परिच्छेद ९, जुली ब्यालिङ्गटन । राजनीतिक दलहरू र निर्वाचन प्रचार-प्रसारको अर्थव्यवस्था, अन्तर्राष्ट्रिय आईडीईए, सन् २००३ ।

दक्षिण अफ्रिकामा स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि लैङ्गिक-सूची, सन् २००२ । दक्षिण अफ्रिकी विकास समुदाय (एसएडीसी) र निर्वाचन सहयोग सञ्जाल (ईएसएन)

राजनीतिक दलको अर्थव्यवस्थामा लैङ्गिक समानता, जुली ब्यालिङ्गटन ।

महिलाहरूको कोटासम्बन्धी विश्वव्यापी तथ्याङ्क-भण्डार : http://www.quotaproject.org/.

निर्वाचनसम्बन्धी बिबादहरूका सम्बन्धमा बुझ्ने, निर्णय गर्ने र समाधान गर्ने मार्गदर्शनहरू, शिक्षा । चाड भिकेरी, सन् २०११ ।

'द जेन्डर डिभिडेन्ड : अ बिजनेस केस फर जेन्डर इक्वालिटी,' संरास वुमन, सन् २०११ ।

निर्वाचनमा महिला सहभागिता अनुगमनसम्बन्धी हाते-पुस्तक, ओएससीई/ओडीएचआईआर, सन् २००४ ।

एचआईभी र अपाङ्गता : लुकेका स्वरहरूलाई समेट्दै, विश्व बैङ्क र येल विश्वविद्यालय, सन् २००४ ।

निर्वाचनका अन्तर्राष्ट्रिय मापदण्ड : निर्वाचनका कानूनी रूपरेखा निरीक्षणसम्बन्धी मार्गदर्शनहरू, आईडीईए, सन् २००२ । http://www.idea.int/publications/ies/upload/electoral_guidelines.pdf.

निर्वाचन सहयोगसम्बन्धी विधिगत मार्गदर्शन, युरोपेली आयोग, सन् २००६ ।

अफगानिस्तानको स्वतन्त्र निर्वाचन आयोग, वेबसाइट : http://www.iec.org.af/2012-05-29-07-06-38/gender-mainstreaming.

नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण, सन् २०११ : http://dhsprogram.com/pubs/pdf/FR257/FR257%5B13April2012%5D.pdf.

अनलाइन निर्वाचन चक्र, अन्तर्राष्ट्रिय आईडीईए : http://ecycle.idea.int/.

पाकिस्तान : अन्तिम प्रतिवेदन, युरोपेली सङ्घ निर्वाचन पर्यवेक्षण मिसन (सन् २०१३) http://www.eueom.eu/files/pressreleases/english/eu-eom-pakistan-2013-final-report_en.pdf.

राजनीतिक वित्त र लैङ्गिक समानता : आईएफईएस (IFES) को श्वेतपत्र, लोलिटा सिगाने र म्याग्नस ओह्मन, प्रकाशोन्मुख ।

अपाङ्गता भएका महिला र बालिकाका अधिकारहरूको पहिचान, लियोनार्ड चेसायर, सन् २०१४, मार्च ।

निर्वाचनको क्षेत्रमा लैङ्गिक नक्साङ्कनसम्बन्धी प्रतिवेदन, यूएनडीपी निर्वाचन सहयोग परियोजना (ईएसपी), सन् २०१०, जुन ।

रूवान्डा : संसद्मा महिलाहरूले आधा हिस्सा ओगट्छन्, मामिला अध्ययन, एलिजावेथ पावले, संसद्मा महिला : सङ्ख्याभन्दा पर, संशोधित संस्करण, अन्तर्राष्ट्रिय आईडीईए, सन् २००५ ।

प्रभावकारी निर्वाचन व्यवस्थापनका लागि रणनीतिक योजना, आईएफईएस, सन् २०११, अक्टोबर ।

महिला र पुरूषका लागि छुट्टाछुट्टै निर्वाचन केन्द्रसम्बन्धी व्यवस्थाहरू, एसीई– द इलोक्टोरल नलेज नेटवर्क, सन् २०१३ ।

ट्रेनिङ इन डिटेक्सन एन्ड इन्फोर्समेन्ट (टीआईडीई), राजनीतिक वित्त कानून लागु गर्ने तालिमसम्बन्धी हाते-पुस्तक, आईएफईएस, सन् २००५, जुन ।

संरास वुमन र निर्वाचन : निर्वाचनमा महिला सहभागिता प्रवर्द्धनसम्बन्धी मार्गदर्शन, सन् २००५, मार्च । ओएसएजीआई र द इलोक्टोरल एसिस्टेन्स डिभिजन अफ द डिपार्टमेन्ट अफ पोलिटिकल अफेयर्स (ईएडी)

स्वरहरू : निर्वाचन सहयोगका लागि विश्वव्यापी कार्यक्रम, यूएनडीपी, सन् २०११. http://www.undp.org/content/dam/undp/img/democraticgovernance/global_programme/Newsletter/VOICES2%20sept%202011.pdf.

निर्वाचन प्रशासनमा महिला : मध्य-पूर्वी युरोप, बाल्कन क्षेत्र, रूस र पूर्वी साझेदार मुलुकहरूका निर्वाचन व्यवस्थापन निकायहरूमा महिलाको सदस्यता र पदको विश्लेषण ।

राष्ट्रिय संसद्मा महिला, अन्तरसंसदीय युनियन, सन् २०१४ http://www.ipu.org/wmn-e/world.htm.

अपाङ्गता भएका महिला, अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआईडी), सन् २०१२ http://www.usaid.gov/what-we-do/gender-equality-and-womens-empowerment/women-disabilities.

Global Expertise. Local Solutions.
Sustainable Democracy.

IFES | 1850 K Street, NW | Fifth Floor | Washington, D.C. 20006 | www.IFES.org